# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक रामप्रकाश समथिङका सौतेनी आमा, धनबहादुर सर, महलदेखि सडकसम्म उपन्यासको कृतिपरक अध्ययन रहेको छ ।

## १.२~~३.~~ शोधप्रयोजन

प्रस्तावित शोधप्रस्ताव त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभागको स्नातकोत्तर तहको दोश्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.~~४.~~ ३ विषयपरिचय

नेपालको मेची अञ्चल अन्तर्गत पाँचथर जिल्लाको नाङ्गिन गा.वि.स. मा जन्मेका समथिङले कर्मथलो पाँचथरको फिदिम बनाएका छन् । नेपाली साहित्यमा उपन्यासकार, मुक्तक, संस्मरण, कवि र पत्रकार, खोज अनुसन्धानकर्ता हुनुका साथै बहुमुखी प्रतिभा मानिन्छन् । समथिङले २०७४ सालमा आफ्नो जन्म दिन पारेर २२ वटा उपन्यासहरू प्रकाशित गरी जम्मा ४८ कृति प्रकाशित गरेका छन् । साहित्य विधा अन्तर्गत उपन्यास विधामा रहेर सौतेनी आमा, धनबहादुर सर, महलदेखि सडकसम्म उपन्यासको कृतिपरक अध्ययन यसमा गरिएको छ । यस उपन्यासमा समाजका विभिन्न घटना उठान गरिएको छ । यिनै कुराको शोधकार्य यहाँ गरिएको छ ।

## १.~~५.~~ ४ समस्याकथन

नेपालको मेची अञ्चल पाँचथर जिल्ला नाङ्गिन गा.वि.स. वडा नं. २ अथवा हाल फिदिम न.पा. १२ मा जन्मेका गुरुङ रामप्रकाश समथिङ नेपाली साहित्यको, कथा, कविता, उपन्यास संस्मरण निबन्ध खोज अनुसन्धानमूलक कृतिहरू लेखी प्रकाशित गर्ने बहुमुखी प्रतिभा हुन् । मोफसलमा रहेर आफूलाई साहित्यकार एवम् खोज अनुसन्धानकर्ता र सामाजिक अभियन्ताको रूपमा स्थापित गरी सकेका समथिङले २०७४ वैशाखमा आफनो जन्मदिन पारेर २२ ओटा उपन्यासहरू प्रकाशित गरी जम्मा ४६ कृति प्रकाशित गरी सकेका छन् । नेपाली उपन्यासलाई विश्व साहित्यको सामु खडा गर्न खोज्ने एउटा जुझारु प्रतिभाको



Formatted: Font: 20 pt

Formatted: Font: 24 pt

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

रूपमा रहेका छन् । समथिङको कथाको कृतिपरक अध्ययन तथा जीवनी व्यक्तित्व र कृतित्वको समेत अध्ययन गरी शोधकार्य भई सके तापनि उनका केही उपन्यासहरूमा अध्ययन भएको पाइयो तर माथि उल्लिखित उपन्यासमा नभएकाले उनका २२ उपन्यास मध्ये ३ प्रतिनिधि उपन्यासहरू सौतेनी आमा, धनबहादुर सर, महलदेखि सडकसम्मको संरचनात्मक पक्षको अध्ययन विश्लेषण गर्नु यस शोधकार्यको समस्या हो । प्रस्तुत शोधकार्य निम्न लिखित समस्याहरूसँग सम्बद्ध छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ ।

(क) रामप्रकाश समथिङको रचनाधर्मिताको पचिय के कस्तो छ ?

(ख) संरचनात्मक आधारमा उनका तीन उपन्यासहरू के-कस्ता छन् ?

(ग) प्रवृत्ति तथा विषयवस्तुका आधारमा रामप्रकाश समथिङका उल्लिखित ३ उपन्यास के-कस्ता रहेका छन् ?

Formatted: Indent: Left: 0", Hanging: 0.38", Tab stops: 0.06", Left + 0.38", Left

## १.~~६.~~५ शोधको उद्देश्य

मुख्यत : शोधकार्यको क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहेकाले प्रस्तुत शोधकार्यको समस्याको व्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या विश्लेषण र समाधान के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न ~~के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न~~ निम्नलिखित उद्देश्यहरू राखिएका छन् ।

(क) गुरुङ रामप्रकाश समथिङको रचना धर्मिताको अध्ययन गर्नु ।

(ख) संरचनागत आधारमा रामप्रकाश समथिङका तीन उपन्यासको विश्लेषण गर्नु ।

(ग) प्रवृत्तिका तथा विषयवस्तुका आधारमा रामप्रकाश समथिङलाई मूल्याङ्कन गर्नु ।

## १.~~७~~६ पूर्वकार्यको समीक्षा

१० वर्षदेखि मात्र आफ्नो औपचारिक शिक्षा प्रारम्भ गरी स्नातक तहसम्मको अध्ययन गरेका समथिङले नेपाली साहित्यमा उच्च -स्तरका साहित्यिक कृतिहरू प्रकाशित गरेका छन् । उनका उपन्यासका बारेमा केही उपन्यासको अध्ययन भए तापनि माथि

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

उल्लिखित उपन्यासको विस्तृत र व्यवस्थित अनुसन्धान भने भएको पाइँदैन । यसै क्रममा समथिङका कृतिका बारेमा भएका चिनारी, भूमिका र कृति विश्लेषणका केही पूर्वकार्यहरूको चर्चा यहाँ गरिएको छ ।

१. रेणुकृष्ण अधिकारीले गुरुङ रामप्रकाश समथिङको जीवनी व्यक्तित्वको नेपाली विभाग धरानको अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६८)मा समथिङ नेपाली विषयका साहित्यिक र खोज अनुसन्धानमूलक कृतिहरूको संक्षिप्त परिचय दिइएका छन् । तर उनले उपन्यासकारको र तत्त्वको बारेमा केही भनेका छैनन् ।

२. पूर्वेली भण्डारी एकराज विस्पोटन चौमासिक साहित्यिक पत्रिका (१ वर्ष ०३ अङ्क ०६ २०६६/२०६७)मा समथिङको मेरो मात्रै भनेको त... उनको पनि बुढी त उस्तै पो रहिछे भन्ने कविताको विश्लेषण गरेका छन् । यसमा उनको समथिङ सामाजिक विषयवस्तुलाई लिएर कथा लेख्ने कार्य अगाडि बढाइ रहेका छन् भनिएको छ । उपन्यासको बारेमा केही बोलिएको छैन ।

३. भवानी तावा विष्पोटन चौमासिक साहित्यिक पत्रिका (वर्ष ३ अङ्क ०६, २०६६/२०६७)मा साहित्यको जड्या लाग्ने र दिनचर्यामा उनी एक कुशल साहित्यकार हुन् र कथा लेखनमा समेत सक्रिय रहेका छन् भनिएको छ । उपन्यासको बारेमा कुनै चर्चा गरिएको छैन ।

४. डुल्लुराम बस्नेत पाँचथर शिक्षा दर्पण (२०६६)मा पाँचथर जिल्लामा रहेको आफ्नो सामु विभिन्न साहित्यिक लेख रचना मार्फत चिनाउन सफल रहेका छन् । उनका कथा कविता खोजमूलक कृतिहरूले समाजलाई सभ्य सचेत बनाउन प्रयासरत रहेका छन् । अन्य कुराको बारेमा बोलेका छैनन् ।

Formatted: Indent: Left: 0", Hanging: 0.25"

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

५. गौरी तमु तमु संसार त्रैमासिक पत्रिका (वर्ष १६ अङ्क ६१, २०७३/०७४)मा मोफसलमा चम्किरहेका गुरुङ रामप्रकाश समथिङ एकै पटक २२ उपन्यास विमोचन गराई गिनिजबुकमा रेकर्ड राख्न प्रयासरत रहेका छन् भनिएको छ । तर उपन्यासको विषयवस्तुको बारेमा उल्लेख गरिएको छैन ।

६. गौरी तमु (पोखरा)ले वर्ष ०९ अङ्क २१ मङ्गलबार १८ माघ २०७३० यु.के.बाट प्रकाशित एभरेष्ट टाइम्समा कृति लेखेर विश्व कृर्तिमान राख्ने अभियानमा समथिङ भनिएतापनि उनले कस्ता खाले कुन क्षेत्रमा रहेर उपन्यास लेखे त भन्ने कुरा उल्लेख भएको छैन ।

७. जङ्ग तामाङले सोमबार ०९ गते फाल्गुन २०७३ थाहा खवर पत्रिकामा ४६ वर्षमा ४६ किताब प्रकाशन गिनिजबुकमा नाम लेखाउने लक्ष्य भनेका छन् । कस्ता कृति भनेर उल्लेख गरिएको छैन ।

यसरी विभिन्न विद्वान् तथा पत्रपत्रिकामा उनका समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि उनका यी उपन्यासहरूको संरचनागत पक्षको विस्तृत विश्लेषण मूल्याङ्कन नभएको र समान्य विषय उठान गरे तापनि यी उपन्यासको बारेमा उल्लेख गरेको देखिदैन । त्यसैले यस शोधकार्यमा समथिङका समग्र २२ उपन्यास मध्ये तीन उपन्यासहरू सौतेनी आमा, धनबहादुर सर, महलदेखि सडकसम्मको संरचनागत पक्षको अध्ययन मूल्याङ्कन गरिएको छ ।

### १.~~८.~~७ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता

समथिङका औपन्यासिक कृतिहरूका विषयमा सामान्य जानकारी गराए तापनि सबै उपन्यास के-कस्ता उपन्यास रहेका छन् यिनीहरूले कस्तो विषयवस्तु बोकेको छ र के सन्दर्भ दिन खोजेको छ समाजको कस्तो चित्रण छ भन्ने विषयमा कसैले पनि अध्ययन नगरेकाले यसको शोधकार्य गर्नु औचित्यपूर्ण छ । यी उपन्यासमा अध्ययन विश्लेषण गरिसकेपछि आउने पिढीलाई उनको र उपन्यासको बारेमा वस्तुगत एवम् प्रामाणिक

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका प्रतिनिधि उपन्यासको औपन्यासिक कृतिका बारेमा जान्न इच्छुक व्यक्ति संघसंस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिने भएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहने छ । उनका उपन्यासमा कस्तो विषयवस्तु प्रस्तुत भएको छ, उनी कस्ता उपन्यासकार हुन् साथै सामाजिक पक्षको चित्रण कुन रूपमा प्रस्तुत भएको छ भन्ने कुरा समेत जानकारी हुने छ । उनका उपन्यास संरचनागत आधारमा के कस्ता छन् भन्ने कुरा पनि प्रष्ट हुनेछ । यसरी नै नेपाली साहित्यको उपन्यास लेखनको इतिहास मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले समथिङलाई उपन्यासकारका रूपमा स्थापित गर्न सहयोग पुऱ्याउने छ । साथै भावी दिनमा यस शोधपत्रले प्रतिनिधि उपन्यासको चिनारी गराउन पनि सहयोग पुऱ्याउने छ । उपयुक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण महत्त्वपूर्ण र उपयोगी हुनेछ ।

**१.८~~९. प्राक्कल्पना~~**

~~नेपाली साहित्यको उपन्यास विधालाई एकै पटक २२ उपन्यास बराबरी पृष्ठमा साथै एकै दिन विमोचन गराउन सफल र विश्व रेकर्ड कायम गर्न गिनिज बुकमा नाम रेकर्ड गराउन प्रयासरत रहेका समथिङ उपन्यास विधामा नयाँ बिरुवाको बिजारोपण गरी साहित्यलाई हराभरा बनाउने समथिङका रचना सार्थक सफल र प्रभावकारी देखिन्छन् । उनका उपन्यासले नेपाली समाजमा घटेका घटना, सामाजिक, राजनैतिक, शैक्षिक, साहित्यिक प्रशासनिक क्षेत्रमा देखिएका विसङ्गति, थिचोमिचोलाई जस्ताको तस्तै प्रस्तुत गरेको पाइन्छ । सामाजिक यथार्थवाद, नारीवाद, मानवतावाद, विसङ्गतिवाद जस्ता औपन्यासिक विशेषतालाई आत्मसात गरी उपन्यास लेख्ने उपन्यासकारका रूपमा रहेका छन् ।~~

~~गुरुङ रामप्रकाश समथिङका २२ उपन्यास मध्ये तीन उपन्यास सौतेनी आमा, धनबहादुर सर, सडकदेखि महलसम्म उपन्यासमा सामाजिक, राजनैतिक विषयवस्तु पाइन्छ । यस आधारमा समथिङ सामाजिक उपन्यासकारका रूपमा चिनाइएको छ ।~~

**~~१०.~~ अध्ययनको सीमाङ्कन**

रामप्रकाश समथिङको तीन उपन्यासहरू सौतेनी आमा २०७४, धनबहादुर सर २०७४, महलदेखि सडकसम्म ~~सडकदेखि महलसम्म~~ २०७४ मा प्रकाशित –उपन्यासहरूको कृतिपरक अध्ययनमा केन्द्रित रहेको छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

## १.~~११~~९.- सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सामग्री सङ्कलनका लागि आवश्यकता अनुसार प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । ती निम्न छन् :

- लेखकसँग अर्न्तवार्ता समकालिन साथीसँग छलफल
- पुस्तकालय विधि
- सम्बन्धित विज्ञसँग छलफल परामर्श
- परिचयात्मक, वर्णनात्मक पद्धति
- सर्जकका आफन्त प्राध्यापकसँग छलफल
- प्रकाशित अप्रकाशित शोधग्रन्थ, पत्रपत्रिका

## १.१~~२~~०.- शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्न सामग्री सङ्कलनका लागि मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको ~~–~~छ । यसका साथै शोधनायक, शोधनिर्देशक, पाठ्यपुस्तक, पत्रपत्रिका र विभिन्न लेखकहरूलाई पनि शोध अध्ययनका क्रममा समेटिएको छ । शोध विधिका रूपमा वर्णनात्मक र विश्लेषणात्मक विधिलाई अपनाइएको छ ।

Formatted: Indent: First line: 0.5"

## १.~~१३.~~ ११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सु-गठित र व्यवस्थित रूपमा तयार पार्न निम्न लिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ । साथै पत्रको अन्तिम संरचना पनि निम्न लिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोश्रो परिच्छेद :समथिङको साहित्यिक यात्रा तथा चरणगत प्रवृति

तेस्रो परिच्छेद : उपन्यासका सैद्धान्तिक पक्षको अध्ययन

चौथो परिच्छेद : संरचनागत आधारमा रामप्रकाश समथिङका तीन उपन्यासहरूको अध्ययन

पाँचौ परिच्छेद : उपसंहार एवम् निष्कर्ष

परिशिष्ट : क, ख, ग

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

# ~~१४. शोध समयावधि~~

~~(क) सामग्री सङ्कलन : २ महिना~~

~~(ख) सङ्कलित सामग्रीलाई सिलसिलेबार लेखन : २ महिना~~

~~(ग) साफी गर्ने : १५ दिन~~

~~(घ) टङ्कन र सुद्धिकरण गर्ने : १ महिना~~

~~(ङ) सुद्धासुद्धी गरी अन्तिम रूप दिने : १५ दिन~~

~~*यसरी शोधकार्य सम्पन्न गर्नका लागि ६ महिना समय लाग्न सक्ने अनुमान गरिएको छ।~~

Formatted: Centered

Formatted: Font: 35 pt

Formatted: Indent: First line: 0.5", Line spacing: 1.5 lines

Formatted: Centered

Formatted: Font: 20 pt, Complex Script Font: 20 pt

Formatted: Centered, Indent: First line: 0"

Formatted: Centered

Formatted: Font: (Default) Times New Roman, 20 pt, Complex Script Font: 20 pt

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

# दोस्रो परिच्छेद

# साहित्यकार समथिङ्को साहित्यिक यात्रा तथा चरणगत प्रवृत्ति

## २.१ साहित्यकार रामप्रकाश समथिङको परिचय

साहित्यकार रामप्रकाश समथिङको न्वारनमा पुरोहितले जुराई दिएको चेतनप्रसाद पछाडि आमा बावुले राखी दिएको नाम रामबहादुर रलेखनमा लागेपछिको नाम गुरुङ रामप्रकाश समथिङ हो । उनको जन्म वि.सं.२०२६ साल माघ २९ गते बुधबारको दिन आमा स्व. जसमाया गुरुङ र बावु असलबहादुर गुरुङको तेस्रोसन्तानको रुपमा पाँचथर जिल्लाको नाङ्गिन गा.वि.सं. वार्ड नं २ (हाल ०८) जरिङ्गे फूलबारी भन्ने गाउँमा भएको हो । अत्यन्तै गरीब परिवारमा जन्म लिएका समथिङले आफ्नो जीवनको बाल्य अवस्थामा अत्यन्तै दुःख र कष्ट व्यहोर्नु परेका कुरा उनका प्रकाशित कृति समथिङका -बितेका क्षणहरू (संस्मरण) बाट स्पष्ट थाहा पाउन सकिन्छ । समथिङको बाल्य अवस्थामा ठुलो हुँदासम्म पनि बोली नआएको कुरा थाहा हुन आउँछ । उनको ०८ वर्षको उमेरमा मात्र बोली फुटेको थियो ।

समथिङ लगभग १० वर्षको उमेरदेखिमात्र घर नजिकैको पुलभञ्ज्याङ प्राथमिक विद्यालयमा कक्षा ०१ मा अध्ययन गर्न शुरु गरेको कुरा समथिङको वितेका क्षणहरू (संस्मरण) कृति मार्फत् थाहा हुन्छ ।उनले त्यस विद्यालयमातीन कक्षासम्म अध्ययन गरेका थिए । त्यसपछि उनी कक्षा ४ मा पढ्नको लागि श्री सिद्वदेवी माध्यमिक विद्यालय नाङ्गिन पिपलबोटेमा नाम लेखाइ पढाइलाई अगाडि बढाउन लागेका थिए । (त्यति बेला सानै कक्षादेखि थोरै भएपनि मासिक शुल्क तिर्नु पर्दथ्यो) तर दुर्भाग्यवसविचरा समथिङलेआफ्ना आमा बावुको आर्थिक कमजोरीका कारण कक्षा ४ को मासिक शुल्क र परीक्षा शुल्क बुझाउन नसकेर अर्धवार्षिक परीक्षा दिन नपाई विद्यालयबाट रुदै–रुदै किताब कापी बोकेर घर फिर्नु परेको थियो । त्यस पश्चात् उनी केही वर्ष घरमानैबसेर घरमा पालिएका गाई,भैसी र भेडाबाखाहरू चराउने र खेतीको काममा आमा र बावुलाई सघाउँदै आफ्नो दिनचर्याहरू बिताउन थाले । तर उनलाई यति हुँदा पनि पढ्न रहर भने आफ्नो मनबाट हटेको थिएन । त्यसैले केही वर्ष पश्चात् उनले फेरि आफ्नो घरमा आमा बावुलाई केवल विद्यालय जाने समय मात्र मागेर विद्यालयमा लाग्ने मासिक शुल्क, किताब, कापी, कलम र



Formatted: Font: 20 pt
Formatted: Font: 24 pt
Formatted: Font: 24 pt
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

पोशाक सबै आफै व्यवस्था गर्ने गरी समय मागे । उनका आमा बाबुले पनि ठिकै छ आफै व्यवस्था गरेर पढ्छ भनेर समय मिलाई दिए । त्यस पश्चात् उनले एक चोटी चारबाट कक्षा सातमा नाम लेखाई पढन शुरु गरे । त्यो विद्यालयमा पढाइमा लाग्ने खर्चको लागिउनले विद्यालय विदाको दिनमा गाउँमा खेतला गएर कुखुराको चल्लाकिन्दै र बेच्दै गर्दा त पछि–पछि उनी यति प्रख्यात भए कि नाङ्गिन गा.वि.सं.मात्र होईन छिमेकी गा.वि.सं. सिदिनको तालखर्कका मानिसहरूले पनि कुखुरे साइला भनेर चिन्न थाले । यसरी उनको आफ्नो विद्यार्थी जीवनमा धेरै ठुलो सङ्घर्ष गरेर आफ्नो पढाईलाई विद्यालय स्तरमा अगाडि बढाउने काम गरेका थिए ।

साहित्यकार रामप्रकाश समथिङ विभिन्न सामाजिक क्षेत्रमा समेत उत्तिकै संलग्न भएका छन् । वि.सं. २०५२ साल भदौदेखि मानव अधिकार चेतना र विकास केन्द्र (हुकोडेक) नेपाल पाँचथरको कार्यालय सहायक, कार्यक्रम संयोजक, लेखा संयोजक, वरिष्ठ सामाजिक परिचालक, फिल्ड संयोजक, सचिव, कोषाध्यक्ष हालसम्म, द रेयुकाई नेपाल फिदिम उप शाखाको सह सचिव २०५३, द रेयुकाई नेपाल शान्ति त्रैमासिक पत्रिका काठमाडौँका संमवाददाता -—२०५४, नारी विकास संघ पाँचथरका लेखा संयोजक २०५५ —२०५७, -२०५७, नेपाल रेडक्रस सोसाइटी पाँचथरको आजीवन सदस्य —२०५५ -२०५५ देखि हालसम्म, मानव अधिकार संयुक्त युक्त संरक्षण मञ्च पाँचथर संस्थापक सचिव २०५५–२०६५, २०५५-२०६५, सागर साहित्यिक त्रैमासिक वीरगंजका आजीवन सदस्य २०५६ देखि हालसम्म नेपाल पत्रकार महासंघ पाँचथर शाखाका सदस्य कोषाध्यक्ष र दुई पटक केन्दीय सदस्य २०५६–२०६७ २०५६-२०६७ बायोनिक इनर्जी प्रा.लि. पाँचथर शाखाका जिल्ला संयोजक २०५८, नेपाल वातावरण पत्रकार समूह पाँचथर शाखाका संस्थापक सचिव २०५८, मानव अधिकार तथा शान्ति समाज पाँचथर शाखाका संस्थापक सचिव/सल्लाहकार —२०५८–२०६१,२०५८-२०६१, क्षितिज नाट्य समूह केन्द्रीय समिति पाँचथरका महासचिव २०५८–२०६०, २०५८-२०६०, नेपाल भारत मैत्री संघ पाँचथर शाखाका संस्थापक सचिव २०६४, पाँचथर सामाजिक सेवा केन्द्र (पासोसेक) नेपाल पाँचथरका अध्यक्ष २०६४, कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. फिदिम पाँचथरका सचिव २०६४ देखि हालसम्म र पाँचथर सामुदायिक पुस्तकालय फिदिम, पाँचथरका संरक्षक सदस्य २०६६ देखि हालसम्म, नौली साहित्यिक विहान प्रतिष्ठानको

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

आजीवन सदस्य, २०६८ र सामुदायिक सेवा केन्द्र पाँचथरको आजीवन सदस्य २०६९ दर्जनौ संघ संस्थामा रही थुप्रै कार्य तथा अनुभवहरू साहित्यकारले बटुलेका छन् ।

### २.१.१ जन्म, जन्मस्थान र बाल्यकाल

साहित्यकार एवम् खोज अनुसन्धानकर्ता गुरुङ रामप्रकाश समथिङको न्वारनमा पुरोहितले जुराइ दिएको चेतनप्रसाद पछाडि आमा बावुले राखि दिएको नाम रामबहादुर र लेखनमा लागेपछिको नाम गुरुङ रामप्रकाश समथिङ हो । उनको जन्म २०२६ साल माघ २९ गते बुधवार भए तापनि नागरिकताको अभिलेख अनुसार २०२८ साल बैशाख २९ गते आइतवार रहेको छ । आमा स्व.–जसमाया गुरुङ र बाबु स्व.असलबहादुर गुरुङको तेस्रो सन्तानको रुपमा पाँचथर जिल्लाको नांगिन गाविस वार्ड नं. २ हाल ८ जरिङ्गे फूलबारी भन्ने गाँउमा भएको हो । गरीब परिवारमा जन्म भएका समथिङले आफ्नो जीवनको बाल्य अवस्थामा अत्यन्तै दुःख र कष्ट व्यहोर्नु परेका कुरा उनका प्रकाशित कृति समथिङका बितेका क्षणहरू संस्मरणबाट स्पष्ट हुन्छ । समथिङको ८ वर्षको उमेरमा मात्र बोलीफुटेको कुरा उनको प्रकाशित कृतिबाट थाहा पाइन्छ ।

समथिङ साह्रै रुन्थेरे । उनको बाबुले आठ वर्षको हुँदासम्म छोराको बोली नआउँदा ‘यो सोकोटालाई सिंदुर दलेर तल दोबाटोमा लगेर मन्साइदे’ भन्दाखेर उक्त कुरा उनको आमाले समथिङको बोली आएपछि तेरो बाबुले तलाई यसो भन्थे भनेर भनेको कुरा उनी सम्झन्छन् ।

### २.१.२ शिक्षादीक्षा

समथिङ लगभग १० वर्षको उमेरदेखि मात्र घर नजिकैको पुलभञ्ज्याङ प्राथमिक विद्यालयमा (हाल नाङ्गिन माध्यमिक विद्यालय) कक्षा १ मा अध्ययन गर्न शुरू गरेको कुरा उनका समथिङका वितेका क्षणहरू संस्मरण कृति मार्फत थाहा हुन्छ ।

उनको त्यस विद्यालयमा ३ कक्षासम्म अध्ययन गरेका थिए । त्यसपछि उनी कक्षा ४ मा पढ्नको लागि श्री सिद्धदेवी माध्यमिक विद्यालय नाङ्गिन पिपलबोटे (हाल सिद्धदेवी उच्च माध्यमिक विद्यालय नाङ्गिन पिपलबोट) मा नाम लेखाइ पढाइलाई अगाडि बढाउन लागेका थिए । त्यति बेला सानै कक्षादेखि थोरै भएपनि मासिक शुल्क तिर्नु पर्दथ्यो तर दुर्भाग्य बस

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

समथिङले आफ्ना आमा बाबुको आर्थिक स्थिति कमजोरीका कारण कक्षा ४ को मासिक शुल्क र परीक्षा शुल्क बुझाउन नसकेर अर्धबार्षिक परीक्षा दिन नपाई स्कुलबाट रुदै–रुदै घर फिर्नु परेको थियो । त्यस पश्चात् उनी केही वर्ष घरमा नै बसेर घरमा पालिएका गाई, गोरु, भैसी र भेडाबाखाहरू चराउने र खेतीको काम सघाउँदै आफ्नो दिनहरू बिताउन थाले ।

समथिङको यस्तो आर्थिक अभाव थियो की उनको आङमाए कसरो लुगासम्म राम्रो हुँदैनथ्यो । भएको पुरानो लुगा पनि सात ठाउँ टालेर लाउनु पर्ने समथिङको जिन्दगीको बाध्यता थियो । इजारवाला कट्टुमा यति जुम्रा पर्थ्यो की त्यो जुम्रा २ वटा हातको २ वटा बुढी औंलाको नङले मारेको समथिङ कहिल्यै भुल्दैनन् । हरेक सङ्घर्षमा जीवन चलाइ रहेको भए तापनि समथिङलाई पढ्ने रहर भने आफ्नो मनबाट हराएको थिएन । त्यसैले केही वर्ष पश्चात् उनले फेरि आफ्नो घरमा आमा बावुलाई केबल विद्यालय जाने र विद्यालयमा लाग्ने मासिक शुल्क, किताब, कापी, कलम र पोशाक सबै आफै व्यवस्था गर्ने गरी समय मागे । उनका आमा बाबुले पनि ठिकै छ आफै व्यवस्था गरेर पढ्छस भने हुन्छ भने । यस पछि उनले एकै चोटि कक्षा चारबाट कक्षा सातमा नाम लेखाएर पढ्न थाले । विद्यालयमा पढ्दा लाग्ने खर्चको लागि उनले विद्यालय विदाको दिनमा गाउँमा खेतला गएर कुखुराको चल्ला मागी त्यसैलाई ठूलो बनाएर बेच्ने र आफ्नो खर्च चलाउने काम गर्न थाले । यसरी कुखुराको चल्ला किन्दै बेच्दै गर्दा पछि पछि उनी यति प्रख्यात भए की नांगिन गा.वि.सं.–मा मात्रै होइन छिमेकी गाउँका मानिसहरू माझ कुखुरे साइला भनेर चिनिन थाले । यसरी उनले आफ्नो विद्यार्थी जीवनमा धेरै ठूलो संघर्ष गरेर आफ्नो पढाइलाई विद्यालयस्तरमा अगाडि बढाउने काम गरेका थिए । उनी सम्झन्छन् कक्षा ९ को किताब र कापी किन्नको लागि फिदिम बजारको चौतारे डाँडामा लागेको युवा मेलामा उनकी कान्छी सानीमाले होटल गरेकी थिइन् । उनलाई कक्षा ९ को किताब र कापी किनिदिने भनी मेला भरि एक हप्ता सम्म होटलमा पानी बोक्ने र भाडा माझ्ने सर्तमा उनले काम गर्न सघाए । फिदिमको चौतारे डाँडामा लागेको मेलामा पुसको जाडोमा चप्पल लाएर उनले गैरीधाराबाट उकालो पानी बोकेअनि विहान, दिउँसो र राती नभनी अरुले खाएको थाल, भाडा र ग्लासहरू माझे । अनि मेला उठेपछि किताब र कापी किन्ने पैसा बोकेर उनी घर फर्के । पढनको लागि यतिसम्म गरे समथिङले घरमा फालेको डल्ले खोर्सानी चोरेर लगेर घर नजिकै रहेको खनाल बाजेसँग नासपाती साटेर त्यो नासपातीले साथीहरूसँग एक दानाको एक पेज (दुइ

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

पन्ना) कापीको पन्ना साट्थे । त्यो साटेको कापीको पन्नाहरूलाई भेला गरेर सियो धागोले सिलाएर ठूलो कापी बनाएर लेख्ने गर्थे ।

उनले २०४६ सालमा सेन्ट–अप पास गरी फिदिम आएर दशरथ कडेलको घरमा डेरा गरी एस्.एल्.सी. दिए ।डेरा बसेको भाडा तिर्न नसकेर उनले परीक्षा सकेपछि एक हप्ता गहुँ छर्नको लागि खेतमा गोरु जोतेर भाडा तिरेर गएका थिए । उनको एस्.एल्.सी को परीक्षा सफल भएन । अंग्रेजी र गणितमा अनुतीर्ण भए । पुनः त्यही कडेलको घरमा बसेर पुरक परीक्षा दिए २०४७ सालमा नतिजा आउँदा दुवै विषय पास गरेकोले बल्ल उनले एस्.एल्.सी. पास गरेको सिद्धदेवी माध्यमिक विद्यालय नाङ्गिन पिपलबोटेबाट प्रमाण पत्र पाए । पहिलो पटक एस्.एल्.सी. दिएपछि २०४६ सालको जनआन्दोलन सँगसँगै उनले नाङ्गिनको बाबुको घर छाडे । फिदिमआएर सानीमाको घरमा बसेर फिदिमबजारको रुद्र नेम्बाङ, माथिल्लो गाउँको ओनाहाङ नेम्बाङको खेत अधिया र ठेक्कामा कमाउन थाले । एस्.एल्.सी. पास त गरे पनि उनीसँग क्याम्पस पढ्ने पैसा थिएन ।त्यसैले उनले हिवाखोलामा फलामे पुल बनाउने काममा सहभागीभए । राँकेदेखि रवीसम्मको बाटोको नाली खन्ने काम गरे । फिदिम बजारको टारबारीहरू जोते । यसरी नै क्याम्पस पढ्न थाले । थोरै मात्र क्याम्पस जानेर धेरै जसो काम गर्न जानु पर्ने उनको बाध्यता थियो ।

क्याम्पस पढने भए तापनि उनले कमाएको साहुँको खेतमा फलेको धान बोकेर साहुँको ढिकुटीमा लगेर लाईदिनु उनको बाध्यता थियो । विहानै साबराङदेखि फिदिम माथिल्लो गाउँको उकालोमा खाली पेट एक मुरी धान बोकेर लगेर साहुँको ढिकुटीमा लाइदिनु रहर भन्दा पनि बाध्यता थियो । त्यति गर्दा पनि राम्रो बचनले खासै बोलाउँदैन थिए । कहिले काँही मौसम बिग्रिएर ठेक्का गरेको धान नपुग्दायो वर्ष तोकिएको ठेक्का पुगेन है ! साहुँ जी भन्यो भने लुकायौ होला अनि पुग्दैन भन्दा हुन्छ? भनेर नमिठो बचन लगाएको उनी बिर्सन सक्दैनन् ।उनले पढ्ने क्याम्पसमा उनले कमाउने खेतको साहुँको छोरी, भतिजी र गाउँकाहरू पढ्थे । उनलाई उनीहरू नोकरको नजरले हेर्ने र व्यवहार गरेको उनको जीवनमा तितो अनुभव ठान्छन उनी । उनले फिदिम बजारका बारीहरू जोतिरहँदा क्याम्पस पढ्ने साथीहरू उनलाई जिस्क्याउँथे । हैन लाज लाग्दैन ? उनको उत्तर हुने गर्दथ्यो रे काम गर्न लजाउनेलेत खान पनि लजाउनु पर्‍यो नि ।उनले हरेक प्रकारले काम गरेर जुटाएको खर्चले पाँचथर बहुमुखी क्याम्पसमा आई कममा नाम लेखाइ प्राइवेट जस्तो गरी पढ्न शुरु

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

गरे । खर्चको लागि समथिङले जस्तो सुकै काम गर्न पनि पछि परेनन् । जस्तै बाटोको नाली खन्ने, मेला बजारहरूमा होटलको भाँडा माझ्ने आदि । उनी सम्झन्छन् उनले २०४६ सालमा एस्.एल्.सी. परीक्षा दिन आउँदा कमला लावती भन्ने केटीसँग चिनजान भएको थियो । उनी घरमा पुगेर चिठी लेखिछन् । हुलाक मार्फत चिठी नाङ्गिन पुगेछ घरको ठेगानामा तर उनी फिदिम झरिसकेका थिए । कमला लावती हुनेखाने कै छोरीमा गनिन्थिन । उनी राँके रवि बीचको देउराली छेउको गैरीमा साथीहरूसँग बाटोको नाली खन्दैथिए ।सिमसिम पानी परिरहेको थियो । रवितिरबाट आउने बाटो डाडाँबाट फुत्त निस्कदा गैरी परेको ठाउँ थियो । उनी नाली खनिरहँदा उनलाई चिठी लेख्ने कमला लावती कालो चश्मा अनि साडी र चोलो लाएर फुत्त डाडाँबाट उनले नाली खन्दै गरेकोतिर पो आउँदै गरेको देखे । निक्कै बेर नियाले पछि मान्छे उनै हुन भन्ने ठहर भयो । साथीहरूलाई यस्तो कुरा नभनी उनी पिसाब फेर्ने निहुँ पारेर खन्न छाडेर अर्कोतिर लागे अनि कमला लावती नाली खन्दै गरेको ठाउँ पार गरेपछि मात्रै उनी काममा फिरेको पनि उनी कहिल्यै भुल्दैनन् ।

हरेक उताव चढाव र सङ्घर्षका साथ पाँचथर बहुमुखी क्याम्पस फिदिमबाट प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरे ।उनले आर्थिक अभाव हुँदा हुँदै पनि स्नातक तहमा नाम लेखाएर अध्ययन त गर्न थाले तेस्रो वर्षसम्मको परीक्षा दिए तापनि स्नातक तह पूरा गर्न सकेनन् ।

### २.१.३ परिवार

परिवारमा १७ सन्तान मध्ये साइलो छोराको रुपमा जन्मिएका समथिङका दुई दाजु दुई भाइ र बहिनीहरू पाँच जना रहेका छन् । २०५४ सालमा तारादेवी गुरुङसँग बैबाहिक जीवनमा बाँधिएका समथिङको दाम्पत्य जीवनबाट सुदर्शन र प्रदर्शन दुई छोराको जन्म भयो । बिहे गर्दा समथिङको तितो अनुभव छ । उनको प्रेम बिवाह हो उनले बिहे गर्दा ससुराली गाउँमा तेरो छोरी त हरितन्नामे अर्काको खेत कमाएर बस्नेले लगेछ । त्यो केटा त फिदिमको लिम्बूहरूको अधिया कुतमा खेत कमाएर बस्छ । फिदिमे लिम्बुको गोरु जोत्ने गोठालाले लगेछ भनेर सासुलाई गाउँलेले भनेको र पछि सासुले उनलाई सुनाएकी थिइन्रे । यसरी खेती किसानी गर्दै उनको पारीवारीक जीवन बिताए ।

## २.२ संलग्नता तथा अनुभव

Formatted: Line spacing: single

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

साहित्यकार एवम् खोज अनुसन्धानकर्ता गुरुङ रामप्रकाश समथिङको विभिन्न सामाजिक संघ संस्थाहरूमा आवद्ध भई सामाजिक क्षेत्रमा समेत उतिकै संलग्न रहेको छ । उनले वि.सं. २०४८ सालमा जिल्ला प्रहरी कार्यालयमा म्यादी प्रहरीमा जागिर खाए । त्यस्तै जिल्ला कृषि विकास कार्यालयमा दैनिक ४१ –रुपैया पाउँने गरी ३५ दिने कृषि तथ्याङ्क सङ्कलन गर्न गणकमा समेत जागिर खानु परेको थियो । वि.सं. २०५२ साल भदौदेखि मानव अधिकार चेतना र विकास केन्द्र (हुकोडेक) नेपाल पाँचथरमा कार्यालय सहायक, कार्यक्रम संयोजक, लेखा संयोजक, बरिष्ठ सामाजिक परिचालक, फिल्ड सहायक, कार्यक्रम संयोजक, फिल्ड संयोजक हुँदै सचिव, कोषाध्यक्ष सम्म, द रेयुकाई नेपाल फिदिम उप शाखाको सह सचिव २०५३, द रेयुकाई नेपाल शान्ति त्रैमासिक पत्रिका काठमाडौंको सम्वाददाता २०५४, नारी विकास संघ पाँचथरको लेखा संयोजक २०५५–२०५७, नेपाल रेडक्रस सोसाइटी पाँचथरको आजीवन सदस्य २०५५ देखि हालसम्म, मानव अधिकार संयुक्त संरक्षण मञ्च पाँचथर संस्थापक सचिव २०५५–२०५९, तमु छोंज धि. पाँचथरका सचिव २०५५–२०६५,सगर साहित्यक त्रैमासिक वीरगन्जका आजीवन सदस्य २०५६ देखि हालसम्म नेपाल पत्रकार महासंघ पाँचथर शाखाका सदस्य, कोषाध्यक्ष र दुई पटक केन्द्रीय पार्षद २०५६–२०६७, बायोनिक इनर्जी प्रा.लि. पाँचथर शाखाका जिल्ला संयोजक २०५८, नेपाल वातावरण पत्रकार समुह पाँचथर शाखाका संस्थापक सचिव २०५८, नेपाल वातावरण पत्रकार समुह पाँचथर शाखाका संस्थापक सचिव २०५८, मानव अधिकार तथा शान्ति समाज पाँचथर शाखाका संस्थापक सचिव/सल्लाहकार २०५८–२०६१, क्षितिज नाट्य समूह केन्द्रीय समिति, पाँचथरका महासचिव २०५८–२०६०, नेपाल भारत मैत्री संघ पाँचथर शाखाका संस्थापक सचिव/सल्लाहकार २०६४, कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि.फिदिम, पाँचथरका सचिव २०६४ देखि हालसम्म, पाँचथर सामुदायिक पुस्ताकालय फिदिम, पाँचथर संरक्षक सदस्य २०६६ देखि हालसम्म, सामुदायिक सेवा केन्द्रीय पाँचथरका आजीवन सदस्य २०७२, जनमत साहित्यिक पत्रिका काभ्रेको आजीवन ग्राहक २०७३ र समथिङ फाउण्डेसन नेपाल पाँचथरको मुख्य संरक्षक २०७३ जस्तो जिम्मेवारीमा रही दर्जनौ संघ संस्थामा थुप्रै कार्य तथा अनुभवहरू लेखकले बटुलेका छन् ।

### २.३ कवि व्यक्तित्व

साहित्यकार गुरुङ रामप्रकाश समथिङको साहित्यको सुरुवात नै कविताबाट भएको हो । उनले रंगमञ्च पत्रिका अध्ययन गरी प्रेरणाको स्रोत बनाएका गुरुङले पहिलो कविता

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

'विद्यार्थी' गद्यमा रचाना गरेको कविता हो । सो कविता वि.सं.२०४९ साउन १५ गते पाँचथर बहुमुखी क्याम्पसमा अनेरास्ववियू प्रारम्भिक कमिटीद्वारा प्रकाशित हस्तलिखित पत्रिका 'विद्यार्थी सन्देशमा' प्रकाशन भएको देखिन्छ । त्यसपछि त्यही पत्रिकाको अन्य अङ्कमा 'विद्यार्थी क्रान्ति र निमुखा नेपाली जनतालाई आज' भन्ने दुई वटा गद्य कविता प्रकाशन गरेका छन् । यी तीन वटै कविता समथिङको कविता सङ्ग्रहमा पनि समावेश भएको देखिन्छ । त्यसपछि समथिङले वि.सं. २०६० साल फाल्गुण २० गते 'दियो–' त्रैमासिक साहित्यिक पत्रिकामा 'खै त ?' नामक गद्य कविता प्रकाश नगरेर आफ्नो कविता यात्रालाई निरन्तरता दिएको देखिन्छ । त्यसैगरी उनले गद्य कविता संगालो 'समथिङ कविता सङ्ग्रह' समेत २०६७ मा प्रकाशित गरी आफ्नो कवित्व यात्रालाई दर्विलो बनाएका छन् । उक्त कविता सङ्ग्रहमा १० वटा कविताहरू सङ्गृहीत रहेका छन् । यस्तै २०६१ मा इलामबाट प्रकाशित हुने वर्ष ३ अङ्क २ पूर्णाङ्क २० मा 'गरिब हुनु रहर होइन बाध्यता हो' त्यस्तै पारिजात साहित्यिक पत्रिका मेमेङ ५ को२०६५ भदौमा 'रक्सी' नामक कविता प्रकाशित गरेका हुन् । त्यस्तै नवप्रयास त्रैमासिक साहित्यिक पत्रिका मंसिर/माघ २०६५ मा 'मेरो मात्र भनेको त यसको पनि बुढी त उस्तै पो रैछ' यसैगरी पारिजात साहित्यिक पत्रिका २०६५/६६चैत्र–/असार 'जड्याह लोग्ने र मेरो दिन' पनि प्रकाशन गरेका छन् । त्यस्तै पाँचथरबाट प्रकाशित एक अङ्क पूर्णाङ्क एक पौष २०६६ मा' खै के थाहा ? आफ्नो त बुढा कस्तो होला ?' प्रकाशित गरेका छन् ।

**२.४ कथाकार व्यक्तित्व**

समथिङ बहु विधामा कलम चलाउने बहुप्रतिभा भएकाले उनलाई कथा कारितासँग पनि जोडेर हेर्न सकिन्छ । उनले विभिन्न पत्र पत्रिकामा लघुकथा प्रकाशित गरेको पाइन्छ । कर्मचारी मिलन केन्द्र पाँचथरबाट प्रकाशित वर्ष ५ अङ्क २ २०६४ मा 'म एच.आई.भि. संक्रमित हुँ' त्यसैगरी पारिजात साहित्यक पत्रिका कथा विशेषाङ्क मेमेङ ५ वर्ष १ अङ्क ४ असोज २०६६ मा 'हिजोको धने आजको धन बहादुर सर' त्यसैगरी शब्द संयोजक मासिक पत्रिका, काठमाडौबाट प्रकाशित वर्ष ८ अङ्क ९ पूर्णाङ्क ९५ पौष २०६८ मा 'अरुको दशै धनीरामको दशा' प्रकाशित गरेका छन् । यस्तै युगान्तर आवाज चौमासिक साहित्यक पत्रिका पाँचथर वर्ष १ अङ्क २ वैशाख/साउन २०६८ मा 'जनयुद्ध र रामेको अधुरो सपना' पनि प्रकाशित गरेका छन् । यी चारवटै कथाहरू उनको कथा सङ्ग्रह' मान्छेको पीडा'कथा सङ्ग्रहमा सङ्ग्रहित छन् । साथै २०६९ सालमा 'मान्छेको पीडा' कथा सङ्ग्रह प्रकाशित

गरेका छन् । त्यस भित्र ६ वटा कथा समावेश गरिएको छ ।यहाँ निम्न वर्गले भोग्नु परेकोपीडा, व्यथा, करुण अवस्थाको चित्रण गरिएको छ । समसामयिक जीवनको पीडा निम्न वर्ग माथि हुने अन्याय अत्यचार चित्रण गरिएको छ । यस्तै गरी २०६३ मा 'याक्सा भित्रका कथा' सङ्गृहित गरेर प्रकाशित गरेका छन् । जहाँ सात वटा कथा सङ्गृहित छन् । यस सङ्ग्रहमा पनि अभावजन्य पीडा, आर्थिक विसंगति, सामाजिक वेथिति र विकृति आदिमा आर्थिक विसङ्गति, सामाजिक वेथिति र विकृति आदिमानै उनको कथात्मक दृष्टिकोण रहेको देखिन्छ । यसरी उनी यस विधामा समेत सफल रहेको पाइन्छ ।

### २.५ सामाजिक व्यक्तित्व

सात्यिकार समथिङ सानै उमेरदेखि नै कसैसँग झै–झगडा नगर्ने एकदमै मिलनसार व्यक्ति हुन् । उनले कसैलाई दु.ख दिने काम गरेको देखिँदैन । आफूभन्दा सानालाई सही मार्गदर्शन गर्ने, आफूले सही मार्ग दर्शन लिने उनको अत्यन्तै राम्रो बानी भएको देखिन्छ । समाजमा कसैलेझै–झगडा गदै गरेको भए त्यहाँ गएर मध्यस्थता गर्ने उनको बानी छ । समाजमा भइरहेका अन्याय, अत्यचार, शोषण र दमनहरूको भण्डाखोर गर्न उनी सधैं जागरुक हुन्छन् । यसरी हेर्दा वास्तवमा उनको समाजसेवी व्यक्तित्व पनि एक महत्वपूर्ण व्यक्तित्व देखिन्छ । समाजमा असहाय, निम्नवर्गको व्यक्तिहरू, असक्त र महिलाहरूको विशेष सम्मान गर्नुपर्ने कुरामा पनि समथिङ बढी जोड दिन्छन् । दु.खी गरीब जनताप्रति सहानुभूति प्रकट गर्ने सामाजिक सद्भावनाका धनी समाजसेवी भावनामा जसरी असहाय र असक्तहरूका भावनाहरूलाई शिरोधार्य गदै शारीरिक रुपमा सवल सक्षम व्यक्तिहरूले व्यक्तिहरूले मगन्ते रुप धारण गरेर हिडेको देखे भने त्यस्ता व्यक्तिहरूलाई कर्मठ पाखुरीको सदुपयोग गर्न र स्वभिमानीनेपाली भएर बाँच्नुपर्ने कुराको सन्देश दिन्छन् । गरीब, दु.खी र असहायले बगाएको पसिनाको कदर गदै उनी त्यस्ता व्यक्तिहरूलाई सम्मान गर्न चाहन्छन् । साहित्यकारमा यो सामाजिक सेवाको भावना विद्यार्थी अवस्थादेखि नै जागरूक हुँदै आइरहेको देखिन्छ । समाजप्रति उत्तरदायित्व बोकेर समाजको उत्थानका लागि सम्भव भएसम्मको सहयोग र सद्भाव राख्नु पर्ने धारणा उनको छ । समाजको उन्नति नै राष्ट्रको उन्नति हो भन्ने भावना पनि साहित्यकारमा रहेको देखिन्छ । सामाजिक सेवा गर्नुपर्छ भन्ने भावना बोकेका समथिङ उनी कर्ममाविश्वास राख्ने व्यक्ति हुन् । सामाजिक सेवा गर्नुपर्छ भन्ने भावना बोकेका समथिङ सर्वसाधारणका लागि पनि प्रिय व्यक्ति बन्न पुगेका छन् ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

### २.६ साहित्यिक व्यक्तित्व

साहित्यकार रामप्रकाश समथिङलाई साहित्यमा कलम चलाउनको लागि कसैको पनि प्रभव र प्रेरणा मिलेको देखिदैन । उनी जब एस्.एल्.सी. उत्तीर्ण गरेर उच्च शिक्षा हासिल गर्नका लागि पाँचथर बहुमुखी क्याम्पसमा प्रवेश गरे । त्यतिबेला फिदिमको पुस्तक पसलहरूमा 'रङ्गमञ्च' भन्ने पत्रिका पाइन्थ्यो । उनले त्यो पत्रिका अध्ययन गर्दैजाँदा मुक्तक र कविताहरू पढ्न पाए । त्यही उनलाई प्रेरणाको विषय बन्यो उनले पनि केही मुक्तक तथा कविता लेखेरप्रकाशन गर्ने विचार गरे । त्यसबेला पाँचथर बहुमुखी क्याम्पसमा 'अनेरास्ववियू' प्रारम्भिककमिटिले 'विद्यार्थी सन्देश' भन्ने एउटा हस्तलिखित पत्रिका प्रकाशित गर्दथ्यो । साहित्यकार समथिङले वि.सं. २०४९ साल श्रावण १५ गते 'विद्यार्थी' नामक गद्य कविता लेखेर उक्त पत्रिकामा प्रकाशित गरी आफ्नो साहित्यिक यात्राको शुभारम्भ गरेका छन् । तत् पश्चात् उनलाई अझै मनोबल बढ्दै गएर अरु अङ्कमा 'विद्यार्थी' र 'निमुखा नेपली जनतालाई आज' जस्ता गद्य कविता प्रकाशन गरी आफ्नो साहित्यिक यात्रालाई अघि बडाएका छन् । त्यस बेला पाँचथर क्याम्पसबाट प्रकाशन गर्ने हस्तलिखित भित्ते पत्रिकातीन वर्षसम्म प्रधान सम्पादकको जिम्मेवारी समेत बहन गरेका थिए । पाँचथर बहुमुखी क्याम्पसमा त्यतिबेला 'नौलो साहित्यिक विहानी' पाँचथरले साहित्यिक कार्यक्रम चलाउने गर्दथे । त्यस कार्यक्रममा समथिङले पनि मुक्तक र गद्य कविता सुनाउने गरेको देखिन्छ । उनले वि.सं. २०५६ सालमा पाँचथरबाट प्रकाशित हुने रोशनी साहित्यिक मासिक पत्रिकामा 'दारी' शीर्षकको मुक्तक प्रकाशन गरेका थिए ।

### २.७ पत्रकार व्यक्तित्व

साहित्यकार समथिङको साहित्यसँगै पत्रकारिताको क्षेत्रमा पनि योगदान दिएका छन् । उनले पत्रकारिता सम्बन्धी गरेको योगदानको मूल्याङ्न गर्दै नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरले वि.सं. २०६७ साल फाल्गुणमा उनलाई कदरपत्र प्रदान गरी सम्मान गरेको छ । उनले पत्रकारिताको क्षेत्रमा २०५६ सालदेखिहालसम्म नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरका सदस्य, कोषाध्यक्ष र दुई पटक केन्द्रीय पार्षद 'द रेयुकाई शान्ति त्रैमासिक पत्रिकाका सम्वाददाता पनि भएका छन् । २०५६ सालदेखि सगर साहित्यक त्रैमासिक पत्रिका पर्साका आजीवन सदस्य समेत बनेकाछन् । वि.सं. २०५८ देखि २०५९ सम्म नेपाल वातावरण पत्रकार समूह शाखा पाँचथरका संस्थापक सचिव र सचिव पदमा

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

समेत रहेर काम गरेको देखिन्छ । यसरी पत्रकारिताको क्षेत्रमा समथिङले विभिन्न पदमा रहेर काम गर्दै आएकाले पत्रकारिता सम्बन्धी पनि योगदान रहेको देखिन्छ ।

### २.८ निबन्धकार व्यक्तित्व

वि.सं. २०६६ मा 'दलित जातीय लेख सङ्ग्रह' पुस्तक प्रकाशित गरी आफ्नो निबन्ध यात्रालाई निबन्धकार व्यक्तित्वको रुपमा स्थापित गर्न सफलसमथिङ एक विशिष्ट निबन्धकारका रुपमा परिचित छन् । जस भित्र थुप्रै निबन्ध समावेश रहेका छन् । यस्तै गरी २०६७ मा 'सेक्स लेख र समथिङ' (लेख निबन्ध) सङ्ग्रह प्रकाशित गर्दै आफ्नो दोस्रो निबन्ध सङ्ग्रहलाई पूर्णता दिएका छन् । जस भित्र यौन जीवन र यसको सेरोफेरोमा रहेर विभिन्न शीर्षकमा निबन्धहरू सङ्गृहित गरेका छन् । त्यसै गरी निरन्तर साहित्य सेवामा लागी परेका समथिङले 'ओ माई गड सेक्स' (लेख निबन्ध संग्रह) २०७१ मा प्रकाशित गरेका छन् । यस भित्र पनि मानवीय यौन इच्छा र चाहना साथै यसले मान्छेमा पार्ने प्रभावका बारेमा लेखिएका निबन्धहरू पाउन सकिन्छ । त्यस पछि लगातार फेरि २०७२ मा 'आई लभ सेक्स' निबन्ध सङ्ग्रह प्रकाशन गर्दै आफ्नो निबन्धकार व्यक्तित्वको रुपमा चिनाउन सफल रहेका छन् । यस बाहेक पनि उनको फुट्कर निबन्धहरू विभिन्न पत्रिकामा प्रकाशित गरेका छन् ( समथिङ फाउनडेसनबाट प्राप्त जानकारी) ।

### २.९ राजनीतिक व्यक्तित्व

वि.सं. २०४६ साल चैत २६ गते नेपालमा बहुदल घोषणा भएपछि नाङ्गिन गा.वि.सं. वडा नं. २ हाल फिदिम न.पा. १२ र उनका छिमेकी काका चन्द्रवीर गुरुङ र नाङ्गिन गा.वि.सं. का पूर्ण अध्यक्ष थुमनाथ चापागाइँको सम्पर्क र प्रेरणाबाट नेपाल कम्युनिष्ट पार्टीमा आवद्ध भएको देखिन्छ । त्यस पछि २०४८ सालमा क्याम्पस प्रवेश गरेपछि नेकपा एमालेका भातृ संगठनका विभिन्न पदमा रहेर पार्टीले दिएको जिम्मेवारीलिदै अघि बडेको देखिन्छ । पार्टीले घोषणा गरेको कार्यक्रमहरूमा उनले सक्रिय रुपमा सहभागी हुँदै वि.सं. २०५१ सालका नं.क.पा एमाले जिल्ला कमिटी पाँचथरमा कार्यालय सहयोगीका रुपमा रहेर काम गरेका हुन् । पछि गएर उनले पाटी कार्यलयमा टेलिफोन अपरेटरको रुपमा समेत काम गरेका हुन् । शुरु शुरुमा उनी जनताको भलाइको लागि आफूले जस्तोसुकै सङ्घर्ष गर्नु परेपनि पछि हटेनन् । पछि हुँदै गए पछि उनी गैरसरकारी संस्थामा प्रवेश गरे तव पाटीको कामलाई गौण रुपमा लिन थाले । तर पार्टीलाई पुरै परित्याग गर्ने काम भने

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

उनले गरेनन् । पछि गएर २०६२/६३ को १९ दिने जनआन्दोलनमा पाटीले दिएको जिम्मेवारी ~~बहन~~ बहन गर्दै पुरै दिन भाग लिएका थिए । पार्टीको भातृ संगठनले आयोजना गरेको आन्दोलनको नेतृत्व गर्ने क्रममा एक दिन त उनको ढाडमा प्रहरीले लाठी बर्साउँदा भागेर बाँच्न सफल भएका थिए । यी घटनाहरूलाई हेर्दा समथिङको राजनैतिक व्यक्तित्व पनि त्यति कम देखिदैन । उनी हाल आएर कुनै पनि सङ्गठनमा आबद्ध दुखिदैनन् । यसरी राजनीतिमा प्रतिवद्ध देखिए पनिउनका व्यक्तित्वको पाटो भनेको साहित्य र गैरसरकारी संस्था नै हो ।

**२.१० साहित्यकार रामप्रकाश समथिङको साहित्यिक यात्रा**

"हुने विरुवाको चिल्लो पात" भने झै साहित्यकार रामप्रकाश समथिङ सानै उमेरदेखि नै साहित्यमा लागि परेको नदेखिए पनिएस्.एल्.सी. उत्तीर्ण गरेर उच्च शिक्षा हाँसिल गर्नका लागि पाँचथर बहुमुखी क्याम्पसमा प्रवेश गरे तब फिदिम बजारका पुस्तक पसलमा पाइने मासिक पत्रिका 'रङ्गमञ्च' अध्ययन गर्न थालेत्यस पत्रिकाबाट समथिङलाई कुनै न कुनै लेख रचनाहरू लेख्न र प्रकाशन गर्न प्रेरणा मिल्यो । त्यस समयमा पाँचथर बहुमुखी क्याम्पसमा 'अनेरास्ववियू' प्रारम्भिक कमिटीले 'विद्यार्थी सन्देश' भन्ने हस्त लिखित पत्रिका प्रकाशन गर्दथ्यो । त्यही पत्रिकाको वर्ष १ अङ्क १५ श्रावण २०४९ मा विद्यार्थी नामक शीर्षकको कविता प्रकाशन गरेर उनले साहित्यिक यात्राको शुभारम्भ गरेका हुन् । त्यस पश्चात् उनले त्यही पत्रिकामा अरु दुइवटा कविता 'विद्यार्थी क्रान्ति' र 'निमुखा नेपाली जनतालाई आज' प्रकाशित गरेको देखिन्छ । फेरि केही वर्षपछि २०५६ सालमा पाँचथर फिदिमबाटै प्रकाशन हुने रोशनी साहित्यिक हवाई मासिक पत्रिकामा 'दारी' नामक एक मुक्तक प्रकाशन गरेर आफ्नो साहित्यिक यात्रालाई अघि बढाउने काम गरेका छन् ।

कोही भन्छन् मेरो बोके दारी

त

कोही भन्छन् मेरो लट्टा दारी

त

कोही भन्छन् भ्याप्से दारी

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

त

मेरो लागी यही हो गरीखाने बारी

अझ

मेरो मायालुहरूको लागि

त

यही हो रमाउने फुलबारी

यसरी साहित्यिक यात्रालाई अघि बढाउने क्रममा साहित्यकारले उदयपुर जिल्लाबाट प्रकाशित हुने ‘नब उदय साप्ताहिक पत्रिका’ मा ‘राजनीतिक रनेता’र ‘नेपाली महिलाको स्थिति’ भन्ने दुईवटा लेखहरू प्रकाशन गरी सकेपछि उनी साहित्यिक यात्रालाई बिसाएर अर्थोपार्जनका लागि विभिन्न संघ संस्थातिर लागेको पाइन्छ । अनि फेरि वि.सं. २०६० फाल्गुण २० गते ‘दियो’ त्रैमासिक साहित्यिक पत्रिकामा ‘खै त ?’ शीर्षकको गद्य कविता प्रकाशन गरेर साहित्यिक यात्रालाई अघि बढाउन खोजेको देखिन्छ । त्यसपछि अघि बढेको उनको यात्रा २०६५ मा गएर बढेको देखिन्छ । त्यसपछि उनले साहित्यिक यात्रालाई दिएको निरन्तरता अहिलेसम्म पनि चलिरहेको देखिन्छ । आजसम्म उनले साहित्यिक कृति र खोजमूलक कृति गरी जम्मा २१ प्रकाशन गरिसकेका छन् भने अन्य फुटकर लेख रचनाहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित भएको पाइन्छ । समथिङका पुस्तककार कृतिको सूची यस प्रकार छ ।

१. छ सय एक सभाषद नेपाल– २०६५

२. पाँचथरका आदिवासी जनजातिहरू– २०६६

३. पाँचथर शिक्षा दर्पण – २०६६

४. प्रारम्भिक सहकारी शिक्षा – २०६६

५. लभलेटरको लागि अचार (मुक्तक संग्रह) –२०६६

६. दलित जातीय लेख सङ्ग्रह (लेख निबन्ध) – २०६६

७. पाँचथरका माझी जाति– २०६६

८. सेक्स,लेख र समथिङ (लेख निबन्ध) – २०६७

९. विद्यार्थीहरूका आँखामा राम्रा शिक्षक – २०६७

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

१०. पाँचथर, पाँचथरका स्रष्टा र उहाँहरूको प्रकाशित कृतिहरू – २०६७

११. समथिङ (कविता सङ्ग्रह) – २०६७

१२. गैरसरकारी संस्था, दर्ता र सञ्चालन– २०६७

१३. दलित जाति सम्बन्धी सामान्य जानकारी – २०६७

१४. समथिङका बितेका क्षणहरू (संस्मरण)– २०६७

१५. हाम्रा सामाजिक परिचालन–२०६८

१६. मान्छेको पीडा (कथा सङ्ग्रह) – २०६९

१७. तथ्याङ्कमा पाँचथर –२०७०

१८. सहकारीमा बचतको महत्त्व – २०७०

१९. समाज रुपान्तरणका लागि सामाजिक परिचालन – २०७०

२०. समथिङको मेची महाकाली यात्रा (यात्रा संस्मरण) – २०७०

२१. दोस्रो संविधानसभा निर्वाचन – २०७०

२२. ओ माइ गड सेक्स (लेख निबन्ध) – २०७१

२३. आई लभ सेक्स (लेख निबन्ध)– २०७२

२४. याक्सा भित्रका कथाहरू – २०७३

२५. दुर्दशा – २०७४

२६. बेसहारा– २०७४

२७. यातना– २०७४

२८. जवानीको ज्वालामुखी – २०७४

२९. जड्याकी स्वास्नी – २०७४

३०. जनयुद्धको उपहार – २०७४

३१. साहित्यकार – २०७४

३२. मृत्यु – २०७४

३३. साउदी रियल – २०७४

३४. सौतेनी आमा – २०७४

३५. धनबहादुर सर – २०७४

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

३६. खेल जवानीको – २०७४

३७. धनीरामको दशै – २०७४

३८. टुटेको सपना – २०७४

३९. सेन्थेरेम – २०७४

४०. माया –२०७४

४१. विचरा । जंगे कमरेड – २०७४

४२. जित्या – २०७४

४३. महलदेखि सडकसम्म – २०७४

४४. कमरेड चट्टानको सपना – २०७४

४५. भ्रष्टचारको कमाल – २०७४

४६. साहसी आमा – २०७४

यसरी उनका ४६ वटा कृतिहरू प्रकाशन भइसकेका छन् । जसमा साहित्यक कृति- ३२ वटा र खोजमूलक कृति – १४ वटारहेका छन् । समथिङको प्रतिभा देखेर धेरै मान्छेहरू लोभिने गर्दछन् । प्रकाशन गर्न थालेको २०६५ देखि २०७४ सालसम्ममा उनको ४६ वटा कृति प्रकाशित भइसकेका भने नागरिकताको अभिलेख अनुसार जन्म २०२८ साल वैशाखमा अचम्म त यो छ की २०७४ साल वैशाखदेखि उनी नागरिकताको अभिलेख अनुसार ४६ बर्ष लागिसकेका छन् । त्यही अवसरमा उनले कृति पनि ४६ वटै लेखेर प्रकाशित गरेका छन् । उनका अन्य कृतिहरू पनि प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

एक व्यक्ति अनेक प्रतिभा बहुप्रतिभाका धनी लेखक गुरुङ रामप्रकाश समथिङ मोफसलमा बसेर नेपाली साहित्यमा योगदान दिने अग्रणी व्यक्ति हुन् । नेपाली साहित्यमा लामो समयसम्म निरन्तर कलम चलाउन सफल समथिङ साहित्य सिर्जना र प्रकाशनका दृष्टिले उनको साहित्यिक यात्रालाई चरणगत रुपमा अध्ययन गर्दा निम्न तीन चरणमा अध्ययन गर्न सकिन्छ ।

२.१०.१ प्रथम चरण (वि.सं. २०४८–२०६४)

२.१०.२ द्वितीय चरण (वि.सं. २०६५–२०६९)

२.१०.३ तृतीय चरण (२०७०– हालसम्म)

Formatted: Line spacing: single

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

### २.१०.१ प्रथम चरण (वि.सं. २०४८– २०६४)

साहित्यकार गुरुङ रामप्रकाश समथिङको साहित्य यात्राको सुरुवाती चरण वि.सं. २०४८ देखि वि.सं. २०६४ सम्मलाई लिन सकिन्छ । उनले २०४९ मा विद्यार्थी सन्देश पत्रिकामा 'विद्यार्थी' नामक कविता प्रकाशित गरी आफ्नो साहित्य यात्राको शुरुवात गरेका हुन् । कविता विधाबाट आफ्नो साहित्य यात्राको शुरुवात भए पनि उनले कथा, मुक्तक जस्ता अन्य विधाका फुटकर साहित्य सिर्जना पनि प्रकाशित गरेका छन् । यो उनको साहित्य यात्राको पृष्ठभूमिका रुपमा रहेको छ । २०४९ मै 'विद्यार्थी क्रान्ति' २०५० मा 'निमुखा नेपाली जनतालाई आज' २०६१ मा 'खै त ?' २०६१ मा'गरिब हुनु रहर हैन बाध्यता हो ' त्यस्तै २०६४ मा 'म एच.आई.भि. संक्रमित हुँ' कथा प्रकाशित गरेका छन् । त्यस्तै २०५६ मा'दाह्री' मुक्तक पनि प्रकाशित गरी पृष्ठभूमिलाई दर्बिलो बनाएका छन् । उनको 'म एच.आई.भि. सङ्क्रमित हुँ कथा' 'मान्छेको पीडा' कथा सङ्ग्रहमा सङ्ग्रहित छ भने अरु कविता, मुक्तक फुटकर रुपमै रहेका छन् ।

यसरी साहित्य सिर्जनाको प्रथम चरण कथा, कविता, फुटकर रुपमा छपाएर नै यसमै सीमित रहेको पाइन्छ । यस चरणमा समथिङले कुनै पुस्तक प्रकाशन गरेको पाइँदैन । आर्थिक अवस्था कमजोर या साहित्य सिर्जना कमीले हो कुनै पुस्तक छापिएको पाइँदैन ।यद्यपि यस चरणमा उनले कविता विधामा बढी कलम चलाएको पाउन सकिन्छ । यस चरणका उनका सिर्जनाहरू आलो~~च्लात्मक~~ चनात्मक यथार्थवादी साथै सामाजिक यथार्थवाद समेत कहीँ कतै प्रस्तुत गरेको पाइन्छ । यो उनको अभ्यासिक चरण भएकाले भाषिक सचेतता देखिदैन । यद्यपी तत्कालिन परिवेश र सामाजिक अवस्थको चित्रण चाँहि भरपुर रुपमा गरेको पाइन्छ ।

### २.१०.२ द्वितीय चरण (वि.सं. २०६५– २०६९)

गुरुङ रामप्रकाश समथिङको साहित्य यात्राको द्वितीय चरण २०६५ देखि २०६९ सम्म मान्न सकिन्छ । समथिङले आफ्नो यात्रालाई यस चरणमा निक्कै सशक्त ढङ्गले अगाडि बढाएका छन् । यस चरणमा उनलेथुप्रै पुस्तक प्रकाशित गरी आफ्नो साहित्य यात्राको कलम सफल रुपमा दौडाएको पाइन्छ । फुटकरदेखि लिएर प्रकाशित कृतिहरूलाई हेर्दा उनी आफ्नो साहित्य यात्राको जग दर्विलो तरिकाले बसाएको पाउन सकिन्छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

यसरी समथिङले यस चरणमा फुट्कर सिर्जनाहरूमा २०६५ मा 'रक्सी' २०६५ मा 'मेरो मात्रै भनेको त यसको पनि बुढी त उस्तै पो रै छ', २०६५/०६६ मा 'जड्याह लोग्ने र मेरो दिन', २०६६ मा'खै के थाहा ? आफ्नो त भविष्यको बुढा कस्तो होला', २०६६ मा ' ओ हो बाँच्ने दिन त एक दिन घटी पो सकेछ', २०६७ मा 'विदेश त गइयो तर अहिले कर्मलाई दोष दिदै बसेको छु', २०६६ मा 'सायद म मरेको दिन' आदि फुटकर कविता प्रकाशन गरेका छन् । भने २०६६ मा 'हिजोको धने आजको धनबहादुर सर', २०६८ मा 'जनयुद्ध र रामेको अधुरोसपना' समेत प्रकाशन गरेका छन् । जसमा उल्लिखित दुई कथा 'मान्छेको पीडा' कथा सङ्ग्रहमा सङ्गृहित छन् ।

यसरी उनले फुटकर लेख रचनाहरूसँगै यस चरणमा थुप्रै कृतिहरू प्रकाशित गरेका छन् । उक्त कृतिहरूको सुची तल प्रस्तुत गरिएको छ ।

१. छ सय एक सभासद र नेपाल (२०६५) खोजमूलक कृति

२. पाँचथरका आदिवासी जनजाति(२०६६) खोजमूलककृति

३. पाँचथर शिक्षा दर्पण (२०६६) खोजमूलक कृति

४. प्रारम्भिक सहकारी (२०६६) खोजमूलक कृति

५ .लभ लेटरको लागि अचार (२०६६) मुक्तक संग्रह

६. दलित जातीय लेख संग्रह (२०६६) लेख निबन्ध

७. पाँचथरका माझी जाति (-२०६६) खोजमूलककृति

८. सेक्स लेख र समथिङ (२०६७) लेख निबन्ध

९. विद्यार्थी आँखामा राम्रा शिक्षक (२०६७) खोजमूलक कृति

१०. पाँचथरका स्रष्टा र उहाँहरूका प्रकाशित कृति (२०६७) खोजमूलक कृति

११. समथिङ (२०६७) कविता संग्रह

१२. गैरसरकारी संस्था दर्ता र सञ्चार (२०६७) खोजमूलक कृति

१३. दलित जाति सम्बन्धी सामान्य जानकारी (२०६७) खोजमूलक कृति

१४. समथिङका बितेका क्षणहरू (२०६७ ) संस्मरण

१५. हाम्रो सामाजिक परीचालन (२०६८) खोजमूलक कृति

१६. मान्छेको पीडा (२०६९) कथा संग्रह

यसरी समथिङले यस चरणमा फुटकरदेखि लिएर विभिन्न कथा सङग्रह, मुक्तक सङ्ग्रह जस्ता सबै खाले लेख रचना पुस्तक प्रकाशित गरी आफ्नो साहित्य फाँटलाई उर्वर भूमिका रुपमा सफल बनाएका छन् । विशेष गरी खोजमूलक कृति प्रकाशित गर्न तल्लिन रहेको पाइन्छ । संख्यात्मक रुपमा पनि उनले खोजमूलक पुस्तक यस चरणमा बढी प्रकाशित गरेको पाइन्छ । यसरी नेपाली साहित्यको धरातलमा उभिएर उनले नेपाली समाजको संस्कार, परम्परा, जाति, भाषा, संस्कृतिलाई जगेर्ना गर्न र ज्ञान गराउन विभिन्न जातिको खोजी गरी अस्तित्व स्थापित गर्ने जमर्को गरेका छन् । साथै साहित्य र साहित्यकारको अवस्था तथाशिक्षा नीतिको बारेमा समेत खोजी र अनुसन्धान गरी यस समयमा पुस्तक प्रकाशन गरेका छन् । सामाजिक विकृति, वर्गीय द्वन्द्व, आर्थिक अभाव, विसङ्गति यौन सहज विश्वसनीय पक्षमा जोड दिदै यौन मनोविज्ञानलाई प्राथमिकता दिने प्रवृत्ति यिनका लेखमा पाइन्छ । यसरी सामाजिक यथार्थवादी धारामा अडिएर साहित्य सिर्जना गर्नुका साथै तत्कालीन परिवेशलाई समेत उजागर गरेको देखिन्छ ।

### ~~२.१०.३~~ २.१०.३ तृतीय चरण (२०७० देखि हालसम्म)

२०७० देखि हालसम्मको समयलाई समथिङले तृतीय चरण मान्न सकिन्छ । यस समयलाई समथिङको साहित्य यात्राको उर्वर समय मान्न सकिन्छ । उनले २०७२ मा ‘त्यसै मैले लेख्न छाडे’ र ‘परदेशी विम्बहरू’ फुटकर कविता प्रकाशित गरेका छन् । यस समयमा संख्यात्मक र गुणात्मक रुपमा पुस्तक धेरै प्रकाशन गरेका छन् । ३२ पुस्तक प्रकाशित गर्दै नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान ओगट्न सफल भएका छन् । यस चरणमा एकै पटक एकै दिन उनले २२ वटा उपन्यास २२ जना पी.एच.डी डाक्टरबाट विमोचन गराई नेपाली उपन्यासको फाँटमा नौलो आयम थपेका छन । १. कथा सङ्ग्रह, २ निबन्ध सङ्ग्रह, १ संस्मरण सङ्ग्रहर अरु खोजमूलक पुस्तक प्रकाशित गरी आफ्नो यात्रालाई अगाडि बडाइ रहेका छन् । उनका कथा सङ्ग्रहमा सामाजिक जीवन भोगाइका कठिन परिस्थितिहरूलाई प्रस्तुत गरिएको छ । निबन्ध सङ्ग्रहमा यौन मनोविज्ञान र मनोजगत्लाई प्रस्तुत गरिएको छ । संस्मरण यात्रा र लेखकको बितेका समयको भोगाइको विस्तार गरिएको छ । उपन्यासमा नारी समस्या, वर्गीय र पेशागत समस्य,सामाजिक जटिलताको चित्रण, तत्कालीन समय सापेक्ष घटना बेरोजगारी, अन्धविश्वास, कुसंस्कार, जातीय द्वन्द्व, लैङ्गिक

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

असमानता, गरिबीको चित्रण गर्नु र तत्कालीन समय र अवस्थामाथि व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको अपेक्षा गर्नु यस चरणका उपन्यासको उद्देश्य रहेको छ ।

यसरी विभिन्न संघ संस्था सामाजिक काममा समेत सामेल हुँदै आफ्नो साहित्य यात्रालाई दर्बिलो बनाउनु चानचुने कुरा होइन् । 'मान्छे मर्दा मलामी जान चिन्नु पर्दैन' भन्ने समथिङ सामाजिक सेवादेखि लिएर आफ्नो साहित्य सिर्जनालाई समेत अगाडि बढाइ रहेकाछन् । एकै पटक २२ उपन्यास एकै दिन २२ प्रोफेसरबाट विमोचन गराई नेपाली साहित्यलाई गतिलो जवाफ दिइरहेका छन् । यसरी उनले आफ्नो सामाजिक व्यस्तता जागिर सँगसँगै नेपाली साहित्यमा ३२ कृति दिन सफल भएका छन् । उक्त प्रकाशित पुस्तकहरूको सुची तल प्रस्तुत गरिन्छ –।

१. तथ्याङ्कमा पाँचथर (२०७०) – खोजमूलक कृति

२. सहकारीमा बचतको महत्व (२०७०) – खोजमूलक कृति

३. समाज रुपान्तरणका लागि सामाजिक परिचालन (२०७०) – खोजमूलक कृति

४. समथिङको मेची महाकाली यात्रा (२०७०) – यात्रा संस्मरण

५. दास्रो संविधानसभा निर्वाचन (२०७०) – खोजमूलक कृति

६. ओ माइ गड सेक्स (२०६१) – लेख निबन्ध

७. आई लभ सेक्स (२०७२) – लेख निबन्ध

८. याक्सा भित्रका कथाहरू (२०७३) – कथा सङ्ग्रह

९. दुर्दशा (२०७४) – उपन्यास

१०. बेसहारा (२०७४) –उपन्यास

११. यातना (२०७४) – उपन्यास

१२. जवानीको ज्वालामुखी (२०७४) – उपन्यास

१३. जड्याकी स्वास्नी (२०७४) – उपन्यास

१४. जनयुद्धको उपहार (२०७४) – उपन्यास

१५. साहित्यकार (२०७४) – उपन्यास

१६. मृत्यु (२०७४) – उपन्यास

१७. साउदी रियल (२०७४) – उपन्यास

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

१८. सौतेनी आमा (२०७४) – उपन्यास

१९. धनबहादुर सर (२०७४) – उपन्यास

२०. खेल जवानीको (२०७४) –उपन्यास

२१. धनीरामको दशैं (२०७४) – उपन्यास

२२. टुटेको सपना (२०७४) – उपन्यास

२३. सेन्थेरेम (२०७४) – उपन्यास

२४. माया (२०७४) – उपन्यास

२५. विचरा । जंगे कमरेड (२०७४) – उपन्यास

२६. जित्या (२०७४) – उपन्यास

२७. महलदेखि सडकसम्म (२०७४) – उपन्यास

२८. कमरेड चट्टानको सपना (२०७४) – उपन्यास

२९. भ्रष्टचारको कमाल (२०७४) – उपन्यास

३०. साहसी आमा (२०७४) – उपन्यास

यसरी नेपाली साहित्यमा २०४८ देखि लागिपरेका समथिङले हाल–सम्म ४६ कृति प्रकाशित गर्न सफल छन् । उनका फुटकरलेख पनि धेरै नै प्रकाशित छन् । नेपाली समाजको थिचोमिचोलाई प्रस्तुतगर्न अन्याय अत्यचारलाई साहित्य मार्फत व्यक्त गर्न साथै खोज र अनुसन्धान अनि विशेष यौन जगतको खोजी गर्ने र यिनैलाई विषयवस्तु बनाईलेख लेख्ने हुनाले उनलाई पाँचथरमा सेक्सी लेखक समेत भनेर चिन्ने गर्दछन् ।

यसरी उनका प्रथम चरणका रचनाहरू आलोचनात्मक यथार्थवादी पाइन्छ भने द्वितीय चरणमा आएर यौन मनोविश्लेषणवादी, सामाजिक यथार्थवादी मनोवैज्ञानिक लेख लेखेको पाइन्छ । तेस्रो चरणमा सामाजिक स्तरका पात्र उभ्याएर सामाजिक गतिशीलतामा जोड दिएको पाइन्छ । आर्थिक द्वन्द्वलाई मुख्य विषयवस्तु बनाई उनले सामाजिक समस्यालाई प्रस्तुत गरेका छन् । गरिबी र नारी समस्यालाई उद्घाटन गर्दै सामाजिक परिवेशको चित्रण गरेका छन् । यसरी विभिन्न विषयवस्तुलाई उनले समेट्दै अन्य पुस्तक छाप्न तल्लिन रहेको पाउन सकिन्छ ।

## २.११ समथिङको उपन्यासगत प्रवृत्ति

Formatted: Line spacing: 1.5 lines

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

### २.११.१ समाजिक यथार्थप्रति रुचि

कथाकार समथिङ समाजकै यथार्थलाई टड्कारो रुपमा व्यक्त गर्दछन् । समाजमा रहेका ठुलाठालु, हाकिम, साहुमहाजन, आदिको शोषण प्रवृत्ति अन्याय, अत्यचार र व्यभिचार प्रवृत्तिले समाजमा कति नराम्रो नङ्ग्रा गाडेको छ । त्यसको चिरफार र व्यङ्ग्य विद्रोह गर्छन् । निम्न र निम्न मध्यम परिवारको कारुणिक अवस्था र यिनीहरू माथि समाजका ठालु वर्गले गर्ने शोषण दमनको उनी पर्दाफास गर्छन् । गरीब परिवारप्रति शोषण, अत्यचार र अनेक हिनता क्रियाकलापको चित्रण उनको उपन्यासमा पाइन्छ । जेहोस् समाजकै विकृति, विसङ्गति र रुग्णताजन्य अवस्थाको सटीक वर्णनद्धारा त्यस्ता प्रवृत्तिको अन्त्य हुनुपर्ने र समाज स्वास्थ्य र राम्रे हुनुपर्ने कुरामा जोड दिनु नै समथिङको कथा लेखनगत उद्देश्य –हो । उनी समाजकै यथार्थ प्रकट गर्दै समाजलाई सुन्दर पार्ने दृष्टि प्रस्तुत गर्दछन् । यसरी समाजको यथार्थ हेराई उनको उपन्यासकारिताको मूल प्रवृत्ति हुन पुगेको छ ।

### २.११.२ यिनका उपन्यासमा समाजका विभिन्न स्थितिका पात्रहरूको प्रयोग पाइनु

यिनका पात्रहरू सामाजिक छन् र ती पात्रहरू एकै प्रकारका नभई विविध खालका छन् र—। तिनका मानसिकता पनि विविधतायुक्त पाइन्छ । यस्तै यौनमनोविज्ञान र बाल मनोविज्ञानलाई समावेश गर्ने काम यिनले विविध खालका पात्रद्वारा सम्पन्न गरेका छन् तर यी समसमायिक घटनाबाट उत्प्रेरित छन् । त्यसैले विविध मनोविज्ञानको प्रयोग गरेको पाइन्छ ।

### २.११.३ बालजगत्का समस्याहरू कथामा देखाइएका हुन्छन् बालकहरूका पनि आफ्नै समस्याहरू हुन्छन् भन्ने कुरा देखाइएको छ ।

ती समस्या जन्मने विविध कारणहरू हुन्छन् । ती कारणचाहिँ सामाजिक समस्यालाई मान्दछन । "म एच्.आई.–भी. संक्रमित हुँ" शीर्षकको कथामा श्यामेको नाजुक परिवार स्थितिमा बाबु आमा विहीन टुहुरो केटोको पारिवारिक जिम्मेवारीलाई मार्मिक रुपमा प्रस्तुत गरिएको छ । त्यस्तै सानै उमेरमा अपमानित धनेपछि गएर उसकै कडा परिश्रमले धनबहादुर सरमा परिणत हुनु पनि सामाजिक रुढीबादी संस्कार नै बनेको छ । यसरी वालकमा कुन कुराले मानसिक समस्या उब्जाइदिन्छ । त्यसको कारण के हो ? यही कुराको राम्रो चित्रण उनको उपन्यासमा भएको छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

### २.११.४ यौनको सहज विश्वसनीय पक्षमा जोड दिएका छन्

यिनका उपन्यासमा यौन सहज र विश्वसनीय रुपमा आएको छ । समथिङको उपन्यास जड्याहाकी स्वास्नी उपन्यासमा रमण सरले पहिलो श्रीमती हुँदाहुँदै आफूले पढाउने विद्यार्थी दोस्रो श्रीमतीको रुपमा भित्र्याउनु, उसले दिनदिनै जाँड रक्सी खाएर घरमा आईश्रीमती तथा छोरीलाई पशु भै व्यवहार गर्न थाल्दछ,यौन शोषण गर्दछ । त्यस्तै उनको अर्को उपन्यास दुर्दशामा पनि राम्री मायालाई विविध सपना देखाएर विदेशीन बाध्य बनाइन्छ, हिरोइन बन्ने सपना बोकेर विदेशिएकी राम्रीमाया यौन शोषणमा परी पीडित हुन्छिन् अन्त्यमा एच.आई.भी. पीडित भई नेपाल फर्कन बाध्य छिन् । यसरी उनका उपन्यासमा नेपाली नरनारीहरूको दयनीय स्थितिको चित्रण पाइन्छ ।

### २.११.५ यिनका उपन्यासमा उपन्यासको ढाँचा रैखिक छ

यिनको उपन्यासहरू सहज रुपमा एकपछि अर्को हुँदै आदि, मध्य र अन्त्यको क्रममा राखिएको पाइन्छ ।

### २.११.६ सरल भाषाको प्रयोग

यिनको भाषा सरल छ । स्थानीय बोलचालको भाषाको प्रयोग गरिएको पाइन्छ । कतिपय ठाँउहरूमा ठेट भाषाको समेत प्रयोग गरिएको पाइन्छ । त्यति भएर पनि यिनी दुर्बोध्य छैनन् र भाषालाई क्लिष्ट बनाउने प्रवृत्ति यिनमा पाइँदैन ।

### २.११.७ पात्रहरू निम्न सामाजिक स्तरका छन्

यिनका कथामा रहने पात्रहरू अत्यन्त निम्न स्तरका रहेका छन् । साधारण किसान दैनिक बनिबुतो गर्ने मान्छे, कुल्ली, ज्यामी र विदेशिएका नेपाली युवाहरूलाई कथाका प्रमुख पात्रका रुपमा लिइएको छ । त्यसैले यिनका पात्रहरू सबै दुःखित, पीडित र सामाजिक समस्याबाट आक्रान्त भएका निम्न स्तरका छन् । यस्ता निम्न स्तरका पात्रका माध्यमबाट समाजका विद्यामान विसमता, असन्तुलन, विसंङ्गति र समाजका अत्यन्त कारुणिक जीवनको चित्रण गरेका छन् । समाजका अँध्यारा पक्षलाई देखाउने रुन्चे पात्रहरूको वास्तविक यथार्थलाई देखाइका छन् ।

### २.११.८ गाउँ र सहर दुवैक्षेत्रलाई कार्यपीठिका बनाइएको छ

Formatted: Line spacing: single
Formatted: Space After: 6 pt
Formatted: Space After: 6 pt, Line spacing: single
Formatted: Line spacing: 1.5 lines
Formatted: Line spacing: 1.5 lines
Formatted: Line spacing: 1.5 lines
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

विशेषत यिनका उपन्यासमा गाउँ, सहर र विदेशलाई समेत कार्य पीठिका बनाएका छन् । यिनका उपन्यासहरूमा सबै पात्रहरू गाउँमै जन्मिएर कामको शिलशिलामा सहर र विदेशी भूमिमा रमेको पाइन्छ । कुनै कथामा भने ग्रामीण परिवेशमा नै समाएको पाइन्छ ।

### २.११.९ सामाजिक गतिशीलतामा जोड दिएको छ

समाज गतिशील हुनुपर्छ भन्ने धारणा पाइन्छ । समथिङले परम्परा र अन्ध संस्कृति पुरानो विचारधारा आदिको अन्त्य गरेर समाजमा नयाँ अवस्था र विश्वास प्राप्त गर्न आर्थिक विषमता रहित वर्गविहीन आदर्श समाज सिर्जनाका लागि गतिशील हुनुपर्ने कुरामा जोड दिन्छन् ।

### २.११.१०नेपाली समाजको आर्थिक द्वन्द्वलाई जीवन्त रुपमा चित्रण गरेका छन्

हाम्रो जीवन र समाज अर्थतन्त्रमा आधारित हुने हुँदासमाजमा रहेका आर्थिक पक्षलाई समथिङ बढी जोड दिन्छन् । अतः उनका कथामा विशेषतः आर्थिक द्वन्द्व सामाजिक ढाँचासँग सम्बद्ध हुन्छ ।समाजमा दलित दलाह शोषित रशोषक दुई वर्ग छन र तिनका बीचमा अन्तरद्वन्द्वपूर्ण स्थिति छ । समाजमा आर्थिक वितरण समान रुपमा हुन नसकेकाले नै प्रगति हुन सकेको छैन । समाजमा बढीभन्दा बढी दलित, पीडित र गाँस, बास, कपासका निम्तिरुने दुःखीहरू छन् । जति बढी त्यस्ता मानिस समाजमा रहन्छन त्यति समाजको विकास हुन सक्दैन । त्यसैले नयाँ विचारधारालाई ल्याएर मात्र त्यस्ता पुराना विचारधारालाई हटाउन सकिन्छ । यसरी धनी र गरीब बीचको दुरीलाई अत्यन्तै फराकिलो पार्ने तत्त्व अर्थ नै हो । यस्ता सामाजिक संरचनामा रहेको त्रुटीलाई आर्थिक द्वन्द्वले विकसित हुन सक्दैन भन्ने धारणा रहेको समथिङ आफ्ना उपन्यासमा पात्रहरूको माध्यमबाट आर्थिक द्वन्द्वलाई देखाउनमा प्रमुखता दिन्छन् ।

### २.११.११ राजनैतिक चेतनाको पृष्ठभूमिमा सामाजिक समस्या प्रस्तुत गरेका छन्

उनले राजनैतिक चेतनालाई कलात्मक रुपमा प्रस्तुत गरेका छन् । '–जनयुद्धको उपहार–' उपन्यासमा राजनैतिक र जातीय चेतना बढी छ । तापनि विश्व राजनैतिक चेतनालाई कलात्मक र नाटकीय रुपमा प्रस्तुत गरिएको छ । यस्ता राजनैतिक चेतनाकै रुपमा नेपाली समाजको गरिबी र जातीय समस्यालाई मार्मिक तथा व्यङ्ग्यपूर्ण बनाई

Formatted: Line spacing: 1.5 lines
Formatted: Line spacing: 1.5 lines
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

प्रस्तुत गर्न सक्नु उनको कथाकारिताको सफलता हो । यसरी सामाजिक समस्यालाई राजनैतिक चेतनाको पृष्ठभूमिमा प्रस्तुत गर्न समथिङ निपूर्ण छन् ।

### २.११.१२ उनले गरिबी र यसबाट उत्पन्न हुने जटिल समस्यालाई व्यापक रुपमा प्रस्तुत गरेका छन्

गरिबी समथिङको उपन्यासको मुख्य क्षेत्र हो । यसैले नेपालको वास्तविकतालाई बुझ्न गरीबहरूलाई नै हेर्नु पर्ने हुन्छ । समथिङको 'धनीरामको दशैं' उपन्यासमा गरीबीको कारणले धनीरामको परिवारले राम्रोसँग दशैं मनाउन नसकेको कुरा यस उपन्यासमा चर्चा गरिएको छ । आर्थिक विषमतामा आधारित समाज व्यवस्थाको विरोध गर्दै आर्थिक दवाबमा परेका गरीबहरूको कारुणिक जीवनको चित्रण गरेका छन् । समान्ती वर्गको विरोध र व्यङ्ग्य गदै गरीब प्रति सहानुभूति राख्ने काम समथिङले गरेका छन् ।

### २.११.१३ वेदना, पीडा र अन्य संवेगहरूको समायोजन उनका उपन्यासमा गरिएको पाइन्छ

मानिस हृदय भएको प्राणी भएकाले समाजका हरेक कुराले उसको हृदयमा प्रभाव पार्दछ त्यसैले मानिसमा वेदना, पीडा र अन्य विभिन्न संवेगहरू हुन्छन र त्यस्ता संवेगहरूलाई पनि समथिङले आफ्ना उपन्यासमा घटनाका साथ साथैचित्रण गरेका हुन्छन् ।

### २.११.१४ नारीमा देखिएका यौन समस्याको चित्रण गर्नु

समथिङको उपन्यासहरू 'दुर्दशा' मा राम्रीमाया विदेशमा बेचिएर यौन शोषणमा परेको कुरा चित्रण गरिएको छ । 'माया' उपन्यासमा शंकरको श्रीमती ममता नोकरको यौन शोषणमा परी श्रीमान्लाई छोडिदिएका छन् । श्रीमान्हरू कामको शिलशीलामा विदेश गएपछि स्वदेशमा बस्ने श्रीमतीहरूको यौन चाहनाले उग्ररुप लिएपछि महिलाहरू सामाजिक संस्कारलाई तोड्दै आफूखुसी गर्न थालेको घटनालाई उनले मार्मिक प्रस्तुत गरेका छन् ।

निष्कर्षमा भन्नुपर्दा समथिङका सामाजिक यथार्थवादी कथामा ग्रामीण तथा सहरिया जीवनका तडकभडक आर्थिक दुरावस्था, मूल्यहिनता, नैतिकतामा परिवर्तन जस्ता सन्दर्भको प्रस्तुति पाइन्छ । त्यस्तै तल्ला वर्गका मानिसप्रति माथिल्ला वर्गका मानिसले गर्ने शोषण, दमन जस्ता वर्गीय चेत फेला पर्दछ । उनका यौनवादी दृष्टि, समाजवादी यथार्थ, सामाजिक यथार्थ प्रकृतवादिता, नवयुगीन, नवचेतनावाद, नारीवादिता जस्ता मिश्रित प्रवृतिहरू रहेको पाइन्छ । मनोविज्ञानको चित्रणका क्रममा रतिरागात्मकता र दमित विकृत कामवासनाको

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

परिणतिको चित्रण पाइन्छ । आञ्चलिकता यिनका उपन्यासमा पाइने स्थानीय रङको विशेषता हो । पहाडको सुन्दर चित्रण यिनका उपन्यासमा भेट्न सकिन्छ । यिनै विशेषताहरूको सन्दर्भमा यिनी नवयुगीन एक उत्कृष्ट कथाकार हुन पुगेका छन् ।

**

# तेस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक पक्षको अध्ययन

## ३.१ उपन्यासको सङ्क्षिप्त परिचय

उपन्यास के हो भन्ने विषयमा धेरै विद्वान्हरूले चर्चा गरेका छन् । तिनमा कतिपय परिभाषा बढी मात्रामा लागु हुन सक्छन भने कतिपय कम मात्रामा लागु हुन्छन् । पूर्वीय साहित्यको इतिहास हेर्दा संस्कृत, प्राकृत र अपभ्रंश कालपछि आधुनिक भाषाहरूमा साहित्य सिर्जना हुन थाले पछि मात्र उपन्यासको आधुनिक स्वरुपको विकास हुन थालेको पाइन्छ । त्यसैले आधुनिक मान्यताको आधारमा उन्नाइसौँ शताब्दीभन्दा पहिले पूर्वीय उपन्यास लेखन परम्परा शून्य जस्तै रहेको छ । पश्चिममा पनि उपन्यास लेखनको प्रारम्भ अठारौँ शताब्दीको

Formatted: Font: 20 pt
Formatted: Font: 24 pt
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

अवधि त्यति धेरै छैन तर पूर्वपश्चिम दुवैतिर उपन्यास लेखिनु पूर्वका आख्यानबहुल रचनाहरूमा भने उपन्यासका तत्वहरू विकीर्ण मात्रामा रहेको पाइन्छ ।

उप+नि+अस+घञ् (अ) बाट उपन्यास शब्दको व्युत्पादन हुन्छ । सामान्यत उपन्यास शब्दको अर्थ नजिकमा राख्नु भन्ने हुन्छ । पाश्चात्य साहित्यमा उपन्यासलाई बुझाउन प्रयोग हुने नोवेल (novel) शब्दको अर्थ नोवेलस (novellows) वा नोवेला (novella) रहेको पाइन्छ । यसको सामान्य अर्थ समचारलाई सङ्केत गर्ने अथवा घटनालाई समचारका रुपमा सम्प्रेरित गर्नु भन्ने रहेको छ । जसको सामन्य अर्थ घटनालाई समाचारका रुपमा सम्प्रेषसण गर्ने भन्ने हुन्थ्यो तर आज आएर उपन्यासको अर्थगत उपयोगिता अर्कै भएको छ (प्रधान २०५२,पृ. १५) । घटना, वस्तु, पात्र, परिवेश, कूतूहलता, द्वन्द्व र प्रस्तुति विशेष समेतको आख्यनात्मक प्रतिपादनलाई उपन्यास भन्ने अर्थ दिन थालिएको छ । समाजमा भए घटेका छोटामोटा घटनालाई समेटेर छोटाछोटा खिस्सा लेखनबाट सुरु भएको उपन्यासले आफ्नो विधागत विकाससँगै धेरै आरोह अवरोह पार गरेको छ । युरोपमा औद्योगिक युगको सुरुवात भएपछि समाज पुँजीवादमा फड्को मार्‍यो तथा शोषण र शोषित दुई वर्ग देखा पर्‍यो । उपन्यासमा यिनै दुई वर्गको वर्गीय द्वन्द्वलाई बढी स्थान दिइयो । समयको गतिसँगै सामाजिक भेद्भाव, शोषण, दमन, अन्याय, अत्याचार, सामाजिक तथा राजनैतिक र साँस्कृतिक समस्याका यथार्थ वस्तुलाई समेट्ने मात्र होइन, सामाजिक तथा राजनैतिक विद्रोह, वर्गीय तथा जातीय भेद्भाव, वेरोजगारी समस्यालाई समेट्न थाल्यो (बस्नेत २०५९, पृष्ठ, ६) ।

### ३.२ उपन्यासको व्युत्पत्तित्त

नेपाली भाषामा प्रचलित ‘उपन्यास’ शब्द तत्सम शब्द हो । ‘अस’् धातुमा ‘उप’ र ‘नि’ उपसर्ग जोडी त्यसमा ‘घञ्’ प्रत्यय समेत लागेर उपन्यास शब्दको व्युत्पत्ति भएको छ । सँस्कृतमा उपन्यासको अर्थ कुनै वस्तु कसैको समिपमा राख्नु भन्ने हुन्छ । जीवनजगत्को यथार्थ पक्षलाई समेटेर समाजका साम् प्रस्तुत गर्नु नै उपन्यास हो । व्यावहारिक रुपमा हेर्ने हो भने जीवनजगत्को साङ्गोपाङ्गो प्रस्तुति गर्नु नै उपन्यास हो ( बस्नेत, २०५९ : ;पृ. १) । संस्कृत साहित्यमा उपन्यासलाई आनन्द गराउने अर्थका रुपमा मात्र हेरिएको छ तर नेपाली साहित्यका उपन्यास विधाले आफ्नो छुट्टै पहिचान कायम गर्न सफल देखिन्छ । जे भए पनि उपन्यास पाश्चात्य साहित्यको चिन्तनको उपज हो ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

आजको साहित्यिक परिसरमा लोकप्रिय तथा जीवनलाई सर्वोत्कृष्ट रुपमा आत्मसात् गर्न सक्ने विधाका रुपमा उपन्यास चर्चित रहेको छ । यो अंग्रेजी शब्द 'novel'~~'novel'~~ को नेपाली रुपान्तरण हो । उपन्यासलाई अंग्रेजी शष्द 'novel' को पर्यायवाचीका रुपमा व्यवहार गरिएकाले सर्वप्रथम 'novel'~~'novel'~~ को पुर्ख्यौली खोज्नु आवश्यक हुन्छ । 'novel'~~novel~~ शष्द इटालेली भाषाको 'novella' बाट बनेको हो । जसको अर्थ, अलिकति नयाँ वस्तु, अर्थात्, 'a little new thing' भन्ने हुन्छ । त्यस्तै 'novella' शब्दचाहिँ ग्रिसेली भाषको नयाँ अर्थ दिने 'novus' शब्दबाट निर्माण भएको हो । इटालेली भाषामा प्रशस्त 'novella' ~~'novella'~~ हरू लेखिए र तिनीहरूलाई अंग्रेजी भाषामा अनुवाद गरियो । यही इटालेली 'novella' ~~'novella'~~ अंग्रेजी भाषामा आएर 'novel' शष्दले प्रसिद्ध पाइसके पनि अङ्ग्रेजी साहित्य 'fiction' को व्यवहार उपन्यासकै लागि भइरहेको पाइन्छ । यस अर्थमा यहाँ 'novel' र 'fiction' को अन्तर सम्बन्धलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ । सबै 'novel' ~~'novel'~~ हरू 'fiction' ~~'fiction'~~ हुने तर कथा (short story) बाहेकका 'fiction' मात्र 'novel' ~~'novel'~~ हुन् ।

यसरी विश्व साहित्यमा ड्यनियल डिफोको 'robinon cruse' लाई नै पहिलो उपन्यास कृति र डेनियल डिफोलाई उपन्यासका पिता भनिन्छ । त्यसैले डिफो, रिचर्डसन र फिलिङलाई आधुनिक उपन्यास जगत्का मूल आधार र प्रतिष्ठापक मानिन्छ ।

## ३.३ उपन्यासको परिभाषा

उपन्यास शब्द नेपाली भाषाले मातृभाषा संस्कृतबाट ग्रहण गरे पनि खास गरी यो विधा पाश्चात्य साहित्यको देन हो । प्राचीन साहित्यमा उपन्यासले कथा, कहानी, खिस्सा, टिप्पणीमूलक समाचार जे अर्थ लागे पनि आधुनिक साहित्यमा उपन्यासको आफ्नो छुट्टै अर्थ छ । उपन्यास लचिलो विधा भएकोले हालसम्म यसको परिभाषा कसैले गर्न सकेको छैन । उपन्यासलाई पश्चिममा तथा पूर्वीय विद्वान्हरूले आ–आफ्नै तवरले परिभाषित गर्न खोजेका छन् । यहाँ शब्दकोष स्वदेशी तथा विदेशी विद्वान्हरूले गरेका केही परिभाषाबारे चर्चा गरिन्छ ।

### ३.३.१ शब्दकोषले दिएका परिभाषा

उपन्यासको परिभाषा गर्ने क्रममा विभिन्न किसिमका शब्दकोषले दिइएको परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ ।

**१. नेपाली साहित्य कोश**

'उपन्यास गद्यमा रचिएको दीर्घ कलेवर भएको कथात्मक साहित्यक रुप हो ।'

**२. नेपाली शब्दसागर**

'उपन्यास काल्पनिक पात्रको जीवनको हरेक अङ्गमा विस्तृत जानकारी प्रस्तुत गर्ने गद्य कथा हो ।'

**३. वृहत् शब्दकोश**

'उपन्यास धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा चरित्रप्रधान गद्य महाकाव्य हो ।'

**४. न्यु इन्टरनेसनल डिक्सनरी**

'उपन्यास यस्तो विशाल कल्पिन गद्य आख्यान हो, जसमा एउटै कथानक अन्तर्गत यथार्थ जीवनको निरुपणको प्रयास गर्ने चरित्र तथा तिनीहरूको क्रियाकलापको चित्रण हुन्छ ।'

**५. हिन्दी शब्दकोष**

'उपन्यास त्यो हो, जसमा काल्पनिक तथा धेरै लामो कथ्य धेरै पात्रहरू र तिनका जीवनका विविध पक्षको चित्रण हुन्छ ।'

उपर्युक्त कोशीय परिभाषा अनुसार उपन्यास आख्यान साहित्य हो । यसको आकार कथाको भन्दा ठुलो हुन्छ र यसले जीवनजगत्को सर्वाङ्ग पक्षको चित्रण हुन्छ । यथार्थ कथावस्तु काल्पनिक पात्र र गद्यभाषा र नवीन शैली भएको साहित्यिक कृति उपन्यास हो । प्राचीनकालमा छोटामोटा खिस्साहरू पनि उपन्यासको कोटीमा पर्ने भए तापनि अर्वाचीन कालमा भने यसले महाकाव्य समकक्षी कृति नै उपन्यास हो भन्ने निष्कर्ष माथि उल्लिखित शब्दकोषीय परिभाषाबाट स्पष्ट हुन्छ (बस्नेत, २०६३ : ~~३,पृ.~~१४) ।

**३.३.२ विभिन्न विदेशी तथा स्वदेशी विद्वान्हरूका परिभाषा**

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

उपन्यासको परिभाषा गर्ने क्रममा स्वदेशी तथा विदेशी विद्वान्हरूले आ–आफ्नै किसिमले परिभाषा दिइएका छन् । केही विदेशी तथा स्वादेशी विद्वान्हरूको परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ :

**१. पाश्चात्य विद्वान् राल्फ फक्स**

'उपन्यास कला नै त्यो पहिलो साहित्यिक कला हो जसमा मानव जीवनको सम्पूर्ण अङ्गको अभिव्यक्ति गर्ने प्रयास गर्दछ ।'

**२. हेनरी फिल्डिङ**

'उपन्यास सुखान्त गद्य महाकाव्य हो' ।

**३. ई.एम.फोर्स्टर**

'सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक आदि संस्कारद्वारा पीडित मानवजातिका एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो' ।

**४. भारतीय विद्वान् प्रेमचन्द्र**

'म उपन्यासलाई मानव चरित्रको चित्र मात्र सम्भन्छु मानव चरित्र माथि प्रकाश पार्नु अनि त्यसको रहस्यलाई खोज्नु नै उपन्यासको मुल उद्देश्य हो ।'

**५. विश्वनाथ**

'उपन्यास भनेको कसैलाई प्रसन्न गराउनु हो ।'

**६. नेपाली समालोचक मोहनराज शर्मा**

'विश्व साहित्य र नेपाली साहित्यमा पनि उपन्यास मुक्त, विराट, उर्वर, विशिष्ट आख्यान विधाका रुपमा हुर्केको छ । यो अत्याधिक प्रयोग बेहोर्ने विधा भएकाले यसमा स्वैर कल्पनाको पनि प्रचुर प्रयोग भएको देखिन्छ ।'

**७. समालोचक राजेन्द्र सुवेदी**

'पूर्वापर तारतम्यमा सुसम्वद्ध लेखिएको आख्याानात्मक रचनालाई उपन्यास भनिन्छ ।'

**८. इन्द्रबहादुर राई**

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

'यथार्थसँग परिचय, सत्यको मूल्यको संरक्षण, जीवन वैविध्य माथि एकरुपता, जीवन शिक्षण, व्यक्तित्वको र मानवताको प्राप्ति उपन्यासको प्रमुख दयित्व हुन् ।'

### ९. वासुदेव त्रिपाठी

'कुनै शाश्वत् मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान् बनाउँछ '(बराल, २०५६ : पृ.८) ।

### १०. प्रोफेसर वारेन

'उपन्यास प्रकाशनपूर्ण हो, जसमा कथानक हुन्छ ।'

परिवर्तनशील संसारमा हरेक वस्तुको विकास र परिवर्तन भइरहेको हुन्छ । उपन्यास विधा समयसापेक्ष रुपमा परिवर्तित र विकसित भइरहेकोले विद्वान्हरूले गरको परिभाषाले यसका सम्पूर्ण पक्षलाई समेट्न सकेको देखिँदैनन् । कुनै पनि विद्वान्का परिभाषाहरू पूर्ण र निर्विवाद बन्न सकेका छैनन् । तर सबै विद्वान्का परिभाषालाई मिलाएर उपन्यासको पहिचान गराउन भने सकिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने उपन्यास एक गद्यविधा हो । जसका घटना, चरित्र र परिवेश हुन्छ । काव्य हुन्छ । पाठकको मनमा कौतुहलता सिर्जना गर्दछ । यसरी उपन्यासलाई गद्यमा लेखिने दीर्घ आयम भएको जीवन र जगत्को सम्पूर्णतालाई चित्रण गर्ने लचिलो कलापूर्ण आख्यानात्मक साहित्य विधा उपन्यास हो ।

## ३.४ उपन्यासको विधागत स्वरुप

आधुनिक साहित्यका अन्य विधामा जस्तै उपन्यासको आफ्नो अलग्गै विधागत स्वरुप अर्थात् रुपविधान छ । उपन्यास समय सान्दर्भिक परिवर्तन विकसित हुँदै विकास भएको लचिलो साहित्यक विधा हो । उपन्यासले वैयक्तिक तथा सामाजिक जनजीवनको सूक्ष्म अध्ययन गरेको हुन्छ । यसले समाजको यथार्थता सत्यतथ्य रुपमा प्रस्तुत गर्दछ । उपन्यास विगतमा घटेका घटनाहरूको औपन्यासिक प्रस्तुतिको समन्वित स्वरुप हो । उपन्यासमा काल्पनिक चरित्रको माध्यमबाट यथार्थ घटनाहरूको व्यवस्थित तरिकाले अभिव्यक्त गरिएको हुन्छ । समाजका सानाभन्दा साना घटनालाई पनि उपन्यासकारले आफ्नो उपन्यासमा सूक्ष्म तरिकाले निरीक्षण र विश्लेषण गर्दछ (बस्नेत, २०५९ : पृ.२३,

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

२४) । केवल एकछिनको रमाइलो अवस्थामा मात्र होइन घटना र जीवनका सूक्ष्म तत्वहरूको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरुप अडेको हुन्छ ।

### ३.५ नेपाली उपन्यासको विकासक्रम

Formatted: Line spacing: single

नेपाली साहित्यमा आख्यानको प्रारम्भ वि.सं. १८२७ देखि भएको मानिन्छ । शक्तिवल्लभ अर्यालद्वारा अनुदित विराटपर्व नेपाली साहित्यमा पहिलो आख्यानात्मक स्वरुप लिएर देखा पर्छ । यसै बिन्दुदेखि हालसम्मको समयक्रमलाई केलाउँदा नेपाली उपन्यासको विकासक्रमको तीन काल निम्नानुसर देखिन आउँछ :

३.५.१ प्राथमिक काल (वि.सं.१८२७ – १९४५)

३.५.२ माध्यमिक काल (वि.सं.१९४६ – १९९०)

३.५.३ आधुनिक काल (१९९१ देखि हालसम्म )

### ३.५.१ प्राथमिक काल (वि.सं.१८२७–१९४५)

नेपाली उपन्यास परम्परामा वि.सं. १८२७ मा शीक्तबल्लभ अर्यालद्वारा अनुदित महाभारत विराटपर्वबाट प्राथमिक काल आरम्भ हुन्छ । ११८ वर्षको अन्तरालमा फैलिएको नेपाली उपन्यासको प्रथम चरणका आख्यानहरू मूलतः संस्कृतबाट र आंशिकमा अंग्रेजीबाट पनि अनुदित गरिका छन् । विराटपर्व पछि वि.सं. १०८३ मा भानुदत्तले अनुवाद गरेको हितोपदेश मित्रलाभ नेपाली उपन्यास परम्परामा देखापरेको महत्त्वपूर्ण कृति हो । यसैगरी शक्तिबल्लभ अर्यालकै हास्यकदम्ब (वि.सं. १८५५) र भवानीदत्त पाण्डेको मुद्राराक्षस (वि.सं. १८९०)पूर्णतया आख्यानात्मक कृति हुन् । दण्डीको दशकुमार चरित (वि.सं. १८७५) कृष्णचरित्र तथा वाणभट्टको कादम्बरी पनि आख्यान तत्त्व भएका कृति हुन् । (प्रधान, २०५३ : ~~पृ.,~~२२) त्यसैगरी कतिपय प्राथमिककालीन आख्यानहरू अङ्ग्रेजी भाषाबाट पनि नेपालीमा अनुदित छन् । यिनमा सेरामपुरको बाइबल (वि.सं. १८८४) पादरी गङ्गाप्रसाद प्रधानको नेपाली बाइबल (वि.सं.१९४०) आदि अङ्ग्रेजीबाट नेपलीमा अनूदित हुन् (भट्टराई, २०५० : ~~,पृ.~~८७) । आख्यान अन्तर्गत साहित्य क्षेत्रमा देखा परेका अन्य कृतिहरूमा बहत्रा सुधाको कथा, बेताल पचिसी~~विंशतिका~~, स्वस्थानी ब्रतकथा, मुन्सीका तीन आहान आदि रहेका छन् । प्राथमिककालीन आख्यान परम्परा उपन्यासगत आकार प्राप्तिका हिसाबले महत्त्वपूर्ण तथा मौलिकता दृष्टिले नवीन छैन तर अनुवाद रुपान्तरण तथा आख्यान लेखनतर्फ अभिरुचि जगाउने हिसाबले प्राथमिककाल महत्त्वपूर्ण देखिन्छ । अनुवाद नै भए पनि कथासूत्र प्रक्रिया,

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

गद्यशैली र आख्यान_विधानका दृष्टिले यस्ता कृतिहरूको उपन्यास विकासमा महत्त्वपूर्ण योगदान रहेको छ (प्रधान, २०४० : ; पृ. ११७) ।

### ३.५.२ माध्यमिक काल (वि.सं._१९४६ देखि १९९० सम्म-)

नेपाली उपन्यासको परम्परामा वि.सं.१९४६ देखि १९९० प्रेमाख्यान, तिलस्मी र डायरी उपन्यासको कालावधि हो । यस समयमा पूर्व परम्परा प्राप्त नीति, धर्मको शिक्षा दिने पौराणिक आख्यान पनि कायमै थियो । साथै धार्मिक—- पौराणिक आख्यान परम्पराबाट अलग्गिदै सर्वथा मनोरञ्जन र अलौकिक यात्रा गर्ने मनोरञ्जन प्रधान तिलस्मी स्वरुपको औपन्यासिक धारा यस समयको मूल धारा बन्न पुग्यो । यसलाई अनुकरण तथा प्रयोगको काल पनि भन्न सकिन्छ (गैरी, २०७१ : ; पृ. २०३) ।

माध्यमिककालीन उपन्यासको विकासमा पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण रहेको छ । कतिपय पत्रिकाहरूमा उपन्यासको धारावाहिक प्रकाशनको लहर चल्छ । गोरखापत्र ( वि.सं.१९५८), उपन्यासतरङ्गिणी (वि.सं.१९५९), सुन्दरी (वि.सं. १०६३), जस्ता (शर्मा र अन्य २०४६:१०६) पत्रिका मार्फत नेपाली उपन्यासले प्रकाशनको अवसर प्राप्त गरेका छन् । वि.सं. १९५९ मा उपन्यास_तरङ्गिणीमा प्रकाशित सदाशिव शर्माको महेन्द्रप्रभा नै पहिलो मौलिक नेपाली उपन्यास हो । माध्यमिककालीन अन्य उपन्यासहरूमा गिरीशबल्लभ जोशीको वीरचरित्र (वि.सं. १९६०), प्रारब्धदर्पण (वि.सं.१९६७), वेदनाथ आचार्यको दयाकी भावी ( वि.सं.१९७९), पद्मनाथ सापकोटाको जीवनचरित्र (वि.सं.१९७३), रामप्रसाद सत्यालको महासती अनुसूया (१९८५)_र अम्बालिका देवीको राजपुत रमणी (वि.सं.१९८९) आदि रहेका छन् । यी उपन्यासहरू_मध्ये दयाकी भावी (वि.सं.१९७९) महासती अनुसूया र राजपुत रमणी यी उपन्यासहरूलाई नेपाली उपन्यासको आधुनिक कालका निम्ति सबै_भन्दा नयाँ लाग्ने सङ्क्रमणकालीन उपन्यास कृतिहरूका रुपमा लिन सकिन्छ (सुवेदी, २०६४ : ; पृ. ६७) ।

माध्यमिक कालीन नेपाली आख्यानले संस्कृत स्रोतभन्दा अन्य स्रोततर्फ ढल्कने अवसर पाएको देखिन्छ । यथार्थमा भन्दा धार्मिक, आदर्शवादी, रोमान्सवादी, औपदेशिक प्रवृत्तितर्फ माध्यमिक कालका उपन्यासहरू उन्मुख भएका छन् । नारीलाई भोगविलासको साधन मान्ने र नायिका प्राप्तिका लागि हत्या, षड्यन्त्र गर्ने घटना यस अवधिका आख्यानमा देखा पर्दछ । यही अवधिमा नै लामा आख्यानलाई खण्डमा विभाजन गर्ने प्रयत्नका साथै

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

चम्पुशैली क्रमशः त्याग गरेर गद्यमा प्रयोग गर्ने प्रवृत्ति पनि पाइन्छ (भट्टराई, २०५० : ; पृ.२६०) ।

वीरसिक्काबाट प्रारम्भ भएको माध्यमिककालीन औपन्यासिक परम्परा महेन्द्रप्रभा (वि.सं. १९५९), वीरचरित्र (वि.सं. १९६०), राजपुत रमणी (वि.सं. १९८९) हुँदै अगाडि बडेको छ । प्रकाशनको सुविधासँगै नेपाली उपन्यासहरू धारावाहिक रुपमा पत्रिकामा प्रकाशित हुँदै जान्छन् । अतिरञ्जित कल्पना र उडन्ते आख्यानलाई त्याग्दै विश्वसनीय घटनावली र यथार्थतर्फको लम्काइमा अभिमुख हुने प्रवृत्ति माध्यमिक कालका उत्तरर्ती उपन्यासहरूमा पाइन्छ । स्रोतगत विस्तार र विषयगत विविधता केलाउँदै प्रकाशनको माध्यमबाट जनसमक्ष पुग्ने अवसर माध्यमिक कालीन उपन्यासले प्राप्त गरेको छ ।

### ३.५.३ आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

नेपाली उपन्यास साहित्यमा आधुनिक कालको प्रवर्तक समयविन्दुका बारेमा विद्वान् तथा समीक्षकहरूबीच एकमत पाइँदैन । आधुनिक नेपाली उपन्यास परम्पराको सुरुवात गर्ने कृतिका रुपमा रूद्रराज पाण्डेको रूपमती (वि.सं. १९९१) लाई नै लिइन्छ । यसै कृतिको प्रकाशनसँगै आधुनिक कालको थालनी भएको मानिन्छ । माध्यमिककालीन धार्मिक, नैतिक र अतिरञ्जनात्मक प्रवृत्तिलाई त्यागेर नवीन मूल्यमान्यता र विधागत सचेतताका साथ लेखिएको पहिलो उपन्यास रुपमती नै हो (न्यौपाने, शर्मा, २०६८ : पृ.१८४) । आधुनिकता भनेको निश्चित समयविन्दुमा बाँधिने कुरा नभई यो त समाज, मानवीय चिन्तनको विकास र व्यापकतासँगै गतिशील रहने देखिन्छ । नेपाली उपन्यास साहित्यको आधुनिक कालको प्रवर्तन सम्बन्धमा समीक्षक भानुभक्त पोखरेलले वि.सं. १९९१ मा प्रकाशित रूद्रराज पाण्डेको रूपमती उपन्यासलाई आधुनिक मानेका छैनन् । आदर्श र नीतिशिक्षामा जोड दिइएकाले रूपमती यथार्थपरक छैन भन्दै वि.सं. १९९३ मा प्रकाशित रूपनारायण सिंहको भ्रमरबाट उनी आधुनिक कालको सुरुआत भएको मान्दछन् (पोखरेल, २०४० : ०, पृ.१९३) । रूपमतीले आदर्शको प्रबलता, काल्पनिक तत्त्वको साहाराजस्ता परम्परालाई छाड्न नसकेको कारण आधुनिक मान्न नसकिने भन्दै भ्रमरले आधुनिक कालको सुरुवात गरेको तर्क अघि सारिएको पनि पाइन्छ । सोझो रुपमा होस वा घुमाउरो रुपमा आधुनिक कालको आरम्भ गर्ने पहिलो उपन्यासको रुपमा ‘रूपमती’ (१९९१) लाई लिइएको छ । केही कमी कमजोरी हुदाहदुँदै पनि पहिलो आधुनिक उपन्यासको रुपमा यसलाई स्वीकारेको पाइन्छ (न्यौपाने,

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

गैरी, २०६८ :, पृ.१८४) । रूपमती उपन्यास प्रथमिककालीन नीतिमूलक, माध्यमिककालीन, जासुसी, तिलस्म आख्यानभन्दा भिन्न वस्तुजगत्का यथार्थ घटनामा आधारित छ । मानवीय चरित्र, वस्तुयथार्थ, द्वन्द्व, कौतूहलता र सामान्य बोलीचालीको भाषा प्रयोग गरेर आधुनिक ढाँचाको प्रथम प्रयोग रूपमतीले दिएको पाइन्छ (कट्टेल ,२०६८ :८, पृ.-:३५) ।

यसरी रूपमती (वि.स. १९९१) देखि सुरु भएको नेपाली उपन्यासको आधुनिककाल विभिन्न समयमा विभिन्न प्रवृत्तिलाई आत्मसात् गर्दै आजको अवस्थासम्म गतिशील छ । नेपाली उपन्यासहरूमा हालसम्म देखिएका सस्ंकारगत भिन्नताको आधारमा वि.सं. १९९१ देखि वर्तमान सम्मको नेपाली उपन्यास लेखन प्रवृत्तिसलाई मोटामोटी निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ ।

३.५.३.१. आदर्शोन्मुख यथार्थवादी धारा

३.५.३.२ स्वच्छन्दतावादी धारा

३.५.३.३ सामाजिक यथार्थवादी धारा

३.५.३.४ आलोचनात्मक यथार्थवादी धारा

३.५.३.५ मनोविश्लेषणात्मक धारा

३.५.३.६ विसङ्गतिवादी धारा

३.५.३.७ अस्तित्ववादी धारा

३.५.३.८ समाजवादी यथार्थवादी धारा

**३.५.३.१ आदर्शोन्मुख यथार्थवादी धारा**

वस्तु जस्तो छ त्यसलाई त्यस्तै रुपमा चित्रण गर्ने काम यथार्थवादले गर्दछ । समाजमा जे छ त्यो नभई जसमा अपेक्षा राखिन्छ अर्थात् जस्तो हुनुपर्दछ त्यसको दिग्दर्शन गर्ने काम आदर्शवादले गर्दछ । पात्र र घटनाको चित्रण पद्धति सामाजिक यथार्थवादी र यथार्थवादको उद्देश्य आदर्शवादी हुने हुनाले नै यस्ता उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिएको हो । असल कार्य गर्नेलाई ईश्वरले पुरष्कृत गर्छन् भने खराब कार्य गर्नेलाई दण्डित गर्छन् भन्ने आदर्श विचार प्रकट आदर्शोन्मुख यथार्थवादको प्रमुख प्रवृत्ति वा विशेषता हो । चरीत्र, घटना, परिवेश आदि सबैको सिर्जना आदर्शको स्थापनाका लागि गरिएको हुन्छ । वास्तवमा मानवमा रहने नैतिकता, अनुशासन, मर्यादा र अनुसरणीय

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

गुणहरूलाई नै व्यापक अर्थमा आदर्श मानव समाज र यथार्थ परिवेशलाई आधार बनाएर लेखिएको उपन्यास जब आदर्शको केन्द्रीय निष्कर्षमा टुङ्गिन्छ त्यो आदर्शोन्मुख यथार्थवादी हुन्छ (सुवेदी, २०६४ : ६३) । नेपाली उपन्यास परम्परामा रूद्रराज पाण्डेको रूपमतीबाट आदर्शोन्मुख यथार्थवादी लेखनको सुरु हुन्छ (प्रधान, २०५३ : ६६) । पञ्चायत (वि.सं. २०१०), समयको हुरी (२०१५), आच्छा राई 'रसिक' को लगन (वि.सं.२०१२), भुवनेश्वर कोइरालाको सत्यसन्देश र विधुवा जीवन (वि.सं. २०१३), लीलाध्वज थापाको मन (वि.सं. २०१४), इन्द्र सुन्दासको मङ्गली (वि.सं. २०१५), काशीबहादुर श्रेष्ठको 'उषा' (१९९५) र 'वचन' (२००१), भुवनेश्वर कोइरालाको 'बैकुण्ठको महल' (२०१३), 'सत्य सन्देश' (२०१३), र 'विधवा जीवन' (२०१३) आदि यस धाराका उपन्यासहरू हुन् ।

समयगत दृष्टिले यस धारामा धेरै लेखकहरू देखिएका छन् । यस धारा वा प्रवृत्तिका उपन्यासमा सामाजिक विषयको प्रधान्य रहेको छ भने नारी जीवनका दु:ख पीडा उद्घाटन गदै नारीले अपनाउनु पर्ने बाटो पनि यस धाराका उपन्यासकारले देखाएका छन् । उपन्यासमा सरल र बोलीचालीको भाषा प्रयोग गरिएको पाइन्छ । बाहिरी यथार्थको चित्रण गर्ने क्रममा भावसत्यलाई पर्याप्त महत्व दिनु, लौकिक, अतिरञ्जात्मक, कोरा काल्पनिक, शृङ्गारिक, जासुसी र तिलस्मी प्रवृत्तिबाट मुक्त रहने प्रयास गरिनु, घटना, चरित्र र परिवेशको चित्रण यथार्थ पद्धतिबाट गर्ने प्रयास गरिनु आदि यस धाराका प्रवृत्तिहरू हुन् ( न्यौपाने र अन्य, २०६८ : १८५) ।

### ३.५.३.२ स्वच्छन्दतावादी धारा

नेपाली उपन्यासमा यस धाराको थालनी रुपनारायण सिंहको 'भ्रमर' (१९९३) को प्रकाशनदेखि भएको हो । प्रेमको चित्रण, पात्रको विभिन्न ठाँउँको भ्रमर, प्रकृतिको मनोहर चित्रण तथा ईश्वरीय रहस्यको प्रस्तुतिमा यस्तो उपन्यासको रुचि रहन्छ । स्वच्छन्दतावादी धारामा नवशास्त्रीयतावादी मान्यताका विरुद्ध गरेर जन्माइएको यस धारामा वस्तुपरकतामा भन्दा आत्मपरकतामा जोड दिइन्छ । यस धाराको प्रमुख उपन्यास रूपनारायण सिंहको 'भ्रमर' (१९९३) उपन्यास हो । यसबाहेक शिवकुमार राईको 'डाकबङ्गला' (वि.सं. २०१३), समीरण प्रियदर्शीको 'पोखिएको जिन्दगी' (वि.सं. २०२८), हिरण्य भोजपुरेको 'छिटेन' (वि.सं. २०५४), होमराज आचार्यको 'निर्दोष कैदी' (वि.सं. २०५४), आच्छा राई रसिकका 'लगन' ( २०१२) र 'दोभान' आदि स्वच्छन्दतावादी धाराका नेपाली उपन्यासहरू हुन् (वराल र अन्य

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

२०५५, पृ.१७) विषयवरुतुको सहज, स्वच्छन्द र भावपूर्ण वर्णन गरिनु, वस्तुतत्वभन्दा कल्पना तत्वमा बढी जोड दिइनु, अज्ञात मानवीय रहस्यमा विश्वास गरेर त्यसको स्थापना गर्ने प्रयास गर्नु, र सहज, सरल, सरस र आलङ्कारिक भाषाशैलीको प्रयोगलाई प्राथमिकता दिइनु आदि यस स्वच्छन्दतावादी धाराका विशेषताहरू हुन् ।

### ३.५.३.३ सामाजिक यथार्थवादी धारा

सामाजिक यथार्थवादी धाराको आरम्भ ‘मुलुकबाहिर’ उपन्यासको प्रकाशन (२००४) देखि भएको हो । यस्ता उपन्यासमा जीवन र जगत्का यथार्थ समस्याहरूको चित्रण गरिन्छ । जसरी चित्रकारद्वारा चित्रकारिता गरिन्छ त्यसरी नै सामाजिक यथार्थवादी उपन्यासकारद्वारा तटस्थ दृष्टा बनेर मानिस र ऊ बाँच्ने समाजको जस्ताको त्यस्तै चित्र उतार्ने प्रयत्न गरिन्छ । मानिसलाई अतिरञ्जना, स्वैरकल्पना, अध्यात्मवाद, रहस्यवाद आदिमा नरङ्गाईकन मानिसकै रुपमा चित्रण गरेर सामाजिक परिवेशलाई यथार्थ रुपमा उतार्ने प्रयत्न गरिन्छ । गरिब वर्गको चित्रण गर्ने क्रममा गाउँले जीवनका यथार्थ मर्महरूको प्रस्तुतिमा जोड दिइन्छ (न्यौपाने, २०६८ : ८,पृ.१८७) । लैनसिंह वाङ्देलको ‘मुलुक बाहिर’ (वि.सं. २००४) ‘लङ्गडाको साथी’ (वि.सं. २००८), ‘रेम्ब्रान्ट’ (वि.सं. २०२३), लीलाबहादुर क्षेत्रीको ‘बसाइँ’ (वि.सं. २०१४), ‘अतृप्त’ (वि.सं. २०३६), ‘ब्रह्पुत्रको छेउछाउ’ (वि.सं. २०४३), केशवराज पिडालीको ‘बाँच्ने एउटाको जिन्दगी’ (वि.सं. २०४३)राजेश्वरी देवकोटाको ‘आवर्तन’ (वि.सं. २०४१), सुस्मिता नेपालको ‘एकान्त पनि रुन्छ’ (वि.सं. २०५३), ‘मेरा छातीका कलेजाहरू’ (वि.सं. २०५५), परशुप्रधानको ‘सबै बिर्सिएका अनुहारहरू’ (२०२४), माधव भण्डारीको ‘पूर्णिमा’ (२०२८), भीमनिधि तिवारीको ‘इन्साफ’ (२०२७) आदि यस धाराका उपन्यासहरू हुन् (बराल, २०५५ : ,पृ.१७,१८) । समाज र मानिरबीचको सम्बन्धलाई सुक्ष्म रुपमा केलाउनु, समकालीन सामाजिक घटना र परिस्थितिको हुबहु चित्र उतार्नु, प्रकृतिको यथावत् चित्रणमा जोड दिनु, महत्हीन ठानिएको ठाउँ, घटना र पात्रहरूको सूक्ष्म चित्रणमा जोड दिइनु आदि यस धाराका विशेषताहरू हुन् ।

### ३.५.३.४ आलोचनात्मक यथार्थवादी धारा

सामाजिक भेदभाव कुरीति, शोषण, दमन, उत्पीडनजस्ता विकृति विसङ्गतिको विरोध तथा आलोचना गरेर सुधारका निम्ति सङ्घर्ष गर्न अभिप्रेरित गर्ने उपन्यासलाई

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

आलोचनात्मक यथार्थवादी उपन्यास भनिन्छ । यस्ता उपन्यासमा रुढी अन्धविश्वास र जडसूत्रवादी मूल्य र मान्यताको आलोचना गरी नवीन भौतिकवादी वैज्ञानिक जीवनपद्धतिलाई अँगालेर समता, स्वतन्त्रता, सम्पन्नता, सुख र शान्ति प्राप्तिका निम्ति प्रयासरत हुन बाटो देखाइएको हुन्छ (न्यौपाने, २०६८ : ;मृ.१९१) । नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादपछि लेखन प्रवृत्तिको रुपमा आलोचनात्मक यथार्थवाद आएको छ । नेपाली उपन्यासमा लैनसिंह वाङ्देलको लङ्गडाको साथीले सामाजिक यथार्थताका नाममा यथास्थितिका पक्षलाई आलोचनात्मक तवरले हेर्न थालेको पाइन्छ । यस धाराअन्तर्गत लेखिएका उपन्यासहरूमा मुक्तिनाथ तिमल्सिनाको 'अछुत' ? (वि.सं. २०१७), हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' (वि.सं. २०११)र 'एकचिहान' (वि.सं. २०१७), खड्गबहादुर सिंहको 'विद्रोह' भाग १(वि.सं. २०११) र 'विद्रोह' भाग २ (२०१३) शिवकुमार राईको 'डाकबङ्गला' (वि.सं. २०१३), जगदीश घिमिरेको 'लिलाम' (वि.सं. २०३६), 'साबित्री' (वि.सं. २०३२), रमेश विकलको 'सुनौली' (वि.स २०३१), 'अविरल बग्दछ इन्द्रावती' (वि.सं. २०४०) आदि आलोचनात्मक यथार्थवादी उपन्यास हुन् । आदर्श होइन यथार्थ जीवनको प्रस्तुति सुबोध भाषा र कलात्मक शैलीमा जोड दिइनु, गरिब वर्गको पक्षपोषण गरिन्छ अनि मुक्ति, परिवर्तन, प्रगति, सुख र स्थायी शान्तिका लागि सङ्घर्ष गर्न तिनलाई उत्साहित गरिनु र साहित्यको मूल्याङ्कन कलाको आधारमा होइन उपयोगिताको आधारमा गरिनु आदि यस आलोचनात्मक यथार्थवादी धाराका विशेषताहरू हुन् ।

### ३.५.३.५ मनोविश्लेषणात्मक धारा

नेपाली उपन्यासमा यस धाराको थालनी २०१६ सालमा प्रकाशित गोविन्द गोठालेको 'पल्लो घरको झ्याल बाट' भएको हो । यस धाराका उपन्यासमा बाह्य घटना वा क्रियालाई महत्व नदिएर व्यक्तिका मनको आन्तरिक विश्लेषणमा ध्यान दिइएको हुन्छ । अचेतन मनले चेतन मनमा परेको प्रभाव कुण्ठा र त्यसबाट सिर्जना हुने ग्रन्थिहरूको अनेकौं समस्याहरूको प्रस्तुति यसमा पाइन्छ । दमित इच्छाबाट व्यक्तिले भोग्ने अवस्थाको विश्लेषणमा यस्ता उपन्यास केन्दित हुन्छन् (बराल, २०५५ : ;मृ.१९) । मनोविश्लेषणात्मक विशिष्ट प्रयोग भएको प्रथम नेपाली उपन्यासका रुपमा गोविन्दबहादुर मल्ल 'गोठाले' को 'पल्लो घरको झ्याल' (वि.सं. २०१६) आएको छ । विजय मल्लको 'अनुराधा' (वि.सं. २०१८), विश्वेश्वरप्रसाद कोइराला 'तीन घुम्ती' (वि.सं. २०२५), 'सुम्निमा' (वि.सं. २०२७),

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

तारिणीप्रसाद कोइराला 'सर्पदंश' (वि.सं. २०२६), नकुल सिलवालको 'तेस्रो पाइला' (वि.सं. २०४५) आदि मनोविश्लेषणात्मक उपन्यासहरू हुन् ।

### ३.५.३.६ विसङ्गतिवादी धारा

नेपाली उपन्यासमा यस धाराको थालनी (२०२१) सालमा प्रकाशित इन्द्रबहादुर राईको 'आज रमिता छ'बाट भएको हो । यस धाराका उपन्यासमा मान्छले सञ्चित गरेको मूल्य, मान्यता, इच्छा तथा उसका क्रियाकलापहरूलाई निरर्थकता पैदा गरिएको हुन्छ । संसार विसङ्गतिले भरिएको हुनाले मान्छेले अस्तित्वको खोजी गर्दा शून्य हात लाग्छ भन्ने कुरा यस्ता उपन्यासले देखाएका हुन्छन् । विसङ्गतिको जन्म नै फ्रेडरिक विल्हेमनितनेको ईश्वरको मृत्यु घोषणाबाट भएकाले यस वादले कुनै पनि आदर्श, आस्था र नैतिकतामा विश्वास गरेको पाइँदैन । सबै कुरामा विसङ्गति बोध गर्दै जाने हो भने साहित्यिक कृतिको कथावस्तु, चरित्र, परिवेश, भाषाशैली आदि सबैमा विसङ्गति देख्न सकिन्छ र यस्ता स्थितिमा रचनाको सार्थकता समेत नदेखिन सक्छ । यस धारामा भाषाशैलीको समेत विसङ्गत रुपमा प्रयोग गरेको पाइन्छ । यस धाराका उपन्यासहरूमा इद्रबहादुर राईको 'आज रमिता छ' (२०२१) पारिजातका 'शिरीषको फूल' (२०२२), ध्रुवचन्द्र गौतमका अन्त्यपछि (२०२४), बालुवामाथि (२०२८) र डापी (२०३३) दौलतविक्रम विष्टको 'चपाइएका अनुहार' (२०३०) पर्दछन् ( बराल, २०५५ : , पृ.२०) । विषयवस्तु, चरित्र र उद्देश्यको विसङ्गतिपूर्ण प्रस्तुति पाइनु, जीवनजगत्को निस्सारता र सून्यताको अभिव्यक्ति पाइनु, सामाजिक सत्तालाई होइन व्यक्तिसत्तालाई प्राथमिकता दिइनु, विसङ्गत संसारमा अभिशप्त जीवन बाँच्ने निरीह मानिसका भय र सन्त्रासको चित्रण गरेको पाइनु आदि यस धाराका उपन्यासका विशेषताहरू हुन ।

### ३.५.३.७ अस्तित्ववादी धारा

नेपाली उपन्यासमा यस धाराको थालनी २०२२ सालमा प्रकाशित पारिजातको 'शिरीषको फूल' बाट भएको पाइन्छ । यस धाराका उपन्यासमा विसङ्गत संसारमा बाँचेका मान्छेले जीवनको अस्तित्वको खाजी गरेको हुन्छ । जीवनमा स्वतन्त्रताको वकालत गर्ने आफ्ना लागि आफैँ निर्णय र चुनाव गर्ने तथा त्यसको परिणाम आँफै भोग्ने प्रवृत्ति यस धाराको उपन्यासमा पाईन्छ । सामाजिक बन्धनलाई भुलेर आफ्नो मूल्यको संरक्षण गर्नुपर्छ । चाहे त्यो निष्प्रयोजन वा निरुद्देश्य नै किन नहोस् भन्ने विचार यस धारामा रहन्छ । यो

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

जीवन जगत् निरर्थक, निस्सार र विसङ्गत छ भन्ने बुझी विसङ्गतिका विरुद्ध सङ्घर्ष गरेर साहस र परिश्रममार्फत सुसङ्गति खोज्नुपर्छ र आफ्नो बेग्लै अस्तित्व खोज्नुपर्छ, मानिस कुनै निश्चित उद्देश्य लिएर आफ्नै इच्छा अनुसार जन्मेको हुँदैन र उसको मृत्यु समेत इच्छाअनुसार हुँदैन भन्ने कुरो सत्य हो र यही नै विसङ्गतिको मुहान पनि हो । यस धाराका प्रमुख उपन्यासहरूमा पारिजातको 'शिरीषको फूल' (२०२२), ध्रुवचन्द्र गौतमका 'अन्त्यपछि' (२०२४), 'बालुवामाथि' (२०२८) र 'डापी' (२०३३) विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' (२०५५), सरुभक्तको 'पागलवस्ती' (२०४८) आदि पर्दछन् । परम स्वतन्त्र, अन्तमुखी, व्यक्तिवादी र पलायनवादी चरित्र प्रस्तुत गरिनु, जीवनप्रति मोह, उत्साह र सक्रियताको कमी पाइनु, जीवन शून्य र निस्सार भए पनि सक्रिय भएर सभ्य व्यतीत गर्ने प्रयास गर्नु आदि यस धाराका मुख्य प्रवृत्तिहरू हुन् (न्यौपाने, २०६८ : १८७) ।

### ३.५.३.८ समाजवादी यथार्थवादी धारा

आलोचनात्मक यथार्थवादको तहबाट उन्मुक्त भएपछि समाजवाद यथार्थवादको स्थपना हुन्छ । सिर्जना क्षेत्रमा समाजवादी यथार्थवाद आलोचनात्मक यथार्थवादको विकसित रुपमा स्थापित भएको विचार धारा हो (सुवेदी, २०३८ : ४२३) । समाजवादी यथार्थवादमा सौन्दर्यशास्त्रीय कला स्वाभाविक र यान्त्रिक रुपमा प्रयुक्त हुन्छ । लेखन र स्रष्टा आफूले आत्मसात गरेका सचेतन एवम् ऐतिहासिकतावादी चिन्तनबाट कलाको सृजना गर्दछ भने त्यस्ता कलामा समाजवादी यथार्थवाद प्रबल रुपमा देखा पर्दछ । नेपाली साहित्यमा अनौपचारिक र स्वतस्फूर्त रुपमा समाजवादी यथार्थवादी लेखनको प्ररम्भ वि.सं. २००७ साल अघि नै भएको पाइन्छ । औपचारिक रुपमा यस चिन्तनको प्रारम्भ २००७ साल पछि मात्र भएको पाइन्छ । कलात्मक मूल्यका दृष्टिले नेपाली साहित्यमा आजसम्म पनि समाजवादी यथार्थवादी पूर्ण रुपमा स्थापित हुन सकेको छैन (सुवेदी, २०६४ : ४२२) । यस धारामा देखा परेका उपन्यासहरू हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नी मान्छे' (वि.सं. २०११), खड्गबहादुर सिंहको 'विद्रोह' भाग १ (वि.सं. २०११) र 'विद्रोह' भाग२ (वि.सं. २०१३), डी.पी. अधिकारीको 'आशमाया' (वि.सं. २०२५), 'पर्खाल भित्र र बाहिर' (वि.सं. २०३५), रमेश विकलको 'अबिरल बन्दछ इन्द्रावती' (वि.सं. २०४०), भाष्करका 'बन्दी आवाज' (वि.सं. २०४६), 'हाँडीका कनिका' (वि.सं. २०४५) र 'अमरबस्ती' (वि.सं. २०५३), भागीरथी श्रेष्ठका 'मालती' (२०३४) र 'यस्तो एउटा आकाश' (२०४६), शैलेन्द्रप्रकाश

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

नेपालको 'कामना' (२०४१) आदिलाई लिन सकिन्छ । रुढ र भ्रमलाई चिर्न सक्ने वैज्ञानिक विचारको व्याख्या र विश्लेषण जीवन र जगत्लाई हेर्ने द्वन्द्वात्मक दृष्टि र विवेचना जस्ताकामको थालनी हुनुपर्ने कुरामा यसले जोड दिएको छ । समकालीन सामाजिक घटना र परिस्थितिको हुबहु चित्र उतार्नु, समाज र मानिसबीचको सम्बन्धलाई सूक्ष्म रुपमा केलाउने प्रयास गर्नु, प्रकृतिको यथावत् चित्रणमा जोड दिनु, काव्यात्मक भन्दा सहज,सरल र सरस भाषाको प्रयोगमा जोड दिनु, महत्वहीन ठानिएका ठाउँ, घटना र पात्रहरूको सूक्ष्म चित्रणमा जोड दिनु आदि सामाजिक यथार्थवादी धाराका विशेषताहरू हुन ।

नेपाली उपन्यास लेखन परम्परामा शक्तिबल्लभ अर्यालको महाभारत विराटपर्वदेखि सुरु भएको लामो आख्यानलेखनको परम्पराले रुद्रराज पाण्डेको रुपमतीमा निहित आधुनिक पक्षहरूको स्पर्श गर्दै अघि बढी वर्तमान अवस्थामा विश्वपरिवेशमा देखिने नवीनचिन्तन प्रणालीहरूलाई आत्मसात् गर्दै नेपली उपन्यास साहित्य जीवन्त एवम् गतिशील अवस्थामा अघि बढिरहेको छ ।

### ३.६ उपन्यासको प्रकारगत वर्गीकरण

#### ३.६.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

उपन्यास विविध प्रकारका विषयवस्तुको समावेश गरिएको हुन्छ । उपन्यासभित्र समावेश हुने विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण गर्न सकिन्छ । यस आधारमा उपन्यासलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

क. सामाजिक उपन्यास

ख. ऐतिहासिक उपन्यास

ग. राजनैतिक उपन्यास

घ. मनोवैज्ञानिक उपन्यास

ङ. दार्शनिक उपन्यास

च. जासुसी उपन्यास

छ. आञ्चलिक उपन्यास

ज. पौराणिक उपन्यास

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

**क. सामाजिक उपन्यास**

समाजभित्रका घटनाहरूलाई विषयवस्तुका रुपमा प्रस्तुत गर्ने उपन्यास समाजिक उपन्यास हो । सामाजिक उपन्यासभित्र समाजका समस्या, आदर्श, नीति भावना जस्ता विविध पक्षहरू समेटिएको पाइन्छ । रुद्रराज पाण्डेको रुपमती सामाजिक उपन्यास हुन् ।

**ख. ऐतिहासिक उपन्यास**

इतिहासको घटनामा आधारित भएर लेखिएको ऐतिहासिक उपन्यास हुन् । डायमन शमशेर राणाको ‘सेतो बाघ’ ऐतिहासिक उपन्यास हो ।

**ग.राजनैतिक उपन्यास**

राजनैतिक घटना द्वन्द्व, आन्दोलन आदि विषयपस्तुलाई आधार बनाएर लेखिएको उपन्यास राजनैतिक हुन्छ । लीलाध्वज थापाका ’शान्ति‘ र ‘पञ्चायत’ यस्तै उपन्यास हुन् ।

**घ. मनोवैज्ञानिक उपन्यास**

मान्छेको मनको विविध अवस्था चेतन र अचेतन, इद र इगो आदि विविध अवस्थाको चित्रण गरेर लेखिएको उपन्यास मनोवैज्ञानिक उपन्यास हो । विश्वेश्वरप्रसाद कोइरालाको ‘नरेन्द्रदाइ’ मनोवैज्ञानिक उपन्यास हो ।

**ङ. दार्शनिक उपन्यास**

विश्वमा प्रचलित विभिन्न किसिमका दर्शनहरूमध्ये कुनै एउटा दर्शनको आधारमा आधारित विषयवस्तु टिपेर लेखिएका उपन्यास दार्शनिक उपन्यास हुन् । विश्वेश्वरप्रसाद कोइरालाको ‘सुम्निमा’ उपन्यासलाई दार्शनिक उपन्यासका रुपमा लिन सकिन्छ ।

**च. जासुसी उपन्यास**

जासुससम्बन्धी घटनालाई आधार बनाएर लेखिएको उपन्यास जासुसी उपन्यास हुन्छ । दीर्घबाहुको ‘मेजरको सर्प‘ जासुसी उपन्यास हो ।

**छ. आञ्चलिक उपन्यास**

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

स्थानीय रङ्ग-विवरणलाई महत्व दिई त्यसै स्थानको सेरोफेरोमा केन्द्रित भई लेखिएको उपन्यास आञ्चलिक उपन्यास हुन्छ । ध्रुवचन्द्र गौतमको ‘अलिखित‘ आञ्चलिक उपन्यास हुन् ।

### ज. पौराणिक उपन्यास

पौराणिक विषयवस्तुमा आधारित उपन्यासलाई पौराणिक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा उपन्यासकारले पौराणिक घटना पात्र र परिवेशलाई आफ्नो लेखन कलाले आधुनिक सन्दर्भ दिएको पाइन्छ । राजेश्वर देवकोटाको द्वन्द्वको अवसान उपन्यासलाई पौराणिक उपन्यास मान्न सकिन्छ ।

## ३.६.२ कथानकको आधारमा उपन्यासको वर्गीकरण

### क. घटनाप्रधान उपन्यास

घटनाको प्रधानता भएको उपन्यास घटनाप्रधान हुन्छ । साहसीक तथा जासुसी उपन्यासहरू घटनाप्रधान हुन्छन ।

### ख. चरित्रप्रधान उपन्यास

घटनालाई भन्दा चरित्रलाई महत्व दिएर लेखिएका उपन्यास चरित्रप्रधान हुन्छन् । मनोवैज्ञानिक उपन्यास चरित्रप्रधान हुन्छन् ।

### ग. नाटकीय उपन्यास

नाटकीय घटना र चरित्र परस्पर सुसम्बद्ध भई संवाद प्रमुख भएको उपन्यास नाटकीय हुन्छ । लीलाबहादुर क्षेत्रीको ‘बसाँइँ’ नाटकीय उपन्यास हो ।

## ३.६.३ शैलीका आधारमा उपन्यासको वर्गीकरण

### क.वर्णनात्मक उपन्यास

उपन्यासकार स्वंयमले घटना, पात्र, देशकाल आदिको वर्णन गरेको उपन्यास वर्णनात्मक हुन्छ । लैनसिंह बाङ्देलको ‘मुलुक बाहिर’ वर्णनात्मक उपन्यास हो ।

### ख. आत्मकथात्मक उपन्यास

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

पात्रले घटनाहरूलाई आफ्नै कथाको रुपमा वर्णन गरेको उपन्यास आत्मकथात्मक हुन्छ। विजय मल्लको ‘अनुराधा’ आत्मकथात्मक उपन्यास हो।

**ग. पत्रात्मक उपन्यास**

पात्रद्वारा नै घटना, कार्यव्यापार, चरित्र आदिको निर्धारण हुने उपन्यास पत्रात्मक हुन्छ। असीस राईको ‘पहिरो जाने पहाड यो ’ पत्रात्मक उपन्यास हो।

**घ. डायरी उपन्यास**

दैनिकीमा आधारित भएर लेखिएको उपन्यास डायरी उपन्यास हुन्छ। पारिजातको ‘अन्तर्मुखी‘ मा यसको आंशिक प्रयोग हुन्छ।

**ङ. चित्रात्मक उपन्यास**

उपन्यासमा कुनै खास किसिमको धारणा प्रस्तुत गर्न उपन्यासकारले चित्रात्मक शैलीको उपयोग गरेको हुन्छ। कुनै खास समाज वा खास किसिमको सामाजिक, आर्थिक, राजनैतिक, भौगोलिक तथ्यलाई यथार्थ रुपमा उतार्ने कामका लागि चित्रात्मक शैलीको प्रयोग उपन्यासमा गरिन्छ। लैनसिंह वाङ्देलको लङ्गडाको साथीलाई चित्रात्मक उपन्यासको रुपमा लिन सकिन्छ।

**३२.६.४ आयम वा आकारको आधारमा उपन्यासको वर्गीकरण**

**क. लघु उपन्यास**

मानव जीवनका पूर्व पक्षहरूलाई नसमेटी केही पक्षहरूमात्र समेटीएको साना आकारमा संरचित उपन्यासलाई लघु उपन्यास भनिन्छ। नेपाली साहित्यमा लैनसिंह वाङ्देलको ‘लङ्गडाको साथी’ लघु उपन्यास हो।

**ख. वृहत् उपन्यास**

मानव जीवनका विविध पक्षहरूको उद्घाटन गरी ठूला आकारमा संरचित उपन्यासलाई वृहत् उपन्यास भनिन्छ। नेपाली उपन्यास लेखन परम्परामा भवानी भिक्षुको ’आगत‘ मदनमणि दीक्षितको ‘माधवी’ आदि हुन्।

**३.७ उपन्यासको तत्त्वहरू**

Formatted: Line spacing: 1.5 lines

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

उपन्यासका तत्त्वहरू के कति रहेका हुन्छन् भन्ने बारेमा विद्वान्हरूको एकमत देखिँदैन । कृष्णचन्द्र प्रधानले कथानक, चरित्र, कथोपकथन, भाषा, उद्देश्य र वातावरणलाई उपन्यासको आधारभूत तत्व भनी निर्धारण गरेका छन् । त्यस्तै राजेन्द्र सुवेदीले कथानक, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार र कौतुहल भनी निर्धारण गरेका छन् । ऋषिराज बरालले कथानक, चरित्रहरू, सारतत्व, दृष्टिविन्दु, भाषाशैली र कार्यपिठीकालाई उपन्यासको तत्त्व मानेका छन् । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब तथा गति र लय भनी निर्धारण गरेका छन् । (बराल र अन्य, २०५६ : २२) यी विभिन्न उपन्यासका तत्त्वहरूबाट मुख्य तत्त्वहरू निम्नानुसार निर्धारण गर्न सकिन्छ ।

### ३.७.१ कथानक

घटनाको व्यवस्थित विन्यास कथानक हो । यो उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । यसलाई कार्यकारणको तारताम्यपूर्ण सूत्रबद्धरुप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ । जसको जम्माजम्मीमा उपन्यासको आकृति हुन्छ । (प्रधान, २०६१ : ७) कथानकको भूमिका चरित्र प्रधान उपन्यासमा कम जस्तो लागे पनि घटनाप्रधान उपन्यासमा त अत्यधिक रहन्छ । कथानकमा पात्र तथा घटनाहरू रोचक तथा रहस्यमय ढङ्गले एकअर्कालाई गाँस्दै अगाडि बढ्दछन् । यसमा घटनाहरू कथात्मक रुपमा स्विटर उधारे झैँ सरर नभनेर एकअर्कासँग सम्बन्धित तुल्याउँदै घटनासँग कारण जोड्ने हुनाले यसले पाठकमा पर्ने जिज्ञासालाई शान्त पादै लैजान्छ । कथानकलाई अगाडि बढाउन पात्रहरूबीच हुने स्वाभाविक खालका बाह्य तथा आन्तरिक द्वन्द्व र क्रियाकलापले भूमिका खेल्दछन् । उपन्यास लेखनका क्रममा लेखकले कुनै न कुनै स्रोतबाट कथानक लिएको हुन्छ । यस्ता स्रोतहरू सामान्यत : इतिहास, यथार्थमूलक, अनुभव, मिथक, रागात्मक, सौन्दर्य र स्वैरकल्पना हुन् । सुरुदेखि अन्त्यसम्म कथाले मूलतः पाँचवटा तह पारगर्दछ । जसलाई कथानकको आङ्गिक विकास भनिन्छ । ती आरम्भ, सङ्घर्ष, विकास, चरम, सङ्घर्षह्रास र उपसंहार हुन् ।

### ३.७.२ चरित्र

चरित्र उपन्यासको अर्को अभिन्न अङ्ग हो जसले कथानकलाई बोकेर अगाडि बढ्दछ । यसलाई पात्र, भोक्ता वा सहभागी पनि भनिन्छ । चरित्रबाट नै घटना जन्मन्छन् र

Formatted: Line spacing: 1.5 lines

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

यथार्थको समेत उद्घाटन हुन्छ । उपन्यासमा मानवजीवनको व्यापकता झल्काउने बहुल पात्रको प्रयोग हुन्छ जसका माध्यमबाट उपन्यासकारले आफ्नो विचार पाठक समक्ष पुऱ्याउँछ । उपन्यासकारले उपन्यासमा के भन्न चाहन्छन् ? उसको दृष्टिकोण कस्तो छ ? भन्ने कुरा चरित्र र तिनबाट प्रस्तुत हुने निष्कर्षबाट थाहा पाउँन सकिन्छ । चरित्रहरूको संवादकार्य र गतिमा कथावस्तु तथा उद्देश्यको पनि विस्तार हुन्छ । (सुवेदी, २०५३ : १७ ) उपन्यासमा मानवीय तथा मानवेत्तर दुबै प्रकारका पात्रहरूको प्रयोग गरिएको हुन्छ । उपन्यासका मानवीय पात्रहरू कुनै खास वर्ग, प्रवृत्तिका आधारमा विविध प्रकारका हुन्छन् । कृष्णहरि बराल र नेत्र एटमले उपन्यासमा प्रयोग हुन सक्ने पात्रहरूलाई ६ जोडीका प्रकारमा बाँडेका छन् । जस्तैः गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोलो र च्याप्टो, सार्वभौम र आञ्चलिक, पारस्परिक र मौलिक यस्तै मोहनराज शर्माले लिङ्ग, कार्य, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा पनि चरित्रका विविध प्रकार बताएका छन् ।

### ३.७.३ पर्यावरण

उपन्यासमा पात्रहरूका कार्यकलापहरू जहाँ सञ्चालन हुन्छन् वा घटनाहरू जहाँ घट्छन् त्यो ठाँउ उपन्यासले लिएको समय र उपन्यास पढ्दै जाँदा पाठकमा पर्न सक्ने मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । यसरी हेर्दा पर्यावरणभित्र परिवेश, देशकाल र वातावरण पर्न सक्छन् (शर्मा, २०५० : १७४) ।

### ३.७.३.१ देशकाल

देशकालभित्र उपन्यासले लिएको कुनै निश्चित समय र उपन्यासमा पात्र र घटनामार्फत बुझिने अर्थात् सिधै वर्णित स्थानविशेष पर्दछन् । देशकाल कथानकसँगै जोडिएर आउने आधारभूमि हो । कुनै उपन्यासमा उपन्यासकारले भूगोल, संस्कृत, जाति, समयको चित्रण र वर्णन गर्छ । कुनैमा भने पात्र र घटनाको प्रकृति हेरेर वा तिनको रीतिरिवाज, चालचलन, भेषभूषा, बोलीचाली आदिमार्फत पनि बुझ्न सकिन्छ । आञ्चलिक उपन्यासमा देशकालको महत्त्व बढी हुन्छ । आज उत्तरआधुनिकवादी उपन्यासकारहरूले भने देशकाललाई कम महत्व दिएको पाइन्छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

### ३.७.३.२ वातावरण

उपन्यास पढ्दा त्यसले पैदा गर्ने मानसिक स्थितिलाई वातावरण भनिन्छ । घटना तथा पात्रहरूको जीवन्त र सजीव प्रस्तुति भएका उपन्यासले पाठकमा रोचक तथा घोचक खालको वातावरण सिर्जना गर्न सक्छन् । यो मानसिक अवस्थासँग सम्बद्ध हुनेहुँदा भाव पनि भनिन्छ । उपन्यासको कथानक पढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःख, सुख, घृणा, क्रोध, प्रेम, हर्ष आदि भावनाको उद्बोधन र तिनको परिवृत्ति नै वातावरण हो ।

### ३.७.४ उद्देश्य

सारवस्तु उपन्यासको महत्वपूर्ण पाटो हो । यो उपन्यास लेखनको उद्देश्य तथा परिणति हो । यसलाई उद्देश्य तथा विचार पनि भनिन्छ । उपन्यासले निचोडमा भन्न खोजेको अर्थात् समाख्यातबाट सम्प्रेषण गर्दा चाहेको गुदी कुरोलाई सारवस्तु मान्न सकिन्छ । लेखकको जीवनको दर्शनको भारवहन गर्ने सारवस्तु उपन्यासको अर्थ हो । उपन्यासमा विचारको संवाहन कुनै बिम्बप्रतीक तथा भाषिक विचलन, लक्षणा, व्याञ्जना जस्ता कुनै पद्धतिद्वारा अभिव्यक्त गर्न सकिन्छ (बराल र अन्य, २०५६ : ४२) ।

### ३.७.५ दृष्टिविन्दु

दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसका माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुराउँछ अर्थात् कथाकार र पाठकवर्ग बीचको सम्बन्धसूत्र नै दृष्टिविन्दु हो । प्रस्तुतिकरणसँग सम्बन्धित दृष्टिविन्दु उपन्यासमा कथावाचकले लिने ठाउँ हो । यसबाट कथानक कसले र कसरी भनेको छ भन्ने कुरा ज्ञान हुन्छ । कुनै उपन्यासमा कथयिता स्वयम् सहभागी भएको हुन्छ । कुनैमा अरुलाई नै पात्रको रुपमा खेलाडीझैँ खेलाएर आफू परै बसेर त्यसको वर्णन गर्ने गर्दछ । दृष्टिविन्दु बाह्य तथा तृतीयपुरुष र आन्तरिक तथा प्रथमपुरुष गरी दुई प्रकारका हुन्छन् ।

#### ३.७.५.१ बाह्य तथा तृतीयपुरुष दृष्टिविन्दु

कथयिता कथानकभित्र सहभागी नभई बाहिरै बसेर अन्य पात्रहरूको उपस्थितिमा घटना घटाउँदै त्यसको वर्णन गरेको हुन्छ भने त्यो बाह्य वा तृतीयपुरुष दृष्टिविन्दु हो । यो पनि २ प्रकारको हुन्छ । सर्वज्ञ र सीमित ।

सर्वज्ञ दृष्टिविन्दुलाई सर्वदर्शी दृष्टिविन्दु पनि भनिन्छ । यसमा कथाकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिइन्छ । (बराल र अन्य, २०५६ : ; पृ.३६) कथानक बाहिर बसेर पनि सम्पूर्ण घटना तथा यसको कुरा नियाली विस्तारपूर्वक बयान गर्दै जान्छ ।

सीमित दृष्टिविन्दुमा भने कथावाचकको भूमिका सीमित हुन्छ । कुनै खास वर्ग विचार भिन्न रही सीमित पक्षबाट कुराको चर्चा गर्छ ।

### ३.७.५.२ आन्तरिक तथा प्रथमपुरुष दृष्टिविन्दु

यसमा कथयिता नै म पात्र तथा नायकको रुपमा आएर अन्य पात्र तथा घटनाको बारेमा वर्णन गर्छ । प्रथमपुरुष दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारको हुन्छ । कथयिताले कथानकभित्र आफ्नो महत्वपूर्ण स्थान हुन्छ र आफ्नै आत्मकथाका रुपमा सरसर्ती बताउँछ भने त्यो केन्द्रीय आन्तरिक दृष्टिविन्दु हुन्छ । परिधीय दृष्टिविन्दुमा भने कथयिताको उपस्थित कथानकमा म पात्रकै कै रुपमा भए पनि ऊ अलिपर रहन्छ अर्थात् चित्रणको केन्द्रीय पात्र अर्को नै हुन्छ ।

### ३.७.६ भाषाशैलीय विन्यास

यस अर्न्तगत भााषिक तथा शैलीय बनोट अर्थात् भाषा, शैली, बिम्ब, प्रतीक, अलङ्कार, गति, लय आदि पर्दछन् । उपन्यास पाठ्यप्रधान साहित्यिक विधा हो । यसमा भाषाको सर्वोपरि स्थान रहन्छ । भाषाका माध्यमबाटमात्र लेखकले उपन्यासको आकृति खडा गरी आफ्नो विचार सशक्त र जीवन्त रुपमा संवहन गराउँछ । उपन्यासमा कथ्य, लेख्य दुबै खाले भााषा प्रयोग हुन्छ । पात्र, घटना, परिवेश अनुरुप स्वभाविक भाषा उपन्यासमा प्रयोग हुन्छ र भाषामा रोचकता तथा कलात्मकताको अपेक्षा उपन्यासले गरेको हुन्छ । साहित्यिक भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्यचेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ । (श्रेष्ठ, २०६४ : ; पृ.३७) । भाषामा परम्परित नियमले बोकेको भन्दा भिन्नै अर्थ खोज्दै व्याकरणिक विचलन, बिम्बप्रतीक, लक्षणा, व्यञ्जनाबाट भाषिक सौन्दर्य खोजिनु आजको उपन्यासका भाषिक विशेषता हुन् ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

शैली भाषालाई प्रस्तुत गर्ने तौरस्वतरिकासँग सम्बन्धित कुरा हो । उपन्यासमा भाषालाई कुन विधिद्वारा प्रयोग गर्ने र बढी रोचक एवम् सजीव बनाउने भन्ने कुरा यसले बुझाउँछ । उपन्यास लेखनको क्रममा प्रयोग गरिने वर्णनात्मक, विश्लेषणात्मक, संस्मरणात्मक, पत्रात्मक आदि शैलीले सीपसौन्दर्यलाई बुझाउँछन् ।

उपन्यासलाई मिठासपूर्ण बनाउनको लागि प्रतीक तथा बिम्बको प्रयोग गरिन्छ । कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त वा भावको उल्लेख गर्न प्रयोग गरिने वस्तु वा घटना नै प्रतीक हो । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्त दिने काम गर्छ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मिठोसँग भन्छन् । उपन्यासमा प्रयोग गरिने प्रतीकहरू वैयक्तिक र सार्वभौमिक गरी दुई प्रकारका हुन्छन् । वैययक्तिक प्रतीक लेखकको मौलिक सिर्जना हो । यसलाई बुझ्न लेखकीय सिर्जनाको परिवेश, अनुभूति, विचारधारालाई बुझ्नुपर्ने हुन्छ भने सार्वभौमिक प्रतीक चाहिँ लगभग एउटै अर्थमा प्रयोग गरिन्छ ।

उपन्यासमा गति भनेको कथानकको विकासमा रहेको वेग हो (श्रेष्ठ, २०६४:, पृ.४२) । कुनै उपन्यासमा कथानकको विकासको वेग तीव्र हुन्छ भने कुनैमा मन्द हुने गर्छ । वर्णनात्मक शैली र लामा संवाद तथा वाक्यमा उपन्यासको गति कम हुन्छ । वास्तवमा औपन्यासिक गति लेखनको पद्धतिमा निर्भर पर्दछ । ती पद्धति दृश्यात्मक र सङ्क्षेप पद्धति हुन् (बराल र अन्य, २०५६ :, पृ.४२) ।

दृश्यात्मक पद्धतिमा उपन्यासकारले सम्पूर्ण सानातिना घटना तथा गौण पात्रको पनि रुचि लिएर विस्तारपूर्वक दृश्यका रुपमा प्रदर्शन गर्दै कथानक अगाडि बढाउँछ । दृश्यात्मक पद्धतिमा कथानकको गति मन्द हुन्छ । पात्रहरुरूको संवाद, कार्यपीठिका, पात्रको मनोद्वन्द्व, गतिविधि आदि समाहित पार्ने काम यसमा हुन्छ ।

सङ्क्षेप पद्धतिमा छोटोछरितो रुपमा मसिना कुराहरूलाई काट्दै कथानक अगाडि बढढ्छ । पात्रका कतिपय क्रियाकलाप र सानातिना घटनाहरू सूचनाको भरमा अगाडि बढ्दछन् । भएगरेका सम्पूर्ण घटना र कार्यहरूको सार खिचिन्छ र समयको पनि खासै महत्व नहुने पद्धति सङ्क्षेप पद्धति हो । कम आवश्यक कुराहरूको बिम्ब चित्र प्रस्तुत नगर्नाले यसमा औपन्यासिक गति तीव्र हुन्छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

उपन्यास गद्यमा लेखिए पनि यसको आफ्नै ढाँचा र छन्द हुन्छ । भाषिक ध्वनिनीबाट उत्पन्न हुने साङ्गितिकताभित्र निहित मूक्तर्च्छरुपनालाई गद्य भाषामा लय भनिन्छ । विचलनयुक्त शब्दहरूबाट, ध्वनिको पुनरावृत्तिबाट तथा आलङ्कारिक बिम्बात्मक भाषा आदिबाट लय उत्पन्न हुन्छ । लयको माध्यमबाट यो अपरिहार्य तत्व बनेको हुन्छ ।

यी तत्वहरूका आधारमा उपन्यासलाई विबश्लेषण गरिन्छ र उपन्यास कत्तिको प्रभावकारी छ वा मूल्यवान् छ भन्ने कुरा ठम्याइन्छ । यहाँ विभिन्न विद्वान्का विचारहरूलाई तुलनात्मक रुपमा उल्लेख गर्दै विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ३.८ उपन्याससँग अन्य साहित्यिक विधाको सम्बन्ध

साहित्य विचार अभिव्यक्तिको बाटो हो । यसका विविध विधाहरू छन् । उपन्यास साहित्यकै एउटा नवीन र विकसित विधा हो । यो आख्यानको एउटा प्रकार भएको हुँदा यसको निकटको सम्बन्ध सामान्य तथा आख्यानको अन्य विधासँग रहेको हुन्छ । यहाँ उपन्यास विधासँग कथा, निबन्ध, नाटक र महाकाव्य विधाको सम्बन्ध बारे चर्चा यस प्रकार गरिएको छ (न्यौपाने, २०६८ :पृ: १७६) ।

#### ३.८.१ उपन्यास र कथा

उपन्यास र कथा दुवै गद्य विधामा लेखिने आख्यनात्मक कृति हुन् । कतिपय तत्वहरू दुवैमा समान हुन्छन । दुबै साहित्यका श्रव्य /पाठ्य विधा हुन । यी दुवैका बीच रहेका समानता र भिन्नतालाई निम्नअनुसार देखाउन सकिन्छ ।

**समानता**

क. उपन्यास र कथा दुवैमा आख्यान तत्व रहेको हुन्छ ।

ख. उपन्यास र कथा दुबैमा घटना, पात्र, वातावरण आदि महत्वपूर्ण हुन्छन् ।

ग. दुवै विधामा कथायिताको उपस्थित अनिवार्य हुन्छ ।

**भिन्नताहरू**

क. कथाले जीवनको एक पाटाको चित्रण गर्दछ भने उपन्यासले मानव सभ्यताको विविध पक्षको चित्रण गर्दछ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

ख. कथामा थोरै पात्र हुन्छ भने उपन्यासमा धेरै पात्र हुन्छन् ।

ग. कथाको आकार छोटो हुन्छ तर उपन्यास ठूलो आकारको हुन्छ ।

### ३.८.२ उपन्यास र आत्मकथा

लेखकले आफ्नो जीवनसँग सम्बन्धित वर्णन नै आत्मकथा हो । कुनै पनि व्यक्तिले स्वयम् आफ्नो विषयमा लेखकको जीवनी नै आत्मकथा हो । उपन्यास र आत्मकथामा पाईने समानता र भिन्नताहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

**समानताहरू**

क. यी दुवै विधाको आकार वृहत् हुन्छ ।

ख. यी दुवै विधामा चरित्रको प्रधानता पाइन्छ ।

ग. दुवैका प्रस्तुति अप्रत्यक्ष हुन्छ ।

घ. यी दुवै विधा गद्य भाषामा लेखिन्छ ।

**भिन्नताहरू**

क. आत्मकथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिन्छ भने उपन्यासमा आन्तरिक र बाह्य दुबै दृष्टिबिन्दुको प्रयोग गर्न सकिन्छ ।

ख. आत्मकथामा म पात्रको आन्तरिक पर्यावरणको मात्र वर्णन गरिन्छ भने उपन्यासमा पात्रको आन्तरिक र बाह्य दुवै पर्यावरणको चित्रण गरिन्छ ।

ग. आत्मकथाको प्रस्तुति प्राय: परम्परागत वर्णनात्मक शैलीमा गरिन्छ भने उपन्यासमा नयाँ नयाँ शैलीको प्रयोग गरिन्छ ।

घ. आत्मकथामा मुख्य चरित्रका रुपमा एक्लो म पात्र रहन्छ भने अन्य पात्रको प्रयोग ऐच्छिक रुपमा गर्न सकिन्छ भने उपन्यासमा नायक, नायिका, खलनायक आदि पात्रहरू रहन्छन् ।

### ३.८.३ उपन्यास र निबन्ध

उपन्यास र निबन्ध दुबै गद्य विधा हुन् । यी दुई विधा बीच निम्नअनुसार समानता र भिन्नताहरू पाइन्छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

क. उपन्यास र निबन्ध दुवै श्रव्य विधा हुन् ।

ख. उपन्यास र निबन्ध दुवै गद्य विधा हुन ।

ग. दुवैको गठन स्थूल र प्रस्तुति अप्रत्यक्ष हुन्छ ।

**भिन्नताहरू**

क. उपन्यासमा आन्तरिक र बाह्य दृष्टिविन्दु दुबैको प्रयोग गरी लेखिन्छ भने निबन्धमा प्राय : आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

ख. उपन्यासमा कथाकथन महत्त्वपूर्ण हुन्छ भने निबन्धमा दृष्टिकोण महत्त्वपूर्ण हुन्छ ।

ग. उपन्यासको आकार बृहत् हुन्छ भने निबन्ध छोटो हुन्छ ।

**३.८.४ उपन्यास र नाटक**

उपन्यास र नाटक दुवै स्वतन्त्र विधा हुन । नाटक साहित्यको पुरानो विधा हो भने उपन्यास आधुनिक विधा हो । यी दुबैबीच रहेको समानता र भिन्नतालाई निम्नानुसार देखाउन सकिन्छ ।

**समानताहरू**

क. उपन्यास र नाटक दुबै आख्यान हुन् ।

ख. उपन्यास र नाटक दुबै गद्य भाषामा लेखिन्छ ।

ग. उपन्यास र नाटकले मानव जीवनको विविध पक्षहरूको चित्रण गर्दछन् ।

**भिन्नताहरू**

क. उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग हुन्छ भने नाटकमा कार्यात्मक शैलीको प्रयोग हुन्छ ।

ख. नाटकमा अङ्क दृश्यको विभाजन अनिवार्य हुन्छ भने उपन्यासमा अङ्ग, दृश्यको विभाजन ऐच्छिक हुन्छ ।

**३.८.५ उपन्यास र महाकाव्य**

महाकाव्य कविताको वृहत् रुप हो भने उपन्यास गद्यको बृहत् रुप हो । यी दुबैमा रहेका समानता र भिन्नताहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

**समानताहरू**

क. उपन्यास र महाकाव्य दुवैमा आख्यानको अनिवार्य आवश्यक पर्छ ।

ख. मानव जीवनका विविध पक्षहरूको प्रस्तुती दुवै विधाको उद्देश्य हुन्छ ।

ग. उपन्यास र महाकाव्य दुवैमा वृहत् आकार र विशाल आयम हुन्छ ।

**असमानताहरू**

क. महाकाव्यले आदर्शको महान् चित्रण गर्दछ भने उपन्यासमा आदर्शको साधारण चित्रण हुन्छ ।

ख. महाकाव्य सर्गवद्ध हुन्छ तर उपन्यासमा यसको प्रयोग अनिवार्य छैन ।

ग. उपन्यास गद्यमा लेखिन्छ भने महाकाव्य पद्यमा लेखिन्छ ।

उपन्यास र महाकाव्य दुबै साहित्यका विधामा प्रशस्तै समानता र असमानता भए पनि यी दुबै विधाको उद्देश्य पनि फरक फरक छ । आधुनिक साहित्यमा महाकाव्यको स्थान उपन्यासले लिएकोले यो आजको लोकप्रिय विषय बनेको छ (बराल, गैरी–, २०७१ : ; पृ.१५५,१५६) ।

*

## चौथो परिच्छेद

# सौतेनी आमा, धनबहादुर सर, ~~सडकदेखि~~ महलदेखि सडकसम्म उपन्यासको कृतिपरक अध्ययन

### ४.१ विषय प्रवेश

नेपाली साहित्यमा विभिन्न विधाहरू रहेको छन् । ती मध्ये उपन्यास विधा एक महत्त्वपूर्ण विधा मानिन्छ। साहित्यकार रामप्रकाश समथिङका २२ उपन्यास(२०७४) सौतेनी आमा, धनबादूर सर ~~सडकदेखि~~ महलदेखि सडकसम्मको विश्लेषण गरिएको छ ।

### ४.२ 'सौतेनी आमा' उपन्यासको विश्लेषण

उपन्यासकार रामप्रकाश समथिङको 'सौतेनी आमा' २०७४ मा अरनिको प्रेश विराटनगरबाट प्रथम पटक प्रकाशित भएको उपन्यास हो २९ औं कृतिको रुपमा रहेको छ । यो उपन्यास परिच्छेद नेराखी लेखेको उपन्यास हो । यो ६६ पृष्ठमा समापन भएको छ । सामाजिक विषय वस्तुमा आधारित यस उपन्यासमा सन्तोषको कारुणिक अवस्थाको चित्रणमा विषयवस्तुमा केन्द्रित छ ।

### ४.२.१ 'सौतेनी आमा' उपन्यासको कथानक

सौतेनी आमा उपन्यास सामाजिक यथार्थक धरातलमा उभिएर लेखिएको उपन्यास हो । समाजमा रहेको विदय~~ध्य~~मान उपन्यासलाई जस्ताको त्यस्तै रुपमा प्रस्तुत गरी एउटा आमा विना सन्तानले भोग्नु परेको सौतेनी व्यवहारलाई जस्ताको त्यस्तै रुपमा उपन्यास बोलेको घटना कथा वस्तु केन्द्रित छ । गरिव परिवारमा गरिवीको पीडा एकातर्फ छदै छ भने अर्कोतर्फ उपन्यासको प्रमुख पात्र सन्तोष सौतेनी व्यवहारको ज्वारभाटामा जलेको कथावस्तु प्रस्तुत गरिएको छ । सामाजिक अन्धविश्वासका कारण लामो समयसम्म सुत्केरी विराम लाग्दा समेत धामी झाक्री लगाउने अन्धपरम्पराको समेत प्रस्तुति पाइन्छ । सुरुमा मानबहादुरको परिवारमा माने र उसको बाबु आमा रामबहादुर र राम्रीमाया रहेमा हुन्छन् । गरिव परिवार भएका कारण मानेले आफ्ना बाबु आमालाई भारि बोकेर जिविकोपार्जन गरिरहेको हुन्छन । अर्काको काम नगरी खान लगाउन नभएको अवस्था देखाई नेपालीसमाजको चित्रण गरेको छ । मानेका साथीहरू कर्ने, सर्ने, जर्ने, आशा, गीता, पनि



Formatted: Font: 20 pt
Formatted: Font: 24 pt
Formatted: Font: 24 pt
Formatted: Font: 24 pt
Formatted: Font: 24 pt
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

उसका दौतरी साथी हुन् वारम्बार उनीहरूले वावु आमा, बुढा बुढी भए विहे गर भनी घर चलाउन सहज हुन्छ भन्दा पनि ऊ आर्थिक अभाव देखाउँदै इन्कार गरि रहेको कुरा प्रस्तुत गरिएको छ। सामान्यतया: माने मङ्गोल परिवारको भएकाले आफ्नो जाति परम्परा अनुसार सामान्य मध्यपान गरे तापनि उसले मातेर नराम्रो कहिल्यै बोल्दैन । गाउँका छोरी चेली ओसार पसार गरेर जीविकोपार्जन गर्ने गरिवी मजदुर परिश्रमी रुपमा उपन्यासमा प्रस्तुत भएको छ । आर्थिक अवस्था कमजोर भएपछि सबै कुरामा पछि पारिने कुरा उपन्यासले बोलेको छ । बारम्बारको बाबु आमाको अनुरोध र साथीभाइको करकापलाई समेत विहाको लागि अस्वीकार गरेको पाइन्छ । बावु आमाले हामी दिन-दिनै घरले जा-जा वनले आइज-आइजभन्ने उमेर र भइसक्यो विहा गर भनी देव साथीहरूले (समथिङ २०७४: ११) भन्दा उल्टो उसले 'आफू पालिनु त अर्काको बनी गर्नु पऱ्या छ । अर्काकी छोरीलाई बे गरेर कसरी पाल्नु ?"भन्ने शब्दले उपन्यासमा गरिवीको परकाष्टलाई औलाएको छ । धनीमानी भनाउँदाको भारीबोक्न जानुपर्ने र वेलुका ल्याएर खानाको भाँडोको वन्दोवस्त गर्नु पर्ने कुराले माथिल्लो वर्ग र तल्लो वर्ग बीचको वर्गीय असमानतालाई समेत चित्रण गरेको छ । र वर्गीय समानताको लागि आवाज वुलन्द गर्ने प्रयास गरेको छ ।

निरन्तरको प्रयास पछि पनि मानेले बिहाको लागि अस्वीकार गरेपछि साथीहरूले जुक्ती लगाउँछन् । गाउँमा अर्के मान्छेको बिहा हुँदा उनीहरू सबै भेला हुन्छन् । मङ्गोल परम्परा अनुसार यहाँ मध्यपानको प्रयोग र धान नाच सञ्चालन हुन्छ । उक्त अवसरमा माने जाने तर मात्ने गरी नपिउने तर साथीहरूले जाडमा रक्सी मिसाएर खुवाउँछन् र माने खुब मात्छ माते पछि ऊ विवहाको लागि त्यही विहामा आएकी सुष्मा नाम गरेकी केटीसँग राजी हुन्छ । यसरी उपन्यासमा यस घटनाले एकातर्फ साथी भाइको सहयोगीपन देखाएको छ भने अर्कोतर्फ मध्यपानको नसाले मान्छेबाट मान्छेले सकारात्मक र नकारात्मक फाइदा लिने रहेछन् भन्ने कुराको सङ्केत गर्दै सहज रहनु पर्ने कुरातर्फ समेत सजक गराएको छ । यसरी माने र उसका साथीहरू भएर सुष्मा लिएर मानेको घर जान्छन् । बाबु आमा धेरै नै खुसी हुन्छन । जातीय सस्कार अनुसार उनीहरूको राती नै सिन्दुर पोते गरिन्छ र साथीभाइ भेलाभई रमाइलो गरेर सुत्छन् । भोलिपल्टबाट मानेको दैनिकी सुरु हुन्छ । ऊ सधा झैं भारीबोक्ने काम सुरु गर्छ । साथी भाइसँगको रेला ठट्टा र सुष्मालेघर थामेर सासु ससुराको राम्रो हेरचाह गरेकाले मानेको जीवनयापन धेरै नै सजिलो हुन्छ । गरिव भए पनि मेहनती र इमन्दारिताको पात्रको रुपमा माने उपन्यास प्रस्तुत भएको छ । पाँचथरको फिदिमदेखि

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

गाँउसम्मको भारी बोकाई निरौला साहुको सामान आयात निर्यात गर्ने काम माने र मानेका साथीहरूको जिम्मेवारी जतिकै बनेको छ । घरको काम सासु ससुराको हेरचाह गरेर पनि सुष्मा असलश्रीमतीको रुपमा प्रस्तुत भएकी छ । सुष्मा घरमा प्रवेश गरेबाट मानेको घरमा सकारात्मक परिवर्तन आउनुले घर  नारीको हातमा रहने कुरा समेत प्रस्तुत भएको छ ।

यसरी दिन बित्दै जाँदमाँ सुष्मा गर्भवती हुन्छे । उसका सासु ससुराले समेत सुष्माको खुब ख्याल राख्नुले कथामा पारिवारीक एकताले घर सुन्दर बन्ने कथावस्तु प्रस्तुत गर्दै जति नै गरिव भए पनि सन्तुष्ट रहने कुरा उन्लेख गरेको छ। श्रीमती गर्भवती हुँदा समेत पर्याप्त समय दिन नसक्नु भनेको बाध्याता हुनुले नेपाली गरिव मजदुरको प्रतिनिधित्व गरेको छ । सासु ससुराले बुहारी सुत्केरी उतार्न कुखुराका चल्ला हुर्काउनु अन्न पानीको जगेर्ना गर्नुले पारिवारीक एकता र जिम्मेवारीको बोध गराएको छ । यसरी दसौँ मैना लागे पछि सुष्मा एकदिन अचानक विरामी हुन्छे लामो विराम लाग्छ घरमै सेकताप गर्छन् । धामी झाँक्री लाउँछन् साथै कुखुरा अण्डा चढाउँछन् र सुष्माको हातमा डोरीले बाधेर तेञ्छो बलोमा बाधी कम्मरमा जाँतो समेत झुन्डाउनुले अन्धविश्वास र जनचेतनाको कमी साथै अशिक्षित समाजको  प्रतिनिधित्व समेत यस उपन्यासको कथावस्तु बन्न पुगेको छ। तर पनि पाँचौ दिन सम्मको प्रसव पछि सुष्माले छोरोको जन्म दिन्छे । माने र मानेको परिवारमा खुसियाली छाउँछ । र मानेले छरछिमेकी साथीबोलाइ खुसीको भोज गर्छ । गरिवको धन  नभए पनि मन ठुलो हुन्छ भने झैँ उनिहरूले इष्ट मित्रलाई मासुभात खुवाएर विदा गरे । माने भारी बोक्ने सर्तमा निरौला साहुँबाट चामल पैसा ल्याउनुले गरिव र धनीबीचको खाडल प्रस्तुत गरेको छ । र न्वरानमा छोराको नाम सन्तोष रहन्छ । माने निरौला साहुँको ऋण तिर्न भारी बोक्न गयो भने सासु ससुराले सुत्केरी स्याहार गरे दिनानु दिन सन्तोष पनि ठूलो हुँदै गयो । उसको नाम अनुसारकै काम थियो ज्ञानी थियो । परिवारको आर्थिक अवस्था कमजोर भएकाले राम्रो पोषणयुक्त खानेकुरा खान नपाएकाले दुब्लो थियो तर झगडा गर्दैन थियो । मानेलाई परिवारको जिम्मेवारी थपिएकाले कहिले सातदिनमा मात्र कामबाट  घर फर्कन्थ्यो । यो परिवार नै चाहेर पनि छोड्नुले नेपालीको बाध्यात्मक परिस्थितिको उजागर गरेको छ । यो अवस्था भए पछि सुष्मा समेत आफ्नो श्रीमान्को सहयोगमा भारीबोक्न जाने काम गर्छे । एक दिन मानेले पल्लो पटिका छोरी बुहारी पुऱ्याउन जानु पर्ने भयो । त्यहाँ पारिश्रमिक ज्याला पाउने  हुँदा ऊ १५ दिनको लागि गयो । सन्तोष स्कुल जाने भई सकेको थियो । विद्यालय लाने ल्याउनेकाम बाजे बजुले गर्थ्येर्ये । सुष्मा फेरि गर्भवती भएकी हुन्छे । घरमा

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

अन्न पानीको व्यवस्था पहिले झैँ नै भइ रहेको हुन्छ । गर्भवती भएको पनि नौ महिना भई सकेको हुन्छ । सुष्मा घाँस काट्न रुख चढ्छे र अचानक हाँगो भाँचिएर भुइँमा लड्छे गाउँलले देखेर घरमा ल्याउँछन् ।रातीबाट बिरामले च्याप्छ र सुत्केरी बिराम लागेछ भनेर धामी झाक्री लाउँछन् तर ठीक हुँदैन् । उता ससुरा र माने चिन्तित हुन्छन् पाँचौ दिन पछि उसले बच्चा त जन्माउँछे  तर मरेको यसरी त्यो बच्चाको अन्त्येष्टी गरेर  त फर्कन्छन् । छिमेकी तर सुष्मा समेत रहदिन । यो घटना थाहा पाए पछि उसका सासु ससुरा बेहोस हुन्छन् । अन्ततःबुहारीसँगै सासु ससुराको समेत मृत्यु हुनुले मानेको परिवारमा दैव संकट नै आइ लाग्छ । हुनेहार दैव नटार भने झैँ श्रीमती नवजात शिशु मात्र नभएर मानेले आफ्ना बाबुआमा समेत एकै पटक गुमाउनुले उसलाई बज्रपात नै पर्छ । सानु छोरो सन्तोषको समेत यस्तो अवस्थामा टुहुरो हुनुले कथा वस्तु कारुणिक बनेको  छ । जे परे पनि मान्छेले सहनै पर्छ । सातौँ दिनमा जातीय परम्परा अनुसार मानेका बाबु आमा र श्रीमतीको काजकिया सक्यो नियतिको यो कठोर प्रहारसँगै  मानेको सारा सपना  टुटेका थिए तर पनि सानो सन्तोषको लागि भए पनि उसले बाँच्नु थियो । ५ जनाको परिवार एकाएक २ जना भए । पर्दाको साथीभाइ जर्ने, सर्ने, कर्ने गीता, आशा र झर्नाले उसलाई बारम्वर सम्झाए सहयोग गरीरहे क्रमिक रुपमा उसले घटना विर्सदै जानुले कथा वस्तु अगाडि बढ्न सहयोग गरेको छ ।

परिवार गरिव भए पनि सन्तोष पढाइमा इमान्दार र तेज थियो । घरको काम सबै भ्याएर विद्यालय जानुले त्यहाँ रहर भन्दा बाध्यताले मान्छेलाई दासी बनाउने कुरा प्रस्तुत गरेको छ । दिन वित्दै जाँदा सन्तोषको मावलामा भोजको आयोजना हुन्छ र उनीहरूलाई निम्तो हुन्छ । सन्तोष घरको काम गर्दै स्कुल जान्छ भने बाबु निम्तो मान्न ससुराली जान्छ । भोज सकेर पनि १/२ दिन मावलीले रोके र उसलाई विहाको प्रस्ताव राखे हामी साली पर्ने दिन्छौ २ हुँदा घर चलाउन सहज हुन्छ भने तर माने आफ्नो सन्तोषले सौतेनी व्यवहारमा पर्ने डरले स्वीकार गरेन छरछिमेकीको निरन्तरको यो कुरालाई समेत उसले स्वीकारेको थिएन । तर ससुरालीले धेरै नै च्यापे पछि छोरालाई राम्रो गर्ने सौतेनी व्यवहार नगर्ने सर्तमा विहाको लागि मन्जुर भई केटी लिएर घर तर्फ लाग्यो । मामा र बाबुको साथमा नयाँ केटी देख्दा सन्तोष छक्क पऱ्यो तर मामाले तिम्रो कान्छी आमा तिमीलाई माया गर्छिन भने पछि विचरा अवोध सन्तोष फुरुक्क भयो । सुरुमा सन्तोषकी कान्छी आमाले राम्रै गरेकी थिइ सन्तोष पनि खुसी थियो , तर जव उसले नौ महिना पछि छोरो जन्माइ  तव व्यवहारमा

Formatted: Space After: 6 pt
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

परिवर्तन आउन थाल्यो उसले खाने लाउने र गर्ने व्यवहारमा आफ्नो छोरो र सन्तोष बीच सौतेनी व्यवहार गर्न थाली माने सधैँ अर्काकोमा मजदुरी गर्न बाहिर नै हुन्थ्यो । बेलुका फर्कदा उसको अगाडि राम्रो गरे झैँ गर्थी । उता सन्तोष भने झन झन कमजोर हुँदै गयो नेपाली समाजका निच नारीको प्रतिनिधित्व गर्दै कथावस्तुले कौतुहलता थपेको छ । यसरी दिनानुदिन सन्तोष माथि अन्याय अत्याचार बढि रहन्छ भने उता मानेलाई पत्तो हुँदैन । कान्छी आमाले अनेक गाली गर्दै कुटपीट गर्ने आमा टोकुवा अल्छीना जस्ता शब्द प्रयोग गर्छे । विद्यालय जान समेत वञ्चित गर्न थाल्छे , भाँडा माज्ने घरको काम लगाइ बालशोषण गर्छे । उता माने आफ्नो काम व्यस्त हुन्छ । कान्छी आमामा सँधै जाँड रक्सी खाने घरमा सन्तोषलाई कुटपिट गर्ने काम झन बड्दो रुपमा रहन्छ । कान्छी आमाको डरले बाबुलाई यो घटना पनि भन्न सक्दैन । एक दिन बाबु काममा जाने बेलामा सन्तोषले बाबु छिटो आउनु है ल मलाई त.... .... .... (समथिङ, २०७४ : ५८) भनेर भन्न लागेको के थियो कान्छी आमाले आँखा फुकाले पछि भन्न सकेन । बाबु काम गयो र आमा गाँउमा जाँड खान उता केटा केटी त हुन सन्तोष र भाइ पनि खेल्न गएछन् । आमा मातेर आउँदा घरमा नभए पछि दुवैलाई घरमा ल्याइ र कोठा थुनेर सन्तोषलाई मराणासन्न हुने गरी कुटनुले कथावस्तु चरमउत्कर्षमा पुगेको छ । केही दिन पछि माने मात्र घर फर्कियो उता सन्तोष भने जिउ भर निलडाम लिएर जीवन मरणको दोसाधमा ओच्छायानमा पल्टिएको छ । माने आएर सन्तोष खोई भन्दा उल्टो साथीसँग लाप्पा खेलेर ज्वरो पनि आको छ सुतेको छ भन्नुले नारीमा हुने निर्दयीपन र कुटिल चरित्रको प्रतिनिधित्व गरेको छ । अन्ततः बाबु आएर छोरोको छेउमा जादाँ उसले सुनाउन चाहदा चाहदै पनि उसको सङ्केत नबुझी वावुले छोराले पानी माग्यो भन्ने सम्झी पानी दिन्छ र छोरोले अन्तिम सास फेरेसँगै कथावस्तु सकिन्छ ।

यसप्रकार हाम्रो समाजमा एकातर्फ नारीको बाधक नारी नै हुने कुरा प्रस्तुत गरेको छ भने अर्कोतर्फ आफ्नो सन्तान मात्र सन्तान सम्झने अर्काको पीडा व्यथा नबुझ्ने दानव समेत यस समाजमा रहेकाले समाज पतनतर्फ उन्मुखभएको कुरा उपन्यासले प्रस्तुत गर्दै समाजमा रहेको तत्कालिन समस्या र घटनालाई उपन्यासको कथावस्तु बनाएकाले सरल सहज र स्वाभाविक बनेको छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

### ४.२.२ 'सौतेनी आमा' उपन्यासको चरित्रचित्रण

समथिङका उपन्यास आकारका दृष्टिले साना देखिए पनि पात्रका दृष्टिले निकै मोटा नै मानिन्छ । 'सौतेनी आमा उपन्यास पनि थुप्रै पात्र भएको उपन्यास हो । गाउँले परिवेश अनुसार भूमिका भएका चरित्रहरूको स्वभाव चित्रित भएको उपन्यास हो । प्रत्येक पात्रहरूको आ-आफ्नोचरित्र र भूमिका भए तापनि सन्तोषको चरित्रमा केन्द्रित छ । यो उपन्यास सन्तोषले आमाको अभावमा फेल्नु परेको पीडाको दर्दनाक अवस्थाको चित्रण गर्दै मृत्यु वरण गर्न बाध्य भएका घटनाहरू संस्मरणात्मक रुपमा उपन्यास निर्माण भएको छ । गाउँले परिवेशमा कथावस्तु निर्माण भएको छ । उपन्यासलाई पूर्णता दिन विभिन्न पात्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस उपन्यासमा पनि कुनै पात्रले सकारात्मक र कुनैले नकरात्मक पात्रको भूमिका निर्वाह गरेका छन् । सुष्मा, मानेकी कान्छी बुढी सन्तोषका बाजे बोजु, मानेका साथीहरू कर्ने, सर्ने, जर्ने, गीता आशा, फर्ना, मानेका सासु ससुरा, छिमेकी, धामी, निरौला साहुँ आदि सहायक तथा गौण रुपमा प्रस्तुत भएका पात्रहरू हुन् ।

यस उन्यासको केन्द्रीय पात्र सन्तोष मङगोल समुदायको गरिब मजदुरको इमान्दार पीडित मेहनती, सहनशील सहयोगी बालपात्रको रुपमा प्रस्तुत भएको छ । आर्थिक अवस्था ज्यादै कमजोर भएको कारण उसको परिवारले भोग्नु परेको पीडाको र दारुणिक अवस्थाको चित्रण उपन्यासमा पाइन्छ । यही गरिवीको कारण शिक्षाको कमीले उसकी आमा समेत परिवारले र उसले गुमाउनु परेको साथै सौतेनी आमा भित्रिए पछि गाँस आसुँसँगै खानु परेको आर्थिक अभावले नै सोचेजती प्रगति गर्न नसक्नु, विद्यालय जानुबाट वञ्चित हुनु साथै बालशोषणमा समेत परेको अवस्था चित्रण गरी उपन्यासलाई कारुणिक बनाएको छ । माने भोजको लागि अन्न माग्दा काम गर्ने सर्तमा मात्र निरौला साहुकोबाट अन्न पाउनुले नेपाली समाजमा पेट पाल्नको लागि समेत कस्तो अवस्था रहेको छ । भनेर अनुमान गर्न सकिन्छ यी चरित्रमार्फत मानेले आफ्नो परिवार जस्तो परिस्थितिमा पनि कति नडगमगाई भारी बोकेर भए पनि पेट पालेको र छाक टार्नुले मेहनती नेपाली पुरुषको प्रतिनिधित्व गरेको छ । साथै एकै पटक श्रीमती र आमाबावुको ३ लास घरबाट उठ्दा पीडामा समेत आफ्नो कर्तव्यमा नचुक्ने वीर नेपालीको प्रतिनिधि पात्र माने रहेको छ । मान्छे आर्थिक अवस्थामा कमजोर भयो भने हरेक कुरामा पछि पर्ने यो उपन्यास चरित्र मार्फत स्पष्ट पार्न सकिन्छ । बाहिरबाट अरुले जति नै सहयोग गरे पनि समस्यामा मानिस सधै एक्लो हुने कुरा यस उपन्यासले प्रस्तुत गरेको छ । अरुबेला नजिक हुने आपत परे पछि टाढा जाने नेपाली

समाजको प्रतिनिधित्व समेत यस उपन्यासले गरेको छ । दुःख र आपत परेको बेला श्रीमान श्रीमती भन्दा ठुलो सहयोगी कोही नहुने एकै रथका २ पाङ्ग्रा भएतापनि एकले अर्कालाई गुमाउनु पर्दा पीडाले यस उपन्यासमा नाजुग अवस्था सिर्जना भएको घटना समाजमा प्रसस्तै पाइने हुनाले नेपाली समाजका जल्दाबल्दा घटलाहरूलाई उठान गरेर उपन्यास जिवन्त बनाउने कोसिशस पात्र मार्फत भएको छ । यसका साथै उपन्यासमा थुप्रै सहायक पात्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

जसमा सन्तोषकी कान्छी आमा एउटी कुटिल चरित्र भएकी कठोर निर्दयी पात्रको रुपमा प्रस्तुत भएकी छे । आफ्नो सन्तान र सौताको सन्तानलाई फरक व्यावहार गर्ने खाने कुरादेखि लिएर हरेक व्यवहारमा छुट्याएर दुस्र पशुरुपी मानवको रुपमा प्रस्तुत भएकी छ । घरको काम धन्दामा नलगाउने विद्यालय नपठाउने मध्यपान गर्ने आफ्नो जिम्मेवारीको वेवास्ताव्यवास्ता गर्ने कर्तव्यबाट पन्छिने असल पात्रको प्रतिनिधित्व गरेकी छ । सौतेनी व्यवहारको पीडामा कान्छी आमाबाट सन्तोष छट्पटि रहेको अवस्था देखाउनुले नेपाली समाज कस्ता कस्ता घटना र संस्कार कायम छ भन्ने कुरा चित्रण भएको पाइन्छ । जिउभर निलडाम हुन्जेल पिट्दा समेत मातृत्व नजाग्ने महिला समेत रहेको नेपाली समाजको प्रतिनिधित्व यस पात्र मार्फत प्रस्तुत भएको छ । सौताको छोरालाई राम्रो गर्छु भन्दै भित्रिएकी कान्छी आमा आफ्नो भए पछि भुलेर गलत व्यहार गर्नुले कर्तव्य विमुख चरित्रको रुपमा प्रस्तुत भएका कारण विना गल्ती विभिन्न आरोपमा सन्तोषलाई मरणासन्न हुने गरी पिटेर अन्ततः उसको मृत्यु भएको घटनाले हाम्रो समाज यतिसम्म नीच नारी समेत रहेको घटना देखाउन खोजिएको छ । पढने चाहना भएर पनि एकातर्फ गरिवी र अर्कातर्फ सौतेनी व्यवहारको कारण सन्तोष वञ्चित भएको छ । यसरी दोहोरो चपेटामा पारेर तितो यथार्थमा बाँच्न विवश नेपाली समाजका वालकको प्रतिनिधि पात्रको रुपमा चित्रण छ । अर्कोतर्फ मानेकी जेठीश्रीमती वा सन्तोषकी आमा एक असल कर्तव्य परायण श्रीमती, बुहारी र आमाको रुपमा प्रस्तुत गरी नारी गुणको प्रशसंसा गरिएको छ । घरमा सासुससुराको समेत हेरचाह गर्ने श्रीमानलाई घर बाहिरको व्यवहारमा समेत सघाउने स्नेही, सहयोगी, कर्तव्य परायण सत् पात्रको रुपमा प्रस्तुत गरिएको छ । साथै सुष्माको प्रवेशसँगै घर नै बदलिएको छरछिमेकीको र समाजको समेत प्रशंसक बन्ने सफल नारीको पात्रको रुपमा उभ्याएर घर बनाउने वा विगार्ने भन्ने कुरा नारीको हातमा रहेको देखाउन खोजिएको छ । असल नारी भए घर स्वर्ग बन्ने र खराव नारी भए नर्क बन्ने कुरा यस उपन्यासका नारी पात्र मानेकी

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

जेठी र कान्छी श्रीमतीबाट स्पष्ट देखाइएको छ । मानेकी जेठी श्रीमती सुष्मा परिवारको खम्बा भएर उभ्याएकी छ  भने मानेकी कान्छी श्रीमती विनाशसकको रुपमा उभ्याएको छ । घर परिवार र समाजमा महिलाको स्थान कति महत्त्वपूर्ण हुन्छ भन्ने कुरा यस उपन्यासका नारी पात्रबाट स्पष्ट पारिएको छ । यस्तै यस उपन्यासमा मानेका बाबु आमाको भूमिका पनि महत्त्वपूर्ण मानिन्छ । छोराको लागि चिन्तित भएर विहाको लागि बाराम्बार आग्रह गर्ने कर्तव्यपरायण अभिभावकको भूमिका निर्वाह गरेका छन् भने आफ्नो जिम्मेवारी पूरा गर्नपाए सजिलै सास जान्छ मर्ने बेलामा वुहारीको हातबाट पानी पिउने चाहनाराख्नुले नेपाली समाजको संस्कार धर्म संस्कृतितर्फ इङ्किङ्कित गरेको छ । वुहारी विरामी हुँदा ख्याल गर्ने गर्भवती भएको थाहा पाए पछि अन्नको जोहो गर्ने कुखुरा हुर्काउने जस्ता घटनाले पारिवारिक एकता, सद्भाव र सहयोगी नेपालीपन देखाउँदै कथावस्तुलाई अर्थपूर्ण बनाएको छ भने नेपाली समाज र सम्प्रदायका सासु बुवुहारी बीचकोबेमेल र झगडालाई समेत चुनौती दिइएको छ । जन्मदा खुसी हुनु नातीको राम्रो रेखदेख गर्नु जस्ता घटनाले चरित्रलाई अझ मजबुद बनाएको छ । अर्कोतर्फ बवुहारी दोस्रो पटक गर्भवती हुँदा र बच्चा जन्मदा बच्चा र आमाको मृत्यु हनु, लामो समयसम्म विराम लाग्दा पनि धामी झाक्रीको विश्वास गरी कुखुरा र अण्डा चढाउनुले नेपाली रुढीबादी समाज प्रतिको झुठो विश्वासलाई तितीखो व्यङ्ग्य गरेको छ  भने बुहारी मृत्यु हुनुले कथावस्तु कारुणिक बनेको छ । विज्ञान प्रविधिको युगमा पनि झाक्रीको विश्वास गरी मान्छेको मृत्यु हुनुले रुढीबादी समाजलाई बिउँझाउने कोसिश्स गरिएको  छ । अस्पताल लाने पर्याप्त पैसा नहुनुले गरिबीको पराकाष्ट चरित्र मार्फत स्पष्ट पारिएको छ । बुहारीको मृत्युसँगै सासु ससुरा बेहोस हुनु र मर्नु चरित्र मार्फत घटना हृदय–विदारक र कारुणिक बनेको छ । माया भन्ने कुरा कतिसम्म घातक हुँदो–रहेछ भन्ने कुरा चरित्र मार्फत प्रस्तुत गरिएको छ । घटनालाई चरित्र मार्फत कारुणिक बनाएको छ ।

अर्कोतर्फ चरित्रहरूमा मानेको साथीहरू झुमा, गिीता, आशा, कर्ने, सर्ने, जर्ने प्रस्तुत गरिएको छ । उनीहरू सहायक पात्र भएतापनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । मानेलाई सुरुबाट सहयोग गरी अन्त्यसम्म साथ दिने असल मित्रका रुपमा प्रस्तुत गरी उपन्यासलाई पूर्णता दिने काम गरेको पाईन्छ । मानेको भारी बोक्ने जाने साथी, विहाको लागी बारम्बार अनुरोध गर्ने, परिवारमा आई परेको समस्यामा सहयोग गर्ने 'गाँस छोड्नु साथ नछोडनु' भन्ने उखान यी चरित्र मार्फत प्रस्तुत भएको छ । उनीहरूले सुरुबाट लागेर

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

मानेको विहा गराई छाडेका छन् भने श्रीमती विराम हुँदा मानेको भोज हुँदा सबै जिम्मेवारी लिएर काम गर्नुले सामाजिक सद्भाव यी चरित्र मार्फत प्रस्तुत गर्न खोजिएको छ । रेला ठट्टा गर्ने मानेलाई जिस्काई रहने र भाषिक र बोलीको शब्दमा समेत ठेट नेपाली शब्दको प्रयोगले सुन्दा कताकता असभ्य भाषा हो की भन्ने आभास समेत यी पात्र मार्फत पाउन सकिन्छ । यधपि गरीब भए पनि यिनीहरू आफ्नो काम छोडेर पनि साथीको काममा ज्यान दिनुले धन भन्दा मन ठुलो भन्ने कुरालाई स्पष्ट देखाएको छ । भने धनले मान्छेलाई स्वार्थी पो बनाउँछ कि भन्ने सङ्का समेत उब्जाएको छ । अर्कातर्फ गरिब र निमुखाले सधै झुक्नु पर्ने जस्ता सामान्ती प्रवृत्ति नेपाली समाजमा कायम रहेको कुरा देखाउन खोजीिएको छ । निरौला साहुँको भारी बोक्ने सामान ल्याउने र काम गर्ने सर्तमा चामल ल्याउनुले वर्गीय असमानतालाई स्पष्ट देखाएको छ । दिन रात बनी नगरी अर्काका चेलिबेटी नपुऱ्याई हात मुख जोर्न अवस्था नहुनेले नेपाली मजदुरको अवस्था कस्तो रहेको छ भन्ने कुरा प्रस्तुत गरिएको छ भने नेपाली समाजमा वर्गीय थिचोमिचोमा धेरै मान्छे रहेको कुरा स्पष्ट पारिएको छ । यस्तै अन्य थुप्रै गौण पात्रहरू रहेका छन् । सन्तोषका मामा मावली घरका बाजे बेेजु छिमेकी गाउँले, साथी थुप्रै गौण पात्रको प्रस्तुतिि उपन्यासमा भएको छ । जहाँ सन्तोषकी आमा मरे पछि कान्छी आमा विहा गराउन कर गर्ने उसका मावली परिवार लागी परेका हुन् । जसका कारण सन्तोषको मृत्यु समेत भएको छ । यसरी श्रीमती मर्दा श्रीमानले दोस्रो बिहा गर्ने त्यसमा समाजको आपती नहुने तर श्रीमान मरे श्रीमतीले बिहा गर्दा समाजको कुरा गर्ने पात्र बन्नुले नेपाली समाजतर्फ पनि पुरुष प्रधान रहेको कुरा देखाउन खोजिएको छ । साथै महिलाको बाधक महिला नै हुने कुरा पनि उपन्यासले कही कतै बोलेको छ । ~~र~~ उपन्यासले समाजसुधार चाहनेले सुरुवात आफूबाट गर्नु पर्ने कुरा उल्लेख गरेको छ ।

यसप्रकार यस 'सौतेनी आमा उपन्यासमा उपन्यासकारले समाजमा मौलाएको विभिन्न समस्याहरू, बेथिती, रुढिवादी परम्परालाई विभिन्न चरित्र मार्फत व्यङ्ग्यात्मका तथा सन्देशमूलक परिवर्तनकारी शैलीमा प्रस्तुत गर्ने जमर्को गरेका छन् । उनी नेपाली समाजका गरिब शोषित, तल्लो वर्गका उत्पीडित चरित्रलाई आफ्नो उपन्यासमा पात्रको रूपमा पस्तुत गर्दै विसङ्गत पक्षको सुक्ष्म रूपमा अध्यायान गर्दै आफ्नो कलम मार्फत परिवर्तनको लागी कथावस्तु निर्माण गर्नु उनको वैयत्तिक क्षमता र कुशसलता मान्न सकिन्छ । धाँमी झाकी र झारफुकको खुलेर विरोध गर्ने उनी तिनै पात्र मार्फत



Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

परिवर्तनको ध्वनि फुक्न चाहन्छन् । यस्ता परम्परालाई पात्र उपस्थित गराएर अन्धभक्तको ध्वाज उठाएका छन् । समाजमा शोषकर शोषित २ वर्ग रहने र शोषक अन्त्य गर्न शोषित वर्ग आफै उठनु पर्ने कुरा विभिन्न चरित्रले उठान गरी कथावस्तु अगाडि बढाएको छ । स्थानीय ठेट भाषाको प्रयोग पात्र मार्फत गरी उपन्यासलाई रोचक छ धेरै पात्रहरू भए तापनि उपन्यासको पूर्णता भने सन्तोष कै भूमिकामा भएको छ ।

### ४.२.३० 'सौतेनी आमा' उपन्यासको परिवेश

सन्तोष र उसको परिवारले भोगेको आर्थिक सामाजिक, धार्मिक, पारिवारिक विविध जनजिवनको चित्रण उपन्यासमा प्रस्तुत भएको छ । 'सौतेनी आमा' उपन्यासमा पाँचथरको कुनै गाउँलाई परिवेश बनाएको छ । पाँचथर र पाँचथरका सदरमुकाम फिदिम आपसमा घटनाहरू घटेका परिवेश प्रस्तुत छ । यसैको सेरोफेरोमा घटना केन्द्रित भएकाले गाउँले परिवेश नै यसको केन्द्र मान्न सकिन्छ । सन्तोषको मावली घर आफ्नो घर निरौला साहुँका पसल, पिपलडाँडा भञ्ज्याङ, जस्ता ठाउँहरू देखाएर परिवेश प्रस्तुत भएको छ । सन्तोषको घरबाट सुरु भई अन्त्य पनि घरकै परिवेशमा भएको छ ।

नेपाली समाजमा चलिी आएका परम्परा, मान्यता रुढीवादी संस्कार, सौतेनी व्यवहार, दमन, मधयपान र यसले निम्त्याउने दुर्घटना, गरिवीपन र यसको असरमा पर्ने थिचोमिचो जस्ता घटनालाई समेटेदै समथिङले यसकै सेरोफेरोमा परिवेश निर्माण गरी उपन्यास लेखेका छन् । मान्छेको बाध्यात्मक परिस्थितिले गर्दा रहरहरू कसरी मरिरहेका हुन्छन् । दमित, कुन्ठित हुन्छ भन्ने कुरा उपन्यासको परिवेश मार्फत स्पष्ट पारिएको छ । एकातर्फ नारीले घरलाई स्वर्ग पार्छे भन्ने कुरा सन्तोषकी आमा मार्फत देखाईएको छ भने अर्कोतर्फ नारीले घरलाई नर्कमा पार्छे भन्ने कुरा सनतोषकी कान्छी आमाबाट तुलानात्मक रुरूपमा परिवेश प्रस्तुत गरी उपन्यास रोचक र कौतुहलपूर्ण बनाएको छ । एउटा अबोध बालक मातृ स्नेहबाट विमुखहुँदा मृत्यु बरण गर्नुले नेपाली समाजमा रहेका निच र निन्दनीय नारीको रुरूपमा परिवेश निर्माण भएको छ आफ्नो सन्तान मात्र सन्तान सम्झने नरपिचासलाई मानवताको ख्याल नभएको परिवेश निर्माण गरी उपन्यासमा कौतुहलता थपेको छ । आफ्नो आमा गुमाउँदाको पीडा एकातर्फ छ भने सौतेनी आमाको घृणित व्यवहारले सन्तोष दोहोरो चपेटामा पर्नुले उपन्यासलाई कारुणिक बनाएको छ । गरिवीले सन्तोषको परिवार पिलसिएको त छदैछ । अर्कातर्फ उसको चाहना इच्छा बात्सल्य समेत

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

कुण्ठित भएको परिवेश प्रस्तुत भएको छ । पेटभरि खान नपाउनु सौतेनी आमाको पिटाई र गाली खानु डरले बाबुलाई सुनाउन नसक्नुले कष्टप्रद कारुणिक जीवनको यथार्थको उद्घाटन उपन्यासले गरेको छ । कान्छी श्रीमती ल्याए पछि घर र छोरोको हेरचाह हुने मानेको सपना ठीक विपरित हुनुले घटनाले विकराल रूप लिएको छ । अर्कोतर्फ मानेका साथीहरूको सहयोगीपनले माने खुसी देखिन्छ । यधपि ऊ आफ्नो जेठीश्रीमती र बावु आमाको लास एकै पटक उठाउनु पर्दा आर्थिक र मानसिक भार पर्ने गरिवी मजदुरको कारुणिक अवस्था जीवित छ । उसले चाहेर पनि श्रीमती बचाउँन नसक्ने सन्तोषलाई समय दिन नसक्नु, छोरोको कुरा बुझ्न नसक्नु, कान्छी श्रीमतीको व्यवहार पहिचान गर्न नसक्नुले गरिवी मात्र नभई आशिक्षित मान्छेको प्रतिनिधित्व समेत गरेको छ । ससुरालीले दोस्रो बिहाको लागि कर गर्दा अन्ततः बिहाको निर्णयमा पुग्नु उसको वाध्यता हो भने निर्णय क्षमता पनि कमजोर भएको पाईन्छ । जाँड, रक्सीको प्रयोग ढोल धान नाच जस्ताले नेपाली समाजको मङ्गोल संस्कार र संस्कृति रहन सहनलाई समेत परिवेशको रूपमा प्रस्तुत गरिएको छ ।

माने सँधै साहु महाजनको काममा हुनु घरफर्कदा अँध्यारो कोठाको ओछ्यानमा छोरो सुतिरहेको पाउनु र बाबु आएर पानी दिएपछि छोरोको मृत्यु हुनुको परिवेशले उपन्यास कारुणिक भए अन्त्य भएसँगैको परिवेशले सौतेनी आमा' उपन्यास सफल रहेको पाईन्छ ।

### ४.२.४ **'सौतनी आमा' उपन्यासको उद्धेश्य**:

'सौतेनी आमा' उपन्यास सामाजिक घटनामा केन्द्रित उपन्यास मान्न सकिन्छ । समाजमा रहेको वर्गीय पात्र र प्रवृतिको प्रस्तुति उनका उपन्यासमा पाइन्छ । जीवन जिउने कममा दुःख, सुख, पीडा, हाँसो, खुसी त आउँछ नै तर कहिले कहीँ मान्छेका जीवनमा यस्तो अकलपनीय घटना पनि घटछकी नचाहेर पनि मान्छे यहाँ रहर भन्दा वाध्यातामा बाँच्नु पर्ने घटनाहरू घटेको देखाउन यसको मुख्य मर्म रहेको पाइन्छ । मान्छे आर्थिक भन्दा मानसकि तनावले विकराल बन्न पुग्छ । यसको भागिदार स्वयम् मान्छे नै भएको घटना प्रस्तुत उपन्यासले देखाएको छ । समाजका सकारात्मक ,कुरालाई आत्मसाथ गर्नु पर्ने र नकारात्मक कुरालाई जरैदेखि फाल्नु पर्ने कुरा उपन्यासले व्यक्त गरेको छ । मान्छेलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार समान हुनुपर्ने भाव यस उपन्यासले व्यक्त गरेको छ । समाजका उच्च वर्ग र निम्न वर्ग बीचको भिन्नता र यसले निम्त्याउने अवस्थालाई प्रस्तुत गर्दै

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

यसको समानताको लागी मान्छे आफै जुटनु पर्ने कुरा प्रस्तुत भएको छ । आर्थिक रूपले कमजोर भएको कारण मान्छे दमित भएर निचोरिएर समाजमा बाँच्नु परेको र यसकै परिमाण स्वरुप मृत्यु वरण समेत गर्नु परेको अवस्था चित्रित भएको छ । यसरी पीडामा बाँच्नु पर्दा मान्छेमा कस्तो प्रभाव पर्छ र भविष्य कता–तिर जाँदै छ भन्ने कुरा उपन्यासले स्पष्ट बोलेको छ । विकास र निर्माण कार्य मजदुरबाट नै हुने तर सम्मान र इज्जजकत कहिल्यै लैनपाउनाले यिनै मजदुर चुप बस्दा भोलि कस्तो स्थिति सिर्जना होला भन्ने सन्देश समेत यो उपन्यासले दिएको छ । यसरी सधैँ श्रमिकलाई दमन र शोषण गर्ने हो भने उनीनीहरूको मानसिक अवस्था कमजोर भई भोलि कस्तो स्थितिति सिर्जना हुने हो यसमा सम्बन्धित पक्षले ध्यान पुऱ्याउनु पर्ने कुरा समेत प्रस्तुत गरिएको छ । दानवरूपी व्यवहारले आफ्नै विनास हुने कुरातर्फ संकेत गरेको छ । जो मजदुरी गर्छ उसको पेट सम्म भरिदैन शोषकको मात्र ऐस आरामको जीवन भएको हुँदा गरिबलाई पनि आत्मा समानित भएर बाच्ने अवसर दिनु पर्छ । भन्ने कुरा स्पष्ट पार्ने कोसिश्स गरिएको छ ।

प्रस्तुत उपन्यासमा एउटा अवोधबालक माथि चरम यातना दिने दानवम–रुपी महिलाको चित्रण गर्दै यस्ता कुपात्र समाजमा प्रशस्त रहेको र यिनीहरूको अन्त्य र सुधारको लागि आवज बुलन्द गर्नु यस उपन्यासको मुख्य उदेश्य रहेको छ ।समाजमा घट्ने यथार्थ यस्ता घटनालाई उपन्यासमा प्रस्तुत गरी सुन्दर समाजको परिकल्पना गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ४.२.५ 'सौतेनी आमा' उपन्यासको भाषाशैली

परिच्छेदमा विभाजित नभई संरचित सौतेनी आमा उपन्यासको भाषाशैली सरल सहज रहेको छ । गाँउँको परिवेशमा घटना घटाइएकाले स्थानीय लवज ठेट भाषाको प्रयोग गरिएको छ । ग्रामीण समाजको यथार्थ चित्रण भएको यस उपन्यासमा सरल स्वाभाविक भएको पाइन्छ । उपन्यासका घटनाहरू सुरु, मध्य र अन्त्यमा क्रमिक, पारस्पारिक रूपले सरल तरिकाले अगाडि बनेको छ । मौलिक ठेट भाषाको प्रयोगले उपन्यास रोचक र जिज्ञासु बनाएको छ । निम्न आदरार्थीको प्रयोग धेरै पाइन्छ 'ऐ माने' कति मलाई हैरानी दिन्छस् । (समथिङ, २०७४ : ४) छाउरीहरू बोका, बाख्राको पाठी बे, वारी जाड, रक्सी र टवाके, हाडी घाप्टे घिच लाद्रोभर जस्ता अपशब्द र आञ्चलिक शब्दको समेत प्रयोग गरी उपन्यास जिीवन्त बनाउने कोसिश्स गरिएको छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

उपन्यासमा प्रयोग भएको भाषा व्याकरणसम्मत भएको हुन् सक्छ । यसमा स्तरीय भन्दा पनि पात्रले बोल्ने भाषालाई प्रयोग गरिएको छ । (समथिङ् २०७४) आवश्यकता अनुसार लेखलले वर्णनात्मक, व्याख्यात्मक र संवादात्मक शैलीको प्रयोग गरिएको पाइन्छ । उपन्यास सामाजिक यथार्थमूलक भएकोले निम्न वर्गको पात्रले बोल्ने भाषिक लवजको प्रयोग बढी भएको पाइन्छ । आमा टोकुवा, अल्छीना, च्या, मरनच्यासे, तेरो भुँडी फुट्ने गरी घिच, साले, चोक्टा सातमूल्या हाव सोकोटा, अल्छीना, सेन्तेरेम, विजुपानी, फोटो खिच्ने जस्ता स्थानीय शब्दको समेत प्रयोग पाइन्छ टुलुटुलु, चुपचाप घाईघुई जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग भएको पाइन्छ । भाषाशैलीमा ग्रामीण क्षेत्रको प्रभाव धेरै नै पाइन्छ । यसले उपन्यासलाई अझै मिठास थपेको पाउन सकिन्छ । कहीँ कतै उखान टुक्काको प्रयोगले उपन्यासको भाषाशैलीमा अझ रोचकता थपेको पाइन्छ । स्थानीय रहनसहन परम्परा कायम राख्दै धान नाच मध्यपानको प्रयोग ढोल नाच देखाउनुले उपन्यास अत्यन्त सान्दर्भिक बनेको छ । धामी मन्त्रले उपन्यासलाई अझ प्रभावकारी बनाएको छ । ए ! तिमी चकककेे सिकारी सिरिङ सिकारी, बगाले सिकारी, कासिहाङ, शिकारी, खोला सिकारी डाडा सिकारी, ऐमा थेबा, सतेहाङमा, चोखोबा, गुरुतिथी.......जस्ता तान्त्रिक शब्दले उपन्यास अझ सान्दर्भिक देखिन्छ । स्थानीय तत्कालिन, परिवेश विसङ्गत पक्ष, विकृति कुसंस्कार अन्धपरम्परालाई यथार्थ विषयवस्तु बनाउँदै नयाँ नयाँ शब्द चयन तत्सम, तदभव र आगन्तुक शब्द र उखान टुक्काले अञ्चलिक बनेको छ ।

### ४.२.६ 'सौतेनी आमा' उपन्यासमा दृष्टिविन्दु

यस उपन्यासमा मुख्य रूपमा सन्तोषको कथा भनिएको छ । यसको कथायिता उपन्यासमा अप्रत्यक्ष रूपमा रहेको देखिएको छ । लेखक आफू पनि यस उपन्यासमा उपस्थित त हुनु तर उनले मूल कथा र प्रासङ्गिक कथाको वर्णन कथायिताले गरेको हुनाले तृतीय पुरुष परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ४.२.६ 'सौतेनी आमा' उपन्यासको निष्कर्ष

बहुप्रतिभाशाली व्यक्तित्व समथिङ सामाजिक क्षेत्रका विषय वस्तुलाई समेटेर उपन्यास लेख्न खप्पिस, रहेका छन् । समाजको अवस्थालाई जस्ताको तस्तै पात्रहरूमार्फत पाठकलाई प्रत्यक्ष परिचित गराउन सफल रहेका छन् । यस 'सौतेनी आमा' उपन्यासमा पनि त्यस्तैतेस्तै सामाजिक घटना घटेको पाइन्छ । घर र समाज निर्माणमा महिलाको महत्त्वपूर्ण

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

स्थान रहने कुरा उपन्यासले बोलेको छ । एकातर्फ नारी सत्य सावित्री हुन भने अर्कोतर्फ राक्षसी प्रवृत्ति भएका नारी पनि हाम्रै समाजमा रहेकाले यस्ता विषालु सर्प रूपी नांगिनलाई सुधार गरी सभ्य समाजको निर्माण गर्नु पर्छ भन्ने सन्देश दिन लेखक सफल भएका छन् । समाजका विकृत सामान्त वर्ग र महिलाको विरोध गर्दै आजका वालवालिकालाई वालअधिकारबाट वञ्चित नगरी सहीबाटो देखाउन सके मात्र भोलि समाजको मुहार फेरिने कुरा उपन्यासको मुख्य ध्येध्येय रहेको छ ।

## ४.३. 'धनबहादुर सर' उपन्यासको विश्लेषण

धनबहादुर सर रामप्रकाश समथिङको अर्को औपन्यासिक कृति हो । उनका प्रकाशित कृति मध्ये २८ औं कृति हो । ६६ पृष्ठ रहेको उनको यो २२ उपन्यास मध्येको एक हो । २०७४ वबैशाखमा प्रथम पटक अरनिको अपसेट प्रेस विराटनगर गुरुङ तारा, सुदर्शन र प्रदर्शनले गरेको हो । यस उपन्यासमा सङ्घर्ष र सफलताको कथा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ 'धनबहादुर सर' उपन्यासको कथानक

समथिङका उपन्यासहरू प्रायः गरेर सामाजिक यथार्थको धरातलमा उभिएर लेखेका छन् । यी मध्ये 'धनबहादुर सर' पनि समाजिक उपन्यास नै मानिन्छ । उनको यो अर्को उत्कृष्ट उपन्यास हो । मानव मनका हाँसो आँसु, पीडा, कन्दनलाई विशेष प्राथमिकता दिदै सफल रूपमा उपन्यास सिर्जना गर्छन् । 'धनबहादुर सर' भन्ने वित्तिकै कुनै मास्टर वा पेसामा संस्थामा आवद्ध भन्ने बुझिन्छ । धनबहादुर भन्ने व्यक्ति कसरी धनबहादुर सर बन्न सफल भयो उसका दुःख पीडा र सफलताका कथाहरू यस उपन्यासमा केन्द्रित छ ।

धनबहादुर एउटा गरिब परिवारमा जन्मेको मेहनेती परिश्रमी व्यक्ति हो । जहाँ उसको जन्म अत्यन्त गरिब परिवारमा भएको हुन्छ गरिब परिवारमा भए पनि अत्यन्त इमान्दार, मिहनेती र जेहेन्दार हुन्छ । धनबहादुरका बाबु, आमा, धनवीर र धनमतिको पाँचौं सन्तानको रूपमा जन्मेको एक्लो छोरो धनबहादुर हो । धनमती र धनवीरेको ४ ओटी छोरी जन्मेको हुन्छन् । नेपाली पितृसतात्मक सोचले घेरेको समाज जति नै छोरी जन्मे पनि बंश थाम्ने छोरा नै चाहिन्छ भन्ने प्रचलनले छोपेको हुँदा धनपती पाँचौं पटक गर्भवती हुन पुगेकी हो र उसले नौ महिना पछि छोरा जन्माउन्छे धनबहादुरले सुत्केरी विराम लाग्दा धामी

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

लगाउनु कालो कुखुराको खोजीगर्नु खेतला सघाउने सर्तमा पैसा नहुँदा पनि मन्साउन कालो कुखुरा ल्याउनुले अझै पनि समाज अन्धपरम्पराको ढोगी रहेको कथावस्तु देखाउन खोजिएको छ । यिनै रुढी समाज र प्रचलनले मान्छेको ज्यान जोखिममा हुनु एकतर्फ रुढीवादी समाज र यसका भक्त भन्ने बुझिन्छ भने अर्कोतर्फ शिक्षाको कमी अझ पनि छ भन्ने ज्वलन्त उदाहरण बनेको छ । यसरी कुखुरा अण्डा मन्साउँदा समेत बुढीको विराम ठीक नभए पछि धनीवरे चिन्तित हुनु पुग्छ भने गाउँलेहरू उसको श्रीमतीलाई रुगेर बस्छन् । सुत्केरी बिराम लाग्दा केटा मान्छे घर भित्र पस्न नहुने पुरानो प्रचलन समेत झल्काएको छ । बिरामी रुङ्ने केटा मान्छे बाहिर बस्नु नुन हालेको रातो चिया पिउनुले स्थानीय जातीर परम्पराको प्रतिनिधित्वले कथावस्तु अझ रोचक बनाएको छ । विरामी जति सारो भए पनि स्वास्थ्य संस्थामा नलानुले जनचेतनाको अभाव देखाउँदै नेतृत्व तहलाई घचघच्याउने कोसिश्भस गरेको छ । प्रसङ्ग अनुसार अलि अपाच्य हुने शैली समेत उल्लेख भएको पाइन्छ । अन्ततः दिनको ११ बजेतिर धनमतीले छोरो जन्माउँछे सबै खुसी हुन्छन् । जोत्ने कि पोत्ने भन्दा जोत्ने भन्दै सबै खुसी हुन्छन् । चार जना छोरी छोरी पाउँदा गाउँका समाजबाट नै हैरान भाको थियो । उसले पनि लामो सास तानी बल्ल वंश थाम्ने भो भनेर ए (-समथिङ, २०७४ : १३) यसरी छोरी छोरी जन्माए नेपाली समाजमा दोष छोरीलाई दिने प्रचलन कायम रहेको कुरा उपन्यासमा स्पष्ट देखिन्छ । एकातर्फ गरिबी अर्कोतर्फ परिवारको संख्या छोराको अपेक्षाले बढ्दै ७ पुग्नुले पुरुष प्रधान पितृ-सतात्मक समाजको प्रतिनिधित्व गरेको छ । छोरा जन्माउन नसके, अपुताली वंश नास भयो जस्ता आरोप महिलाले नै खप्नु पर्ने अन्धो समाजलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । हिजो लान्छना लगाउने समाज आज छोरो जन्मे पछि धनवीरेको घरमा बधाई दिन भेला हुनुले समाज सहज पर्दा मात्र साथमा रहने र अप्ठेरोमा ताली बजाउन समेत पछि नपर्ने कुरा व्यक्त गर्न खोजेका छन् । यसरी धनवीरेको घरमा खुसी उल्लास छाउँछ तर खुसीयाली मनाउने पैसा र अन्न ऊ सँग हुदैन । अर्कोतर्फ पेटभरि ४ छोरी जन्माउँदा सिस्नो ढिडो समेत खान नपाएकी धनमती अभावमा पिल्सिएकी नारीको रूपमा उपन्यासमा प्रस्तुत भएकी छ । गरिब पनि इमान्दार धनवीरे धनमती आफ्नो दुखेसो सहजै चलाएको थिए धनवीरेलाई आफ्नी श्रीमतीले छोरो पाइदिएकाले खुसीको भोज गर्न मन छ । उसले गाउँमा ठूला साहु र हुने खानेकोमा ज्यान दिएर काम गरेकोले सबैले सहयोग गरे कसैले मासु कसैले चामल ल्याएर सुत्केरीलाई खान दिन थाले भने गाउँले साँझपरे पछि आ-आफ्नो घर फर्कन्छन् । धनविरे गरीबीकै कारणले छोरीहरूलाई विद्यालयको अनुहार देखाउन सकेको थिएन । यस पटक भने

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

धनमतिले पेट भरी खान पाएकी थिइ धनवीरेलाई भोज गर्न मन थियो ऊ मुखियाबाकोमा गएर विन्ति विसायो मुखियाबाले पनि उसको इमान्दारिता र काम सम्फे र १० पाथी चामल र केही पैसा दिन्छन् । मुखिनीले पुरानो लुगा दिन्छिन् । ऊ घर जान्छ उता छोरीहरूले मासु र भात खान पाउँदा दशै आएको जस्तै गर्छन् र साथी भाइ भेला गरेर खुसी मनाउँछ । जातिगत परम्परा अनुसार छोराको न्वारान गर्छन् । उसको नाम धनवहादुर रहन जान्छ । हेर्दा सानो खिनाउटे सातै महिनामा जन्मेर होला धनबहादुर कुपोषण लागे जस्तै देखिन्थ्यो । धनमती २२ दिन पुगे पछि काममा लागि सायद गरिबीको कारणले उसले आराम गर्न समेत पाइन न्। एकातर्फ पुरुष प्रधान समाज महिलालाई नेतृत्व नै नदिने सामाजिक काममा वञ्चित गर्ने घरभित्रको काम र छोराछोरी हेर्नु पर्ने नेपाली समाजकै कारण महिला पछि परेको घटना समेत प्रस्तुत भएको छ । 'हाम्रो सामाजिक संस्कारै नराम्रो । लोग्ने मान्छे मात्र मान्छे गन्ने महिलालाई चाँहि मान्छे नै नगन्ने' (समथिङ, २०७४: २४) दशौ छोरी भए पनि छोरा नै हुनु पर्छ भन्ने मानसिकता छोरो नजन्मे महिलालाई नै दोष यसरी व्यङ्ग्यात्मक रूपमा कथावस्तु अगाडि बढाउन सफल भएका छन् । यसरी धनवीरेको परिवार अर्काकै घरमा काम गरेर आफू र आफ्नो परिवार पाल्दै थियो । निरन्तर चलि रहेको थियो । उत्ता छोरा छोरीको पेट बढी रहेको थियो । समस्याले विकराल रूप लिदै थियो । जिम्मेवारी थपिदै गएकाले धनवीरे चिन्तित थियो । जग्गाको नाममा सुकुम्बासी नै थियो । बाँसको चित्राले बेरिएको घर, अर्काको अधिया र वनी गरेर पाल्नु पर्ने कठिन परिस्थिति छोरा छोरी साना हुनाले कथावस्तु कारुणिक बन्न पुगेको छ । बाँसबाट छानो, बेरा, खम्बा ढोका सव हुने माग्दा एक घनो सित्तैमा पाइने भन्दै लेखक प्राकृतिक विरुवा स्थानीय सामग्री बाँसको महत्त्व समेत उल्लेख गर्न सफल भएका छन् । धनवीरेका हजुरबा, वाबु पनि अर्काकै काम गरी आको किताबको अनुहार नदेखेको धनवीरे पनि अनपढ र छोरीहरू पनि विद्यालय नपठाउनुले एकातर्फ गरिबी त अर्कोतर्फ जनचेतनाको कमी कथावस्तुमा स्पष्ट देख्न सकिन्छ । अरुले फ्याक्न आटेको लुगा लगाउनु, खुट्टामा चप्पल नलगाउनु लुगाबाट भित्रको करङ्हरू देखिनुले गरिबीको नियति प्रस्तुत भएको छ । लाज छोप्ने कपडा समेत नहुनुले कथावस्तु दयनीय र मार्मिक हुँदै अगाडि बढेको छ । पैसाको अभावका कारण छोरी स्कुल पठाउन नसकेको धनवीरे छोराको विषयमा चिन्तित थियो । छोरीहरू दिन प्रतिदिन बढ्दै थिए बिहे गर्ने समय हुन लागेको थियो । यस विषयमा समय समयमा बुढाबुढी गनगनिन्थे । छोरीहरू आमा बाबुलाई काममा सहयोग गर्थे । मासु भात एकछाक खान दशैं नै कुर्नु पर्ने यो अवस्था

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

देखेर धनमती आफैलाई धिकार्थी दोष आफैलाई दिन्थी यो दयनीय अवस्थाले नेपाली समाज कसरी बाँचेको छ भन्ने कुरा स्पष्ट देखिएको छ ।

समय वित्दै जाँदा धने पाँच वर्ष पुग्छ बाबुले नजिकैको विद्यालयमा भर्ना गर्न लिएर जान्छ । 'अ ए धने ल हिड ।'

'कहाँ जाने बा ?

'धने तोते बोलीमा बोल्दैथ्यो'

'पढन !'

'कहाँ ?'

'स्कूल'

'तैले धेरै पढेर हामीलाई बुढेसकालमा पाल्नु पर्छ ।'

(समथिङ, २०७४: ३४) 'हुने विरुवाको चिल्लो पात भने झैँ' धनबहादुर पढाइमा तेजिलो थियो उसले अर्को कक्षामा जाँदा राम्रो अङ्क ल्याए वापत पुस्तक कापी कलम नि_–:शुल्क पायो उता जेठी दिदी भने पोइला गइछ धनवीरेको परिवारको संख्या घट्न थाल्छ धनबहादुर भने पढाइमा झ्न राम्रो गर्दै जान्छ । ज्यान सानो भएकाले सबैले लुते सिकुटे भनी जिस्काउँथे भने नाममा एकलखे लाएर बोलाउनुले निम्जो भएर हेपेको देखाउँदै घटनाक्रम अगाडि बढेको छ । धनमती र धनवीरे पनि एक दिन सुखका दिन आउँछन् र छोराले पाल्छ भन्ने कुरामा ढुक्क हुनुले नेपाली संस्कारलाई झल्काएको छ । दिदीहरू पढ्न नपाए पनि भाइलाई पूरा समय दिनु काम नलगाउनुले चेली माइतीको निष्पक्ष माया र पारिवारिक एकता कथावस्तुमा प्रस्तुत भएकाले उपन्यास प्रभावकारी बनेको छ । कक्षा ८ को जिल्ला स्तरीय परीक्षमा समेत सबै भन्दा वेसी नम्बर ल्याउनेमा परो र जिल्ला मै सबै भन्दा वेसी उसकै नम्बर आएकाले जि.शि.का ले समेत बाबु आमा मुखिया बा राखेर सम्मान गरी सफलताको कथा प्रस्तुत गरिएको छ । हिजोका दिन धनेका बाबुआमाले गरेको दु:ख र भोगेको पीडा त छदै थियो उनीहरूको इमान्दारिताले आज छोराको यो प्रगतिमा सबै हश्रार्म्सु खसाएको देखाउनु कथावस्तु सुखान्ततर्फ लम्किएको छ । विद्यालयमा बोलाउँदा उसका बाबु आमा पछाडि भुइँमा बसेर हेर्नु सिडिओसँग डराउनु सिडिओले १० हजार र विद्यालयले ५ हजार गरी १५ हजार प्रधान गर्नुले पीडा, डर र सफलताको संगम देखाएको छ। अति नै निम्न अवस्थाका कारण सिडिओले ५/५ हजार बाबु आमालाई लुगा किन्न दिन्छन् र छउेमा बसी म पनि तपाईहरू कै सन्तान हुँ डर लाज मान्नु पर्दैन भन्दै

सम्झाउनुले समाजमा यस्ता सही व्यक्तिको सहयोग र साथले नै समाज समृद्धि र विकासतिर लम्कन्छन् भन्ने देखाइएको छ ।

कोही व्यक्तिको सफलतामाको लामी परिवार र समाज कति जिम्मेवार हुन्छ भन्ने कथावस्तु यस उन्यासमा प्रस्तुत भएको छ । यसरी धनेको घरमा बेलुका मासुभात पाकेर भोज हुन्छ ।

गाँउँका ठुलाबढा मुखियाबाले समेत धनवीरेको घरमा खाना खाएका थिए । धनेलाई धेरै आशीर्वाद दिदै 'ल यसरी नै पढ्दै जानु । भोलि ठूलो भएर पढेर जागिर खाएर बाबु आमालाई घर जग्गा किनेर सुखले पाल्नु । तिमीले पढेर गाउँको सेवागर्नु पर्छ । धनेका बाबु आमाको दिन फिरोस ।' (२०७४ : ४३) भन्दै मुखिया घरतर्फ लाग्नुले ठूला ठालु भए पनि मनकारी व्यक्तिको प्रतिनिधित्व गरेका छन् । उता धनवीरे भने जीवनमा पहिलो २५ हजार गन्न पाएको र मुखियाबा जस्ताले आफ्नो घरमा खाना खाई दिएकोमा छोराको कारण यस्तो दिन आएको सम्झिएर साह्रै खुसी थियो । धने इमान्दार जेहेन्दार मात्र नभएर गाउँकै प्यारोथियो । स्कूल छुट्टी भाको दिन आमा बाबुलाई कामगर्न सघाउँथ्यो । नियमित विद्यालय जान्थ्यो । धने पढने स्कूल पूर्ण सरकारी थिएन मा.वि. निजी स्रोतबाट चलेको थियो । विद्यालयले एस्.एल्.सी. मा विद्यार्थी पास गराउन नसकेर वाक्क भएका थिए धनेको पढाइमा सबै सन्तुष्ट आशामा र विश्वासमा थिए । कक्षा ९ बाट पनि प्रथम भएको थिए र बालकल्याण समितिले ५ हजार पुरस्कार दिएको थियो । यसरी धनवीरेको परिवार छोराको प्रगतिको कारण सफलतातिर अघि बढी रहेको थियो । सेन्टपमा समेत ऊ जिल्ला टप भयो । जहाँ २५ केटा र ३ केटी थिए समाजका सानु सोचका कारण छोरी पढ्ने थोरै हुन्थे । धनेको प्रगतिमा विद्यालय, बाबु आमा गाउँ सबै, खुसी भए । छोरा जन्मेर यस्ता पो हुन भन्दै सबै कुरा गर्न थाले । एस्. एल्. सी. दिदाको कोठाभाँडा ट्युसन खर्च सबै व्यवस्था स्कूलले मिलाई दियो । परीक्षा दिएर ३ महिना पछि रिजल्ट आयो । रिजल्ट बुझ्न सदरमुकाम नै पुग्नु पर्ने घटनाले सञ्चारको सुविधा नभएको दुर्गम क्षेत्रको प्रतिनिधित्व उपन्यासले गरेको छ । एस्.एल् सी.मा समेत धनबादुर जिल्ला टप भएछ । गाउँ भर हल्ला फैलियो र विद्यालयमा सिडियो जिसिअ सबै भेला भएर धनबहादुरलाई कार्यक्रम राखेर सम्मान गरे, ५० हजार नगद सहित प्रमाण पत्र प्रदान गरियो । क्याम्पस प्रमुखले क्याम्पस पढाउने आश्वासन समेत दिए तर बाबुआमाले बजारमा राखेर पढाउँने हैसियत छैन भन्दै गुनासो गरेर एक सर्तमा डिग्रीसम्म पढाउने सर्त राखे र उसकै क्याम्पसमा डिग्रीसम्म पढने

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

सर्त बमोजिम पढ्न सुरु गर्‍यो । गाउँलले गाउँमै फर्केर सेवागर्नु भन्दै सम्मान सहित विदा गरे । हेड सरले बजारमा लगेर बस्नेखाने बन्दोबस्त गरी क्याम्पस प्रमुखलाई जिम्मा लगाई घर फर्के । क्याम्पसमा समेत राम्रो अङ्क ल्याई पास गर्‍यो । ७ वर्षमा डिग्री तह पूरा गर्‍यो र क्याम्पसले समेत त्यही क्याम्पसमा मासिक तलबमा पढाउन अनुरोध गरे पनि उसले स्वीकार गरेन र सम्मान साथ क्याम्पसले विदा गर्‍यो । गाउँलेले अब बस्दैन यत्रो पढो भन्दा उसले गाउँमै केही गर्ने र बाबुआमालाई पाल्ने कुरा गर्छ । र आफु एक १ कक्षादेखि पढेको नजिकैको स्कुलमा सबैले पढाउन अनुरोध गरे पछि त्यहीँ काम गर्न थाल्छ । बाबुआमा पनि खुसी हुन्छन् । हिजो किताब हातमा बोकेर जाने धने आज गाउँ कै धनबहादुर सर भएकोमा । उसले धेरै मेहनत गरेर विद्यालयमा पढाउँथ्यो, फिमा टेयुसन पढाइ दिन्थ्यो । लगातार २ वर्ष काम गरेको पैसाले जग्गा किनेर घर निर्माण गरी आफ्नो घरमा बाबु आमा राख्छ । मा.वि. विद्यालय स्वीकृत भए पछि पहिलो कोटामा धनेकै दरवन्दी पक्का भयो । ५ वर्षमा जिल्ला कै उत्कृष्ट अङ्क ल्याउने विद्यालय बनायो धनेले । ऊ सबैको मनमुटुमा बस्न सफल भयो । जिल्लाले उक्त विद्यालयलाई नमुना विद्यालय समेत घोषणा गर्‍यो । अन्ततः धनेको बिहाको चर्चा चल्न थाल्यो हिजो बनी गर्न जाने घरको साहुको छोरी दिन समेत मान्छे तयार हुनुले मान्छे कति सम्म झुक्दो रहेछ । समय आए पछि भन्ने कुरा स्पष्ट प्रस्तुत भएको छ । धनेको बिहे सामान्य तरिकाले सम्पन्न हुन्छ । उता उमेरले विद्यालयको हेडसर अवकाश पाए पछि हेडसर समेत धने हुन्छ । यसरी हिजोको लुरे, ख्याउटे,मरनच्याँसे, सुकुम्वासी आजको धनबाहदुर सर बन्न सफल छ । गर्दा के पो नहुने रहेछ भन्दै कथावस्तु अन्त्य भएको छ ।

यसप्रकार धैर्यता, सहनशीलता परिश्रमले मान्छेलाई सधैँ सफलतातिर धकेल्छ भन्ने सन्देश यस उपन्यासले प्रस्तुत गरेको छ । हिजोका दुःख पीडा नै सफलताका संवाहक हुन भन्दै बदलिदो परिवेशलाई देखाएको छ । समाज विसङ्गत मात्र नभई सही र सहयोगी मान्छे समेत समाजमा रहेको र कसैको सफलताको विजारपण गर्ने भ्रुण समाज र परिवार नै जिम्मेवार छन् भन्ने देखाउन कथावस्तु सफल बनेको छ ।

### ४.३.२ 'धनबहादुर सर' उपन्यासमा चरित्र चित्रण

'धनबहादुर सर' उपन्यास ६६ पृष्ठमा निर्मित सानो उपन्यास हो । उपन्यास सानो भएतापनि पात्रहरू प्रसस्तै प्रस्तुत भएको छन् उपन्यासका प्रमुख पात्र धनबहादुर हो । उसकै केन्द्रियतामा केन्द्रित छ । धनबहादुर सर र उसको परिवारले भोगेको गरेको सङ्घर्ष र



Formatted: Line spacing: 1.5 lines

Formatted: Space After: 6 pt

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

सफलताका विभिन्न घटनाक्रमले नै उपन्यास निर्माण भएको छ। यस्तै विविध घटनाले र ती घटनालाई पूर्णता दिन विभिन्न पात्रको भूमिकाले उपन्यासले पूर्णता पाएको छ। बाबु आमाले आफ्नो सन्तानका लागि कति सम्म मरि मेटछन् र सफलतामा पुगेको दिनको खुसी धनबहादुरका बाबु आमाबाट स्पष्ट पारिएको छ। आफ्नो परिवारको लागि र समाजको लागि धनबहादुरले गरेको मेहनेत र योगदान प्रशंसायोग्य छ भने धनबहादुरका लागि बाबु आमाले गरेको दुःख कष्ट हजारौ आमा बाबुको प्रतिनिधित्वलाई लिन सकिन्छ। साथै समाज समेत यसको सफलताको लागि जुटेको विभिन्न चरित्र मार्फत स्पष्ट पार्न सकिन्छ। धनबहादुर सानैबाट अनुशासित, मेहनेती, जेहेन्दार सहयोगी पात्रको रूपमा उपन्यासमा प्रस्तुत भएको छ। परिवार र समाज, विद्यालयको मर्यादा राख्ने नमातिने, दुःखमा नआतिने अनूकुल पात्रको रूपमा प्रस्तुत भएको छ। गरिब भए पनि इज्जतको ख्याल गर्ने कर्तव्यपरायण सन्तानको रूपमा स्थिर वर्गीय मञ्चीय पात्रको रूपमा प्रस्तुत गरिएको छ।

धनबहादुरका बाबु आमा यस उपन्यासका गरिब परिश्रमी मेहनेती सन्तानको लागि मरिमेट्ने सोझा पात्रको रूपमा प्रस्तुत भएका छन्। छोराछोरीलाई हर्काई बढाई बुढेसकालको सहारा सम्झी धनेलाई जिउ ज्यान दिएर पढाएका छन्। विहान बेलुकाको छाक टार्न गाह्रो हुँदा समेत सन्तानको लागि निरन्तर सङ्घर्ष गर्ने पात्रको रूपमा प्रस्तुत भएका छन्। गरिबीकै कारण शिक्षाबाट वञ्चित धनवीरेमा चेतना समेत कम पाइन्छ। बुढी विरामी हुँदा धामी लगाउनु, निरन्तर छोराको अपेक्षामा ५ सन्तानलाई जन्मदिनु भगवानले दिए जति थाप्नु पर्छ भन्दै छोराछोरी जन्माइ रहनुले अशिक्षित, रुढीग्रस्त पात्रको रूपमा समेत चित्रित भएको पाइन्छ। अर्कोतर्फ छोरा छोरीमा समेत केही पक्षपाती व्यवहार चित्रित छ। 'धनेले बाबु र आमालाई यतिका नजिक स्कुल हुँदा पनि किन दिदीहरूलाई स्कुल नपठाउनु भको ? भनेर सोध्यो। उसका बाबु आमाले साह्रै सहज उत्तर दिए धनेलाई तँ पो भोलि हाम्रो घरमा हुन्छस त। तलाई त लगानी गर्दा पनि यही घरमा हुन्छस्। बाबु आमा पाल्ने भने कै छोरा हो। छोरीको जात त माइतमा हुँदा एउटा थर हुन्छ। बे गरेर गए पछि केटाको जात थरमा मिली हाल्छ। हामीले भए जति सबै लगानी लाएर खर्च गरेर पढायो नि भोलि एक छाक हुन्छ बे गरेर गए पछि' (समथिङ, २०७४ : ४८) यसरी यी पात्रको माध्यमबाट अझ पनि समाजमा पितृ सतात्मक सोच र चेतना कम रहेको देखाइएको छ। छोरीलाई बोझको रूपमा लिने प्रचलन समाजमा अझ पनि कायमै रहेको कुरा र विना नारी सृष्टि चल्दैन भन्ने कुरा पात्र उभ्याएर व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ। १५

Formatted: Space After: 0 pt

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

वर्ष मै छोरी पोइला जानुले अशिक्षा र संस्कारमा पनि कमी भएको र आभावले मान्छेलाई वाध्य बनाएको घटना यी पात्र मार्फत प्रस्तुत गरेका छन् । जस्तो सुकै अभावमा पनि धनवीरे र धनमति मिलेर एक अर्काको काममा सहयोगी बनेर परिवार चलाएको देखाउनुले श्रीमान्श्रीमती एकै रथका २ पाङ्ग्रा भन्ने उखान प्रतिको बफादारिता र इमान्दारिताको जति आभाष भएपनि परेको खण्डमा समाजले काँध हालेर सहयोग गरेको देखाउनुले इमान्दारिता नै सबै भन्दा ठूलो सम्पतिको रूपमा उपन्यासमा प्रस्तुत भएको छ ।  उसको छोरो समेत सफल भएको छ। जो दु:खी गरिब छ ऊ नै समाज विकासको संवाहक हो  किन भने हरेक भागमा तिनै गरिब मजदुरको पसिना बगेको हुन्छ । आङभरी कपडा लगाउन नपाए पनि खुट्टा चप्पल नभए पनि कहिले डोकोमा त कहिले ढाडमा बोक्ने सन्तानको लागि मरी मेट्ने धनवीरे र धनमति सम्पतिमा गरिब भए पनि काम र कर्तव्य इमान्दारितामा साच्चै धनी भएको घटना प्रस्तुत भएको छ । यसले उपन्यासलाई सुखान्त समेत बनाएको छ । सुखले मान्छेलाई महत्त्वकांक्षी, स्वार्थी, निच सम्मान आदर नजान्ने बनाउँछ भने दु:खले मान्छेलाई हरेक सहीकुरा सिकाएको हुन्छ भन्ने कुरा यी पात्र मार्फत स्पष्ट पारिएको छ । असल मातापिताको भूमिका निर्वाहमा यी पात्रलाई लिन सकिन्छ । गरिबले हरेक दु:ख भोगेर परिपक्कव हुन्छ भन्ने कुरा यी पात्र उभ्याएर सन्तानको प्रगति सफलताको सुचक हुन भनेर् समाजलाई चुनौती दिएका छन् । अरुका छोराछोरी पास नहुनु तर गरिब धनवीरेकै छोरा सधैं प्रथम हुनुले ऐसर सम्पतिले मान्छेलाई विगार्ने र दु:ख ले जिउन सिकाउने कुरा स्पष्ट पारिएको छ । समाजको लागि लागि पर्ने यी पात्र मञ्चिय अनुकूल पात्रको रूपमा प्रस्तुत भएका छन् ।

यस्तै उपन्यासका अन्यपात्रमा धनवहादुरका दिदीहरू धनमति, मनमति, पानमति रहेको छन् । उनीहरू अनपढ गरिब किसानका छोरी सोझा केटीको रूपमा प्रस्तुत भएका छन् । आफ्नो भाइलाई अत्यन्त माया गर्ने, बाबु आमालाई सहयोग गर्ने दु:ख सुखको ख्याल गर्ने जिम्मेवारी नभुल्ने भाइको सफलतामा खुसी हुने आफू नपढे पनि भाइको लागि मरिमेट्ने सहयोगी, स्नेही, कर्तव्यपरायण छोरी, र दिदीको  भूमिका निर्वाह गरेका छन् । उपन्यासका अर्का पात्र मुखियाबा गाउँका ठूला ठालुका रूपमा उपस्थित भएका छन् । ठूला भए पनि मुद्दा मामिला मिलाउने दु:ख परेको बेला धनवीरेलाई सहयोग गर्ने चामल लुगा दिने दयालु सहयोगी अभिभावकको रूपमा प्रस्तुत भएका छन् । उनी सत् सहयोगी अनुकूल चरित्रको रूपमा प्रस्तुत भएका छन् । त्यस्तै हेडसर धनवीरेलाई कक्षा १ बाट विद्यालयमा भर्ना गरेदेखि डिग्री सकुन्नजेल अभिभाकत्वको भूमिका निर्वाह गर्ने सहयोगी शिक्षकको

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

रूपमा प्रस्तुत भएका छन् । धनवहादुरलाई कापी कलमदेखि पुस्तक सबै नि :शुल्क दिने पढाइमा ऊर्जा थप्ने आफ्नो विद्यालय छोडेर जाँदा समेत क्याम्पस पढनसमेत सहयोग गरेको देखाउनुले एउटा असल र शिक्षित व्यक्तिले कस्तो भूमिका निर्वाह गर्नु पर्ने रहेछ भन्ने देखाउन खोजेको छ । मान्छे पढेर विद्वान् हुनुको वास्तविक रूप हेडसर मार्फत देखाइएको छ । हुने वर्ग र नहुने वर्ग बीचको असमानता देखाए तापनि सहयोगी भावनासमेत प्रस्तुत उपन्यासमा कम नरहेको पाइन्छ । एकात्मक भावना र सहयोगीपनले सभ्य समाजको प्रतिनिधित्व गरेको छ । त्यस्तै उपन्यासका अर्का पात्र सिडियो जिसिअ रहेका छन् उनीहरू पनि अनुकूल सहायक मञ्चीय चरित्रको रूपमा प्रस्तुत भएका छन् । धनवहादुर जिल्ला प्रथम हुँदा विद्यालयमा आएर सम्मान गर्ने धनेका बाबुआमासँग सहानुभूति प्रकट गर्दै उनीहरू र आफूमा केही फरक नरहेको र आफ्ना बाबुआमा पनि यस्तै अवस्थादेखि यहाँ ल्याएको भन्दै बाबु आमालाई समेत आर्थिक सहयोग गर्ने दानवीर मानवीय अनुकूल चरित्रको रूपमा प्रस्तुत भएका छन् । समाज परिवर्तन र शिक्षाको मुहार फेर्ने व्यक्ति कस्तो हुनुपर्छ भन्ने ज्वलन्त उदाहरण यी पात्र मार्फत स्पष्ट पारिएको छ । मान्छेले जति शिक्षा पायो सम्पत्ति कमायो अझ मिजासिलो स्वभावको खुल्ला हृदय भएको हुनु पर्ने कुरा यी पात्र मार्फत स्पष्ट पारिएको छ । त्यस्तै गाँउले धामी धमनवीरेस्का साथी गौण नेपम्थ्य पात्रको रूपमा प्रस्तुत भएका छन् । हिजो छोरा नहुन्जेल कुरा काट्ने अपुत्रो भन्ने सुकुम्बासी भन्ने चरित्र आज धने धनवहादुर सर हुँदा तिनै प्रशंसा गर्ने र धनेको बिहेको लागी छोरी दिन समेत तछाड मछाड गर्नुले स्वार्थी र आवसरवादी समाजको प्रतिनिधित्व यी विभिन्न चरित्र मार्फत स्पष्ट पारिएको छ । मान्छे, मान्छे हो र उसले मान्छे भएर बाँच्नु पर्छ भन्ने भाव पनि यी चरित्र मार्फत व्यङ्ग्यात्मक रूपमा प्रस्तुत भएको छ । मान्छेले सहजमा भन्दा अप्ठयारोमा साथ दिनु पर्ने कुरा उल्लेख भएको छ । यसरी विभिन्न अनुकूल प्रतिकूल पात्राको उपस्थिति गराई उपन्यास उत्कर्षमा पुर्‍याइएको छ । एकातर्फ सन्तान नहुँदाको पीडा र अर्कोतर्फ छोरी मात्र जन्माउँदा समाजको लाञ्छनाले छट्पटिने बाबु आमा समाजमा थुप्रै रहेको र यो पितृसतात्मक सोच र पुरुष प्रधान समाजको अन्त्य हुनु पर्ने अन्धपरम्परा र कुसंस्कारलाई अन्त्य गरी यस्ता शोषण नभई समाज सुधारतर्फ लाग्नु पर्ने कुरा विभिन्न पात्रका माध्यमबाट दिन खोज्नु उपन्यासको मर्म हो । भौतिक सुख भन्दा दिनभर बभनिबभूत्तो गरी सन्तुष्टिको साथ मानसिक सुखमा बाँच्न राम्रो भन्ने कुरा स्पष्ट पारिएको छ । दु:खमा नआत्तिए एक दिन अवस्य सफल भइन्छ भन्ने कुरा उपन्यासका चरित्र मार्फत स्पष्ट पारिएको छ । यसरी विभिन्न पात्र र चरित्र मार्फत उपन्यासमा समाजमा हुने

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

घटना र अवस्थालाई थिचोमिचो, विसङ्गति, अत्याचार र सफलताको चित्रण गरी धनबहादुरको केन्द्रितमा घटना घटाइएको छ ।

### ४.३.३ 'धनवहादुर सर' उपन्यासको उद्देश्य

Formatted: Line spacing: single

समाजमा रहेको विधमान नारी हिंसा र असमानता वर्गीय असमानता पितृसतात्मक सोचको अन्त्य गरी समानतामूलक समाज निर्माण गर्नु यस कृतिको मुख्य लक्ष्य हो उपन्यासको धनवहादुर अति नै निम्न वर्गमा जन्मिएको मेहनेती धैर्यवान् लगनशील, जेहनदार पात्र हो । उसका माध्यमबाट वर्गीय असमानता र परिश्रमगरे धैर्यताले लक्ष्यमा पुऱ्याउँछ भन्ने कुरा व्यक्त गर्नु उपन्यासको मुख्य ध्येय हो । आजको २१ औं शताब्दीमा पनि छोरीलाई सन्तान नसम्भनु विभेबेद गर्नु छोरालाई मात्र लगानी गर्नु छोरी त अर्काको घरमा जाने जात किन पढाउनुजस्ता कुराहरू उपन्यासमा प्रस्तुत गर्नुले अभै पनि समाज र मान्छेको सोचमा परिवर्तन नआएकाले भोलि विकराल रूप सिर्जना हुन्छ भन्दै त्यसतर्फ उपन्यासले सचेत रहन आग्रह गरेको छ । उपन्यासमा धनवहादुरका बाबु आमा जस्ता स्वाभीमानी पात्रलाई सम्मान गर्नुपर्ने, धनवहादुर जस्ता व्यक्तिलाई इज्जज्जत साथ आफ्नो गाउँको समाज सेवामा ठाउँ दिनु पर्ने हेड सरजस्ता शिक्षककलाई सधैँ कदर गर्नेपर्ने र समाजलाई एउटा नमुनाको रूपमा प्रस्तुत गर्नु यस उपन्यासको उदेश्य रहेको छ । मान्छे समाजमा कसरी बाँचेको छ ? उसका इच्छा चाहना कसरी शोषित, दमित भएको छ ? मान्छे आफ्ना इच्छा र चाहना, सपना पूरा गर्न लागी पर्छ तीति सपना पूरा गर्न परिवार र समाजको साथले मान्छे पूर्ण हुन्छ । यसप्रकार सफल हुनुका लागि परिवार र समाजको भूमिका कति महत्त्वपूर्ण हुन्छ भन्ने देखाउनु यस उपन्यासको मुख्य उदेश्य रहेको छ । मानवीय समस्या र गरिबीले निम्त्याउने कारुणिक अवस्थाको पहिचान गरी सफलतामा पुग्न कसैको साथ र सहयोग चाहिन्छ भन्ने सन्देश पनि यस उपन्यासले दिएको छ । समाजमा धेरै खालका विकृति, विसंङ्गति सामाजिक असमानता रहेका छन् ? यिनको पहिचान गरी सुधार गर्नुपर्ने कुरा चुनौतीका रुपमा प्रस्तुत गरिएको छ । राम्रो कामको सुरुवात मान्छेले आफूबाट गर्नु पर्छ भन्दै समाजका विकृति विसङ्गतिलाई मनोवैज्ञानिक रूपमा प्रस्तुत गरिएको छ ।

उपन्यासको सुरुमा जीवनका दु:खद, पक्ष, पीडा, रोदन, पीर मार्का अपहेलित जीवनको घटना उल्लेख गरिएको छ भने अन्त्यमा सफलताका कथा सम्मानित जीवन घटना उल्लेख गरी दु:खको मिश्रणमा उपन्यास निर्मित भएको छ । जीवनमा सन्तानको

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

लागि लागि परेर अन्त्यमा सुख पाउने अभिलाषा राखेका धनवीरे  र धनमतिको जीवनमा धनवहादुर बुढेसकालको साहारा गाउँ समाजको चम्किलो ज्योति बनेर प्रस्तत हुनुले उपन्यास यदि संघर्ष गरे एक दिन सफलता मिल्ने सफलताको लागि निरन्तर लागि पर्ने कुरा उपन्यासले उत्तारेको छ । मानवीय कुण्ठा र पीडालाई वास्तविक रूपमा उपन्यासले प्रस्तुत गरेको छ । सामाजिक र पारिवारिक पृष्ठभूमिलाई आधारविन्दु बनाएर उपन्यास लेखिएको  छ ।

अभाव र पीडाले मान्छेलाई जीउन मात्र नभई सफलतामा समेत पुऱ्याउँछ तर कहिले काहीँ त्यही अभाव अभिसाप भएर प्रगतिको बाधक समेत वनेको कुरा उपन्यासले प्रस्तुत गरेको छ । हरेक संघर्षलाई सहेर खाई नखाई आफ्नो सन्तानको लागि बाबु आमा लागि पर्ने कुरा उल्लेख गर्दै अझ पनि हाम्रो समाजमा छोरा र छोरी बीच भेदभाव रहेको कुरा समेत उल्लेख भएको छ । यही सोचका कारण महिला पछि परेको भन्दै अवसर दिए महिलाले समेत जुनसुकै काम गर्न सक्छन् यस तर्फ सोच बदल्नु पर्छ र मात्र समाज र देश विकास हुने र बदलिने कुराको चित्रण उपन्यासकारले गरेका छन् । आधुनिक सभ्यताले मान्छेलाई सौखिन र भोगवादी त बनाएको छ  तर पनि जति छोरी जन्मे पनि छोराको अपेक्षामा जन्माई रहनु शिक्षा दिक्षामा भेदभाव गर्नु छोरी मात्र जन्मे महिलालाई नै दोष दिनु पर्ने कुरा उपन्यासको मुख्य अभिप्राय मानिन्छ । लैंङ्गिक असमानता र मान्छेको निर्दयी व्यहार वर्गीय असमानता देखाउनु र ठाउँ पाए र अवसर पाए साथै इमान्दार भए एक दिन सफल भइन्छ भन्ने कुरा देखाउनु यो उपन्यासको मुख्य उदेश्य रहेको छ ।

### ४.३.४ 'धनवहादुर सर' उपन्यासको परिवेश

धनवहादुर र उसको परिवारले भोगेको सामाजिक आर्थिक, सांस्कृतिक, धार्मिक जनजीवनको चित्रण यस उपन्यासमा प्रस्तुत भएको छ । धनवहादुर जन्मेदेखि शिक्षक भएर बिहा गर्दासम्मको विभिन्न घटना वस्तुको वर्णन गरिएको छ । गाउँले परिवेश धनवहादुरको घर गाउँ, छरछिमेक, मुखियाबाको घर धनवहादुर अध्ययन गरेको विद्यालय जिल्ला शिक्षा कार्यालय क्याम्पस परिषद्, सहरको कुनै ठाउँ समाजको सांस्कृतिक, पुरातनवादी परम्परा, रुढीवादी प्रथा, वर्गीय असमानता गरिबी लैङ्गिक विभेद जस्ता कुराको आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । विभिन्न सामाजिक घटनाक्रमदेखि सहरको क्याम्पस परिषद्सम्मको परिवेश प्रस्तुत गरिएको छ । उपन्यासको पात्र धनवहादुर अत्यन्त गरिब परिवारमा जन्मिएको आर्थिक अभावले थिचिएको मेहनती इमान्दार मजदुरको छोरो हो  भने

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

धनवीरे र धनमति आर्थिक भारमा परेका समाजका पीडित र विहानबेलुकाको छाक टार्न र सन्तान हुर्काउन मेहनेत गर्ने परिश्रमी मजदुर हुन् । विहान बेलुका छाक टार्न पनि दिनभर बनी गर्नु पर्ने एकदिन काम गर्न नसके पेटभाडो नै बस्ने कारुणिक अवस्थाका व्यक्ति हुन् । कसैको सफलताको लागी सबै लागि पर्नु पर्ने पैसा र ऐस मात्र सबै कुरा नभई अरुलाई सहयोग गरी सभ्य भएर बाँच्न पर्ने कुरा परिवेशको रूपमा प्रस्तुत गरिएको छ । छोरा या छोरी जे भए पनि समान दृष्टिले हेर्नु पर्ने कुरा समेत प्रस्तुत भएको छ । शिक्षाले नै समाज र देशको मुहार फेर्न सकिने कुरा समेत परिवेश बनेर आएको छ सिडीओ कार्यालय धनवहादुर पढेको क्याम्पस र गाउँको परिवेशमा घटना घटाइएको छ । बाबु आमाले धनबहादुरमाथि गरेको सन्तान जिम्मेवारी हेडसरले र सिडीयोले गरेको सहयोग मुखियाबाको भूमिका सान्दार्भिक रूपमा परिवेश बनेर आएको र कपडा पैसा सहयोग गर्नु, हेडसरले धनवहादुरलाई नि:शुल्क कापी किताब दिनु, जिसिअले धनवहादुरका बाबु आमालाई कपडा किन्ने पैसा दिनु, धनवहादुरको सफलतामा गाउँले सबैले साथ दिनु सम्मान गर्नु बुढी विरामी हुँदा धामी लगाउनु, बिहान, बेलुका छाक टार्न धौ धौ हुनु आङ ढाक्ने कपडा र खुट्टामा चप्पलसम्म नहुनु छोरालाई पढाएर छोरी विद्यालय नपठाउनु जस्ता घटनाले नेपाली समाजमा घटने घटना, पुरातनवादी संस्कार वर्गीय असमानता अन्याय, भेदभावको प्रस्तुति गर्नुका साथै उपन्यास सुखान्त र दुखान्त दुवै बनेको छ ।

जीवन निर्वाहका लागि र सन्तानको सुन्दर भविष्य निर्माणका लागि दिनभर अर्काको भारी बोक्ने मजदुरी गर्ने गाउँका चेलीवेटी ओसारपसार गर्ने जस्ता परिवेश देखाउनु आजका सम्पूर्ण निम्न वर्गीय परिवारको अवस्थाको परिचय दिनु हो । धनमतिलाई सुत्केरी विराम लाग्दा धामी बोलाउनु, न्वारन र खुसीयालीमा कुखुरा काट्नु जाँड रक्सीको प्रयोग गर्नु विरामी हुँदा अस्पताल नजानु चेतना र शिक्षाको कमी साथै लोकविश्वास र पुरानो संस्कारको रूपमा प्रस्तुत गर्न खोजिएको छ ।

परेको बेला मुखियाबाले लागि परेर सहयोग गर्नु हेडसर जिसिअले सहयोग र सम्मान गर्नु हिजो धनेको परिवारको ध्वजी उडाउने समाज समेत आज उनको सफलतामा खुसी हुनुले समाज आफ्नो लागि आफै जिम्मेवार छ भन्ने परिवेशको चित्रण गरिएको छ । सन्तानको हरेक सफलता र असफलतामा बाबुआमाले साथ दिनुले सन्तान प्रतिको प्रेमलाई उठान गरेको छ । हिजो बाबु आमाले गरेको दु:ख र परिश्रमलाई शिरोपर गरी आफ्नो लक्ष्यमा धनबहादुर अडिग हुनु नै उसको सफलताको सूचक बनेर परिवेशको रूपमा आएको

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

छ । यसले आजका आधुनिक परिवेशका सन्तानले बाबु आमाप्रति गर्ने निचञ्ज र क्रुर व्यवहार प्रति तिखो व्यङ्ग्य प्रहार .गर्दै सचेत रहन सजग गराएको छ । साथै कडा चुनौति समेत दिएको छ । मान्छे विद्वान् बनेर असल र समाजमाकेही गर्नु पर्ने र उदाहरणीय व्यक्ति बन्नु पर्ने कुराको यथार्थ प्रस्तुति पाइन्छ । श्रीमान्श्रीमती एक अर्काका परिपूरक भएकाले जस्तो सुकै दुःखमा पनि साथ पाए सफल हुने कुराको समेत परिवेश बनेको छ । जीवनमा सुखी र खुसी छन् सम्पत्तिस्ति मात्र ठूलो नभएको मेलमिलाप र आपसी सहयोग सद्भाव बढी जिम्मेवार रहने कुरा उल्लेख भएको छ । छोराछोरी समान भएकाले अधिकार र कर्तव्य समेत समान तवरले पाउनु पर्ने कुराको समेत व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । धैर्यता र इमान्दारिता लगनशीलताले मान्छेलाई सफल बनाउने र सन्तानले आफ्ना बाबु आमाका लागि बुढेसकालमा दिने उपहार नै सन्तुष्टी र सफलता भएको परिवेश धनवहादुर सर उपन्यास परिवेश विधानका दृष्टिले सफल भएको छ ।

### **४.३.५ 'धनवहादुर सर' उपन्यासमा भाषाशैली**

'धनवहादुर सर' उपन्यासमा सरल ठेट नेपाली र सहज शैलीको प्रयोग गरी उपन्यास लेखिएको छ । परिच्छेद वा खण्डमा नभई एकै भागमा संरचित उपन्यासको कथावस्तु रैखिक ढाँचाको छ । उपन्यास  कथावस्तुको प्रकृति हेरी लेखकले वर्णनात्मक व्याख्यात्मक र संवादात्मक शैलीको प्रयोग गरेका छन् । समथिङका अरु उपन्यासमा जस्तै उपन्यासका पात्र यसमा पनि निम्न वर्गका र मङ्गोलियन सामुदायका भएकाले उक्त सामुदायले प्रयोग गर्ने भाषिक लवजको प्रयोग गरिएको छ । उनका प्राय सबै उपन्यासमा सरल सहज शैलीको प्रयोग गरिएको छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने सामान्य पाठकले समेत बुझ्ने खालको माध्यमस्तरीय भाषाको प्रयोग गरेको छन् । पात्रको स्तर विषयवस्तु अनुकूल पाइन्छ । समाजका चरित्रलाई जस्ताको तस्तै उतार्ने कोसिसश्भष र भाषा तिनै प्रयोग गर्दा कहीकतै असभ्य भाषा समेत प्रयोग गरेको पाइन्छ । जसले पाठकलाई प्रस्तुतिमा केही असहज महसुस गराउँछ । कथानक आदि मध्य र अन्त्यको क्रममा रैखिक शैलीमा प्रस्तुत भएको छ । 'लाजले काज चल्दैन' 'हुने विरुवाको चिल्लो पात ।' 'आफू त महादेव कसले देला वर ।' जस्ता विभिन्न उखान टुक्कको प्रयोगले उपन्यास रोचकबनेको छ । विभिन्न अंग्रेजी शव्दहरू हेडसर, जि.सि.अ. सिडियो, जस्ता अङ्ग्रेजी शब्दको प्रयोगले उपन्यासको पूर्णतामा सहयोग पुऱ्याएको छ भने केही असभ्य शब्दहरू समेत उपन्यासमा



Formatted: Line spacing: single

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

प्रस्तुत भएकाले उपन्यासले पाठकलाई असहज महसुस गराएको छ। यसरी 'धनवहादुर सर' उपन्यास सामान्यतया सरल स्वाभाविक र सहज भाषाशैलीको प्रयोग पाइन्छ।

### ४.३.६ ' धनवहादुर सर' उपन्यासमा दृष्टिविन्दु

यस उपन्यासको प्रमुख पुरुष पात्र धनबहादुरको सम्पूर्ण कथानकमा कथायिता स्वयम् लेखक हुन्। उनले उपन्यास बाहिर रहेर दृष्य र मानव जीवनको अध्ययन गरेका छन्। यस उपन्यासमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ। यहाँ पात्र सीमित नरहेर सर्वत्र भई प्रस्तुत भएकाले वाहय तृतीय सर्वज्ञ दृष्टिविन्दुको प्रयोग भएको छ।

### ४.३.६ निष्कर्ष

विभिन्न सामाजिक काममा संलग्न हुँदै सामाजिक अभियान्ताको रूपमा परिचित समथिङले समाजमा विधमान समस्यालाई नजिकबाट नियाल्दै आफ्ना उपन्यासका कथावस्तु र पात्र उभ्याएर जस्ताको तस्तै रूपमा र पाठक सामु प्रस्तुत गरेका छन्। कुनै काल्पनिक धरातलमा नउभी समाजमा घटेका तत्कालिन घटनाहरूलाई नै उपन्यासको विषयवस्तु बनाउन सफल रहेका छन्। यसरी निरन्तर सामाजिक घटनामा केन्द्रित भई कलम मार्फत आवाज वुलन्द गर्ने उपन्यासकारलाई प्रोत्साहन गर्नु उपयुक्त देखिन्छ। अर्कालाई शोषण र भ्रष्टचार गर्नेको खुलेर विरोध गर्ने समथिङ राम्रो काम गर्नेको प्रंशंससा र प्रोत्साहन गर्न समेत खप्पिस रहेको कुरा उपन्यास मार्फत स्पष्ट हुन आउँछ। धनबहादुर उपन्यासमा धामीझाँक्री र नराम्रो व्यवहार गर्ने कुरा काट्ने गाउँलेको व्यङ्ग्यात्मक र खुलेर विरोध गरेका छन् भने विद्यालय प्रशासक जिसिअ मुखियाबाको प्रप्रंशंसा समेत गरेको सङ्घर्ष र चुनौतिका लैङ्गिक असमानता, अन्धपरम्परा, कुरीति, विसङ्गति, दमनको अवस्थाको चित्रण समेत गरिएको छ। पात्रमा देखिएका मानसिक सन्त्रास, सामाजिक चेतनालाई समेत सफल रूपमा प्रस्तुत गरेका छन्। समय र परिस्थितिले मान्छेलाई अनेक मोडमा पुऱ्याउँछ तर मान्छेले नआत्ती नमात्ती त्यसको सारथी बन्नु पर्ने कुरा उपन्यासले सफल रूपमा प्रस्तुत गरेको छ। –आजको २१ औं सताब्दीमा समेत महिलाले पीडित दमित भएर समाजमा बाँच्नु परेको हुँदा यसको अन्त्यको लागि नारी आफू उठनु पर्ने कुरा पनि साङ्केतिक रूपमा प्रस्तुत गरिएको छ। पीडा र दुःखलाई विभिन्न माध्यमम बाट समाधान गर्नु पर्ने रोदन, कन्दन, लुकाएर पनि सुन्दर भविष्यको लागि धैर्यवान् भएर लागी परे अवस्य सफल भइने भाव यहाँ प्रस्तुत भएको छ। जति सुकै दुःख भए

तापनि लागि परेर सङ्घर्ष गरे त्यसको फल मिठो नै हुने र एक दिन अवस्य सफल भइन्छ सत्यको सधैँ जीत हुन्छ भन्ने कुरा विभिन्न माध्यमबाट देखाउनु र परिवर्तनको चाहना राख्न यो उपन्यास सफल भएको छ ।

## ४.४ 'महलदेखि सडकसम्म' उपन्यासको विश्लेषण

रामप्रकाश समथिङ्को 'महलदेखि सडकसम्म' उपन्यास २०७४ मा प्रकाशित अर्को उपन्यास हो । यो ४२ औं कृतिको रूपमा रहेको छ । थोरै पृष्ठ संख्या भएको ६६ पृष्ठमेन्जको सानो उपन्यास मानिन्छ । उनका २२ ओटै उपन्यासमा खण्ड वा परिच्छेदमा विभाजित पाइँदैन । 'महलदेखि सडकसम्म' उपन्यासमा पञ्चायती व्यवस्था र त्यसले निम्त्याएको अवस्था साथै सैखिन हुन खोज्दा उजिरहाङको दर्दानक अवस्थाको चित्रण उक्त उपन्यासमा प्रस्तुत भएको छ ।

### ४.१.१ 'महलदेखि सडकसम्म' उपन्यासको कथावस्तु

'महलदेखि सडकसम्म' पञ्चायती व्यवस्था राजनैतिक अवस्था र यसको दुरुपयोगले निम्त्याएको दर्दानक अवस्थाको कथावस्तु प्रस्तुत गरेको उपन्यास हो । उजिरहाङ एक शिक्षित राजनैतिक व्यक्तित्व र आत्माविश्वास ज्यादा भएर आफ्नै कारण आफैपतन भएको व्यक्तिको चित्रण गरिएको उपन्यास हो । राजनैतिक र सामाजिक विषयवस्तु समावेश भएको उपन्यास हो । एउटा धनाड्य व्यक्ति आफ्नो चरित्र र व्यवहारका कारण कसरी पतन हुन्छ भन्ने वास्तविक यथार्थ यस उपन्यासले प्रस्तुत गरेको छ । यहाँ पतनोन्मुख उजिरहाङको जीवन घटनालाई प्रस्तुत गरिएको छ । एउटा सौखिन र महलमा ऐस आरामको जिन्दगी जिउने मान्छे आफ्नै व्यवहारका कारण कसरी सडकमा आइपुग्छ भन्ने तितो वास्तविक यथार्थ प्रस्तुत भएको पाइन्छ । अहङकारी आडम्वरी र सौखिन उजिरहाङको जीवन घटना प्रस्तुत गरिएको छ । यही घटनामा कथावस्तु केन्द्रित छ । उजिरहाङको चरित्र चित्रण गर्दै पञ्चायती तत्कालिन राजनैतिक व्यवस्था र आजका सौखिन स्वार्थी, लालची, घुसखोरी जागिरको यथार्थ प्रस्तुत गर्दै त्यसले निम्त्याएको अवस्थाको यथार्थ समाज देखाउनु नै यसको मुख्य कथावस्तु बनेको छ । समाजमा रहेको वेमेल, यौन हिंसा,अन्याय, अत्याचार, कुप्राथा, देहव्यपार आजको परिवेश, भोगवादी समाज, अभाव मानसिक तथा,यौनजन्य विकृति विसंगतिलाई उजिरहाङका माध्यमबाट प्रस्तुत गर्दै कथानक निर्माण भएको छ । तत्कालीन समाज, पञ्चायती व्यवस्था र अहिलेको आडम्वरी समाजका सम्पूर्ण घटना उद्घाटन गर्ने

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

क्रममा उजिरहाङको सम्पूर्ण चरित्र चित्रण भएको छ । उजिरहाङ माध्यमबाट आजका आम शौखिन भोगवादी पुरुषहरूको चरित्र चित्रित गरेका छन् । भोगविलास र पैतृक सम्पत्तिसको आडम्बरले निम्मत्याएको कारुणिक अवस्था र मान्छेको अवस्था विग्रन केही समय नलाग्ने वास्तविक घटना प्रस्तुत भएको छ । पञ्चायती व्यवस्था र राजनैतिक आडम्बरको भरमा क्यासिनो र केटी प्रतिको मोहका कारण निम्त्याएको आपतकालिन विपतीले  गिर्दो चरित्र प्रति तिखो व्यङ्ग्य प्रस्तुत गरेको छ । सम्पूर्ण रूपमा नाङ्गिएर सडक छाप हुन् पुगेको उजिरहाङ आफ्नो रोजी राटीको लागी मानसिक सन्तुलन गुमेको मान्छे जस्तो भएर बाँच्नु पर्दाको पीडा वास्तवमै कारुणिक बन्न पुगेको छ  । पञ्चायत कालमा गरिब माथि हुने अन्याय, झुकाव, शोषण, अत्यचार, घुषखोरीको चर्को विरोध गर्दै त्यसले आफैलाई घात गर्छ भन्दै गरिब माथि अन्याय गरे सजायँको भागीदार हुनुपर्ने कुरा कडा चुनौतिती दिएका छन् । प्रजातान्त्रिक न्यायको लागि जनता आफूले उठ्नु पर्ने आवाज समेत बुलन्द गर्ने उपन्यासकार सफल बनेका छन् । राजा बलीहाङ जस्ताको छोरो उजिरहाङलाई मान सम्मान गर्नु पर्ने उसको अगाडि झुक्नु पर्ने, प्रधानपञ्च, नेपाली कांग्रेसको पार्टी अध्यक्ष, सभापती समेत बनेको व्यक्तिको रूपमा प्रस्तुत गर्दै तत्कालिन सासन व्यवस्थाको चित्रण गरेको छ । बलिहाङको घरमा बाबु छुट्टैअनि छोराहरूको पनि छुट्टा छुट्टै घोडाहरूथिए वलिहाङको जस्तो उजिरहाङ चढने पनि घोडा निकै ठुलो थियो । ऊ पनि बाबु जस्तै घोडामा चढेर फिदिम जान्थ्यो । (समथिङ, २०७४ : -४) यसरी तत्कालिन गाडीको रूपमा घोडालाई ठूलाबढा चढ्ने साधनको रूपमा लिइन्थ्यो यति मात्र नभएर बाटोमा सर्वसाधारण तल्लो जातिका भनिने मान्छेले भेटे कि बाटो मुनि कि माथिथी गएर छोडनु पर्ने बाटामा शीर निहुऱ्याएर ज्यू गरी सुब्बा साव भन्नु पर्ने यस्ता आडम्बरी र राजतन्त्री शासनको ध्वजी उपन्यासले उडाएको  छ । तत्कालिन शासन व्यवस्थामा जनताले कति सम्मनित भएर बाँच्नु पर्दो रहेछ भनेर स्पष्टरूपमा उपन्यासले कथावस्तु प्रस्तुत गरेका छन् । अर्कोतर्फ धनीका छोरा धोरीले ठूला महङ्गा स्कुल पढनु पर्नै गरिबले हलि गोठाला, खेताला भएर जीवन विताउनु पर्ने पञ्चायती  व्यवस्थाप्रति घोर विरोध समेत उपन्यासले गरेको छ । उजिरहाङको घरमा गोठाला बस्नु, जग्गा अधिया कुतमा कमाउनु, धान बोकेर उजिरहाङको घरमा पुऱ्याउनुले मान्छे कतिसम्म आर्थिक रूपमा विपन्न रहेछन् । पेट पाल्न र आफ्नो परिवारबाट अलग भएर गोठोला बस्नु पर्ने अवस्थाले उपन्यास कारुणिक समेत बनाएको छ । धनी सभ्रान्त वर्गको चाकरीमा आफ्नो खुसी कुण्ठित गर्नु पर्ने दर्दानक अवस्था उपन्यासमा चित्रित छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

साथीहरूको छेउमा पनि बढी रेलागर्ने अनि केटीहरूको नजिक हुन उजिरहाङ निकै अगाडि थियो। पैसा भाको केटात्यो पनि लिम्बुको छोरा निकै ज्यान परेकोथ्यो (समथिङ २०७४ : ६) यसरी पैसाले मान्छेलाई सौखिन मात्र नबनाई विकृत पनि बनाउने कुरातर्फ संकेत गरेको छ अर्कातर्फ लिम्बु भनेर जातिगत संस्कार र परम्मपरालाई समेत व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेको छ । आजका मान्छेमा लाज घिन र इमान्दारिता हराइ सकेकको भन्दै समाजलाई सभ्य बनाउन आफूले आफूलाई चिन्नु पर्ने कुरा उल्लेख गरेका छन् । 'उजिरहाङको पछि केटीहरू लामेतात लागेको देख्दा अरु उसका साथीहरू ईर्श्या गर्थे ।' 'कसैको एउटा हैन् कसैको पछि कुकुरले खाइ नसक्ने गरी केटीहरू' (समथिङ २०७४ : ७) यस भनाइबाट नै स्पष्ट हुन आँउछ कि समाजमा नैतिकता हराइ सकेको छ, र समाज कता तिर ढल्केको छ लैङ्गिक आकर्षण र लालचीपन पैसाले मान्छेमा नैतिकता र मानवता हराएको कुरातर्फ उपन्यासकारले इङ्गित गरेका छन् । यस्ता कुराले यौनजन्य विकृति र रोगको सिकार समेत भएर मान्छे बाॅच्नु परेको तितो सत्यलाई सावित गर्ने प्रयास गरेका छन् लेखकले । आफू राजाको छोरा भएर जागीरे जीवनमा सम्मान साथ बाँचेको जीवन र आफ्नो कारण आफै पतन भएर सडकको कुकुर सहर कसैले नहेर्दाको अपहेलित र तिरस्कृत जीवनको तुलना गर्दै लेखकले आफ्नो स्वाभिमानको लागी आफै अडानमा बस्नुपर्ने र मान्छेले नैतिकता गुमाउन नहुने कुरा समेत स्पष्ट पारेका छन् । यसरी शस्त्रसकले सासन गरी रहने र निम्न वर्गले थिचोमिचो मै बाच्नु पर्ने अवस्था देखाउनुले न्याय र समानता ओझेलमा परेको स्पष्ट हुन आउँछ । यसरी उजिरहाङ बिहा गरेर छोराछोरी भइसकेको हुन्छ र जागिरको शिलसिलामा काठमान्डौंमा बस्छ । त्यहाँ बस्दा केही समय इमान्दार भए पनि केही समय पछि कुलत र केटीको लतमा लाग्नुले समाजमा निच र आफ्नो कर्तव्य भुल्ने पशु समान भएको अवस्था प्रस्तुत भएको छ । प्रत्येक दिन राम्रा राम्रा केटी छान्दै हिडने शारीरिक सम्पर्क राख्ने महङ्गो मूल्यको मदिरा सेवन गर्ने यस्तो गतिविधिले सभ्य र शिक्षित भनाउँदाले देश निर्माण गर्नुको साटो देशलाई नै दलदल तिर फसाएको घटना कथानकले प्रस्तुत गरेको छ । हुँदा हुँदा उजिरहाङले घरकी श्रीमती आफ्नो मर्यादा बाबुआमा, छोराछोरी सब भुलेर अर्की श्रीमती ल्याएको छ । आफ्नो, जागिर छोडेर ६/७ दिसम्म क्यासिनो र रेष्टुडेन्ट धाउन थालेको छ समयमा घरै नआउँनेश्रीमतीले किन यसो गरेको भन्दा उल्टो तेरो बाउको सम्पत्ति हो भन्ने गर्नाले एकातर्फ अफिसको काम र समय वर्वाद भएको छ भने अर्कोतर्फ पारिवारिक सम्बन्ध र मेलमा समेत नराम्रो चोट पुगेको छ । मान्छे बैँस र

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

ऐसले आफ्नो जिन्दगी वर्वाद आफै गरेर पतन हुन्छ भन्ने कुरा मुख्य रूपमा प्रस्तुत भएको छ । यसरी महिला आफ्नो हक र अधिकारका लागि लड्न चाहे पनि आत्मनिर्भर नहुनुले चुपचाप सहेर बस्न बाध्य भएको कुरा त छदै छ अर्कोतर्फ मान्छे यौनजन्य गतिविधिमा क्रियाशील भएर समाज र आफूलाई पतनतर्फ धकेली रहेको अवस्था देखाइएको छ । काम गरेर कमाएको पैसाले समेत जुवातासमा नपुगेर पैतृक सम्पत्ति समेत सक्ने शोषक र दरिद्र प्रवृत्तिको चित्रणले घटनाक्रमको प्रसङ्गलाई अगाडि बढाएको छ ।

बाबुले दिएको सम्पत्तिको बेवास्ता र मजाक गर्दागर्दै सरकार र राष्ट्रको नुन खाएर आफ्नो जिम्मेवारी पूरा नगर्ने आजका आम जागिरे र घुसखोरी गर्ने कर्मचारी माथि तिखो व्यङ्ग्य समेत गरेका छन् । राष्ट्रवाद र देशप्रेम समेत हराई सकेको स्पष्ट हुन आउँछ । धेरै महिलासँग शारीरिक सम्बन्ध बनाउनु गर्भवती बनाएर अर्की श्रीमती ल्याउनु आफ्नो काठमाण्डौँमा रहेको घरसम्म विक्री गरी क्यासिनो धाउनु, अफिसले दिएको क्वाटरबाट पनि निस्कासित हुनु जस्ता कुरा र प्रवृत्तिले समाज कहिलै नसुध्रने उद्घोष गरेको छ । यस्ता कर्मचारीको कारण आम जनताले दुःख सास्ती भोग्नु परेको निराशावादी जीवन व्यतितगर्नु परेको मानवको रूपमा देखाइएको छ । अर्कालाई दुःख दिने सरकारी काम प्रति निन्दा समेत गरेका छन् । कर्मचारी र यिनीहरूको व्यवहारको खण्डन गर्दै सरकारी पेशामाथि हुने गुपचुप, दलाली, चाप्लुसीलाई व्यङ्ग्य गरेका छन् । उजिरहाङ्का माध्यमबाट शोषक र दलाली व्यक्तिको स्वभाव उजागर गरेका छन् । यस्तो अवस्था सिर्जना भई सकेपछि जेठी श्रीमती सासु ससुरासँग आएर बस्नु र आफ्नो छोराछोरीको नागरिकता बनाए पछि अंश माग्नुले मनोवैज्ञानिक रूप प्रकट गर्दै कथावस्तुमा कौतुहलता थपेको छ । भने अन्त्यमा उसले डिभोर्स मागेर माइत बस्न पुग्छे । उता उजिरहाङलाई जागिरबाट पनि निकालिन्छ । उता कान्छी श्रीमतीले समेत उसको व्यवहारबाट आजित भएर सम्बन्ध विच्छेदको मुद्धा दायर गर्छे र आफ्नो सन्तानले पाउने अंश लिएर बेग्लै बस्छे यसरी एक पछि अर्को गर्दै उजिरहाङ पतनतर्फ अघि बढी रहन्छ । हिजो पञ्चायती व्यवस्थामा सुब्बाको जेठो छोरो प्रधानपञ्चको छोरो, गा.वि.स. अध्यक्षको छोरो, जि.वि.स. सभापतिको छोरो त्यति बेलाको समयमा दार्जिलिङबाट एम.एस्सी. पास गरेर प्रमाण-पत्र मात्र उजिरहाङ आज सडकमा आउने क्रम सुरु भएको भन्दै कथावस्तुमा कौतुहलता थपेको छ । पञ्चायतकालिन अवस्थाको सुब्बाको छोरो हुँदा ऊ घोडा चढेर मात्र हिड्ने मान्छे मूला त कति कुटे कति उजिरहाङले बाबु सुब्बा भको रवाफमा (समथिङ २०७४:५६) यस कुराबाट स्पष्ट हुन् आउँछ की दिन सबैको दिन

Formatted: Space After: 4 pt

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

आउँछ आफ्नो क्षमता र आर्थिक रूपमा सम्पन्न हुँदा कसैलाई हेप्न नहुने इज्जत सबैको उस्तै हुन्छ । धनी गरीब जे भए पनि चक्र हो घुमेर आज त्यही कुटाई खाने मान्छे उजिरहाङको अवस्था हेरेर रमाउने दिन आएको छ । यसैले सम्मान र इज्जत सबैलाई गर्नुपर्ने कुरा उल्लेख गरेको छ । यसरी जेठी श्रीमतीका ४ जना छोराछोरी र कान्छीको एउटा छोरो समेत हुँदा पनि उसको गतिविधिका कारण छोड्नु र एक्लो हुनुले मान्छेलाई आपत सिर्जना हुन् समय नलाग्ने घटना देखाइएको छ । उता काठमाण्डौंमा पनि बाँच्ने आधार नभए पछि ऊ घर गाउँ नै फर्कियो । बाबुले छोरो चरित्रहिन भएको भन्दै बस्न दिएनन् र गाउँमा तुम्बा पर्नेको घरमा शरण लिन पुग्यो र एउटी अर्धबैस्रो खालकी बुढीकन्नेसँग बिहे गरिदिए एउटा बासको छाप्रो हालेर गाउँलेले घर बनाइ दिए र बस्नथाले । यसरी यो घटनाले कथावस्तु मार्मिक बन्न पुगेको छ । अब उजिरहाङको दिनचर्या मागि खाने अवस्थामा पुगेको थियो ऊ झोला बोकेर हिड्ने लामपातेको पात मकैको खोष्टामा बेरेर खाने अर्धपागल अवस्थाको भइसकेको थियो । उसको तेस्रो श्रीमतीबाट समेत सन्तान भई सकेको थिए । जेठीका ४ माइलीको १ र कान्छीको ५ गरी ऊ १० सन्तानको बाबु भई सकेको थियो यसरी शिक्षित र सभ्रान्त भएर पनि ३ ओटी श्रीमती बिहा गर्नु १० सन्तान जन्माउनुले मान्छे विकृत सम्पत्ति ऐसले नै बनाउँछ भन्ने देखाएको छ । पुरानो, लुगा, पुरानो जुत्ता, पावरवाला चस्मा लगाएर हिड्थ्यो । बुवाले सानो घर निर्माण गर्न दिएको ७ रोपनी जग्गाबाट उब्जेको अन्नले १ महिना खान पुग्दैनथ्यो । श्रीमती बजारमा घरहरू बनाएको ठाउँमा काम गर्न जान्थी दिनभरिको कामले बेलुका खाने सामान लिएर आउँथी उता उजिरहाङका भाइहरू भने न्यायधिस प्रहरी एसपी भएर रिटायर पेन्सन खाँदै थिए यता उसको अवस्था यस्तो हुनुले पतनको कारण आफू नै भएको र जिम्मेवार पनि आफू नै भएको घटना प्रस्तुत भएको छ । मान्छेलाई समयले नभई आफूले आफैलाई ध्वस्त गरेको घटना प्रस्तुत भएको छ । आज ऊ आफ्नो विगतलाई सम्झन्छ फर्केर हेर्छ हिजो बाबुले घुम्न जाँदा दिएको पैसा लगानी गरेर पढाएको, मोजमस्ती गरेको, गोठाला, खेताला लाएर काम गरेको, घोडामा चढेर हिडेको सबै सम्झन्छ । आज भने सुर्ती बेरेर खादै फिदिमको उकालो ओरालो हिड्नु सिवाय विकल्प छैन । पेट भरि खान समेत पुग्दैनन् । हिजो विल्डिङमा बसेको आज बाँसको टहरामा जीवन व्यतित गरी रहेको छ । ~~यसरी~~ ऊ सुत्दा उठ्दा यिनै घटना सम्झन्छ र दिन बिताइरहेको कारुणिक अवस्थामा कथावस्तु अन्त्य भएको छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

यसप्रकार मान्छे आफ्नो लागि आफै सजग रहनुपर्ने मान्छेले आफ्नो स्वाभिमान र मर्यादा भुल्न नहुने कुरा व्यक्त भएको छ । जहानियाँ राणा शासनको अवस्था समेत उपन्यासमा चित्रित छ । हिजोको ऐस आराम आज कारुणिक रूपमा प्रस्तुत भएको छ । हिजो महलमा ऐस आरामको जिन्दगी जिउने आज सडकमा बस्न वाध्य भएको घटना देखाएर उपन्यासको शीर्षक सार्थक समेत बनेको छ । मान्छे भोगवादी बन्दै गएकोले भोलि विकराल रूप आउनेतर्फ संकेत गर्दै आफै सजग रहनु पर्ने सन्देश दिएको छ । उपन्यासमा उजिरहाङको कारुणिक अवस्था देखाएर दुखान्तमा अन्त्य भएको छ ।

### ४.४.२ **'महलदेखि सडकसम्म' उपन्यासमा चरित्रचित्रण**

महलदेखि सडकसम्म उपन्यास उजिरहाङको चरित्रचित्रणमा केन्द्रित उपन्यास हो । सम्पूर्ण घटना उसकै सेरोफेरोमा घटाइएको छ । घटनाका क्रममा अरु पनि सहायक पात्रको प्रयोग त भएको पाइन्छ । मुख्य पात्रको रूपमा उजिहाङ नै रहेको छ । संख्यात्मक रूपमा थुप्रै पात्रको प्रयोग भएको छ । उजिरहाङ जीवनमा घटेका विभिन्न घटनाहरूलाई पूर्वदीप्ति तथा संस्मरणात्मक रूपमा उपन्यासमा सिर्जना भएको छ । अरु पात्रले भने उपन्यास पूर्णताका लागि सहयोगी भूमिका निर्वाह गरेका छन् ।

उपन्यासको उजिरहाङ पात्र, शिक्षित, धनाड्य, सौखिन, आडम्बरी लिम्बू जातको जागिरे पात्रको भूमिका निर्वाह गरेको छ । बाबु बाजे प्रशस्त सम्पत्ति भएको, पञ्चायतकालमा शासन गरेर प्रधानपञ्चको छोरोको रूपमा प्रस्तुत भएको र अन्त्यमा सबै सकिएर नाजुक अवस्था भएको कारुणिक पात्रको रूपमा उभ्याइएको छ । क्यासिनो धाउने भोगवादी ऐस आराम चाहने, घुसखोरी पात्र हो । दार्जिलिङमा एमएसीसम्म अध्ययन गरेको अधिकृत जस्तो पदमा जागिर खाने शिक्षित व्यक्ति हो । यसरी ऊ आफ्नो पद र प्रतिष्ठा पाएको सरकारी जागिरेको रूपमा प्रस्तुत भएको छ । जागिरको शिलशिलामा ऊ काठमाण्डौं पुगेको छ । केही समय एक्लै बसेपछि श्रीमतीलाई समेत लिएर ऊ काठमाण्डौं गएर सहरीया जीवन व्यतित गर्न थाल्नुले जागिर खान सहर नै धाउनु पर्ने ठूलाठालुले मात्र जागिर पाउने गरिबका छोराछोरीले पढ्न नपाउने ठूला भनाउँदाकोमा गोठाला, खेताला गर्नुपर्ने पनि यस चरित्र उभ्याएर नेपाली समाज र तत्कालिन अवस्थाको चित्रण गरेको छ । उसले सुरुमा त बाबुलाई राजनीतिक रूपमा पनि सहयोग गरेको जागिर खाएर पनि केही समय घरपरिवार श्रीमती हेरेको कर्तव्य परायण सहयोगी छोरो श्रीमान्को रूपमा प्रस्तुत भएको छ । बिहा अगाडि पनि केटीको लागि धेरै खर्च गर्ने बानी थियो उसमा तर बिहा–पछि

केही समय हटेको थियो । नानीदेखि लागेको बानी भने भैँ किन छोड्थ्यो उजिरहाङले फेर्रि सुरु भई सकेको देखाएर, आजका युवा पुस्ताको चरित्रचित्रण गरको छ । क्यासिनो धाउनु, होटल, दोहोरी साँझ, रेष्टुरेन्ट धाउनु केटीसँग अनैतिक सम्बन्ध राख्नु आफ्नो मयार्दा भुल्नु गलत सम्बन्ध राख्नु आफ्नो मयार्दा भुल्नु गलत काम हो भन्ने थाहा हुँदा हुँदै पनि आफू सुधन नसक्नु शिक्षित भएर पनि पतनवादी समाजको प्रतिनिधित्व उजिरहाङले गरेको छ । समस्या आए घुस खुवाएर पन्छिने केटीसँग जति खर्च र समय पनि बबर्बादस्वाद गर्न सक्ने श्रीमती र परिवार नै भुलिदिने असन्तुलित पात्रको रूपमा प्रस्तुत भएको छ । लगातार ३ ओटी श्रमिती बिहा गर्नु १० सन्तान जन्माउनु आफ्नो भएको श्री सम्पत्ति सकेर शरण लिएर बस्नपुग्नु जस्ता घटना यो पात्र उभ्याएर घटाउनुले आज यी र यस्तै चरित्रका कारण मान्छे प्रतिकूल बन्दै गएको र देश भयावह तिर ढल्कदै गएको अवस्था प्रस्तुत भएको छ भने मान्छे मानसिक रूपमा सबल भए पनि भोगविलासले चरम सीमा नाघेको र मान्छेलाई सम्पत्तिले अन्धो बनाएको अवस्था चित्रित छ । पढेर विद्वान् भए पनि यसको सही सदुपयोग गर्न नसकेर उजिरहाङ सामर्थ्यहिन पुरुषको रूपमा प्रस्तुत भएको छ । बेलामा बुद्धि नपुऱ्याएर आफ्नो अस्तित्व आफै गुमाउन पुगेको र विकराल रूपमा जीवन व्यतित गर्न बाध्य भएको छ । उपन्यासमा सुरुदेखि अन्त्यसम्म निरन्तर उसको उपस्थिति भएकोले उपन्यासको बद्ध तथा मञ्चीय पात्र हो । नेपाली समाजमा शिक्षित, शोषक दलाल, घुसखोरी वर्गको प्रतिनिधित्व गर्ने पात्र भएकाले ऊ वर्गीय पात्र पनि हो । शोषण गर्ने प्रवृत्ति ऐस आराम गर्ने प्रवृत्तित्त र मोजमस्ती गर्ने प्रवृत्तित्तको पात्रको रूपमा प्रस्तुत छ । ऊ सौखिन स्वभावको पात्र हो । होटल धाउने मासु र रक्सीको अत्याधिक प्रयोग गर्ने केटी लिएर बस्ने तानासाह प्रवृत्ति उसमा पाइन्छ । उसको सोखिन प्रवृत्ति भए पनि गाउँ समाजमा भने खास नराम्रो नभएकाले विरोधीका रूपमा भने प्रस्तुत भएको छैन् । गाउँका हली, गोठाला राखेर आफू घोडा चढी हिड्ने हिजोको उजिरहाङ आज अर्काकोमा मजदुरी गर्न विवस बनेको पात्रको रूपमा प्रस्तुत छ । हिजो सामान्ती वर्गको रूपमा रहेर सबैलाई दमन, शोषण, मोजमस्ती ऐस आराम गर्ने ३ ओटी श्रमिती १० सन्तान भएको पीताको रूपमा प्रस्तुत गर्दै नेपालको कानुन व्यवस्था र विसङ्गति विकृतिको भण्डाफोर गरिएको छ । यति हुँदाहुँदै पनि अन्त्यमा आफ्नो साथमा साथ दिने कोही नभएको सम्पत्ति सकेर मागीखाने अवस्थामा पुगेको घटनाले कथावस्तु दुखान्त बनेको छ ।



Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

ठूलो बुबालाई तुम्बा, छ्याङ् जस्ता आञ्चालिक शब्दको प्रयोग विभिन्न पात्र मार्फत प्रस्तुत भएको छ । नेम्बाङ परिवार देखाएर मङ्गोल संस्कारको पात्रका रूपमा उपन्यास प्रस्तुत भएको छ । प्रमुख पात्रका अतिरिक्त उपन्यासमा अन्य थुप्रै पात्रहरू उपस्थित रहेको पाइन्छ । कथानक विस्तरमा सहयोग पुऱ्याउने यी भूमिका मुख्य नभए पनि कथावस्तु विस्तारमा यिनले कथावस्तुलाई यथार्थ र पूर्णता दिने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । उपन्यासको अर्को पात्र बलिहाङ हो । उपन्यासमा उसको भूमिका सहायकको रूपमा रहेको छ । ऊ उजिरहाङको बाबु हो । पञ्चायती कालको सुब्बाको रूपमा प्रस्तुत हुँदै शासकको भूमिका निर्वाह गरेको छ । आफू भन्दा सानो जातको भनिनेलाई कामी दमाई भन्दै विभेदकारी सोच भएको शोषकको रूपमा प्रस्तुत भएको छ । आफ्ना सन्तानलाई दार्जिलङसम्म पढाउन पुऱ्याउने तर गरिबले ऊ हिड्दा समेत बाटो छोडेर तल माथि उभिनु पर्ने उल्टो ज्यू गरे सुब्बा साव भन्नुपर्ने क्रुर व्यवहार भएको पात्रको रूपमा प्रस्तुत भएको छ । आफ्नो इज्जत र सम्मानको लागि सधैंदै सर्तर्क रहेको छोराले गल्ती गर्दा घरमा बस्न नदिने स्वभीमानी पात्रको रूपमा समेत प्रस्तुत भएको छ । आफ्नो परिवारको लागि जति पनि खर्च गर्न सक्ने र अरुलाई फुटेको कौडी नदिने लोभी पात्रको रूपमा समेत प्रस्तुत भएको छ । यसरी कहीबाट सामन्ती रूपमा त परिवारलाई सहयोगी र कर्तव्य परायण रूपमा समेत प्रस्तुत गर्दै बाह्य द्वन्द्व सिर्जना गरिएको छ । यसरी गरिबलाई खेतबारी कुत र अधिया लगाई घरमै बोकेर ल्याई दिनुपर्ने सामन्ती प्रवृत्तित्तको उद्घोष गरेको छ । आफ्नो छोरोले गल्ती गरेको थाहा पाए पनि सुधार र सम्झौता गर्नको लागि काठमाण्डौंसम्म पुग्ने कर्तव्य परायण पिताको रूपमा प्रस्तुत भएको छ । छोरोले गल्ती गरे पनि बुहारी र नातीनातीनाको लागिअंश दिलाएर खाने बस्ने व्यवस्था गर्नुले निष्पक्ष अभिभावकत्व निर्वाह गर्ने पात्रको रूपमा प्रस्तुत भएको छ । पञ्चायती अवस्थामा सुब्बा गाउँ पञ्चायतको प्रधानपञ्च गा.वि.स.को अध्यक्ष जि.वि.स.को सभापति जस्ता विभिन्न पदमा रहेर काम गरेको तर खासै घुसखोरी नगरेको नेताको रूपमा प्रस्तुत गरेको छ । आफू यस्तो पदमा रहँदा समेत गाउँको लागि केही नगर्नुले ऊ सामन्ती प्रवृत्तित्त कायम रहेको पात्रको रूपमा प्रस्तुत गरिएको छ । अर्की पात्र उजिरहाङकी आमा हो ऊ एक सोझी कुरा ढिलो बुझ्ने छोराछोरीलाई माया गर्ने श्रीमान्को मर्यादा राख्ने नारी पात्रका रूपमा प्रस्तुत भएकी छे । त्यस्तै उपन्यासमा उजिरहाङकी जेठी श्रीमती एक असल घर गृहस्थी हेर्ने ४ सन्तानकी आमा श्रीमान्ले गल्ती नै गर्दा पनि हद नहुन्जेल सहने पात्रका रूपमा चन्द्रकला प्रस्तुत छे ।

Formatted: Space After: 4 pt

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

लामो सामयसम्म श्रीमान् सुध्रने आशमा बसेकी कर्तव्य परायण श्रीमितीको रूपमा प्रस्तुत छे भने अन्तमा श्रीमान्कै अन्याय सहन नसकी सम्बन्ध विच्छेद गरेर अलग भइ बसेकी सहायक पात्रको अनुकूल पात्रको रूपमा प्रस्तुत छे। उजिरहाङकी दोस्री श्रीमती उपन्यासकी अर्की नारी पात्र हो। काठमाण्डौंमा रहदा हरेक बहानामा शारीरिक सम्पर्क राखेर गर्भवती बनाए पछि उजिरहाङकी श्रीमतीको रूपमा भित्रिएकी छे। ऊ पनि उजिरहाङको बानीबाट आजित पात्रको रूपमा प्रस्तुत छे। श्रीमान्को गलत व्यवहारको प्रतिकार गर्न खोज्ने पात्र तर सफल नभएको पात्रको रुपमा प्रस्तुत छे। अन्त्यमा उसले पनि छोडर आफू अलग बसेको देखाइएको छ। त्यस्तै उजिरहाङकी तेस्री वा कान्छी श्रीमती समेत उपन्यासमा पात्रको रूपमा प्रस्तुत छे। ऊ ५ सन्तानकी आमाका रूपमा उजिरहाङ काठमाण्डौंबाट फर्के पछि गाउँलेले बिहे गरिदिएकी केटीको रूपमा प्रस्तुत छे। उसले अरुले जस्तो उजिरहाङ्लाई छोडेको देखाइएको छैन। श्रीमान् भक्त पात्रका रूपमा प्रस्तुत गरिएको छ। यस्तै उपन्यासका अन्य पात्र उजिरहाङका भाइहरू दयाहाङ र नयाँहाङ न्यायधिशस र प्रहरी एसपीको रूपमा देखाइएको छ। उनीहरू सभ्य, शिक्षित र छोराछोरीलाई समेत संस्कार दिएका पात्रका रूपमा प्रस्तुत भएका छन्। आफ्नो स्वाभिमानमा रहेका सबै छोराछोरी जागिरे बनाएका कर्तव्यपरायण पिताको मर्यादा राख्ने पात्रको रूपमा प्रस्तुत भएका छन्। यस्तै उजिरहाङका बैनीहरू सहरमा पढ्न गएका तर एस्.एल्.सी. नै पास गर्न नसकेका पात्रका रूपमा प्रस्तुत भएका छन्। यस्तै उपन्यासका अन्य पात्रमा गाउँले, गोठाला, खेताला, नोकर, चाकर, दमाई, कामी, उहिजरहाङका साथी, गाउँले जस्ता थुप्रै पात्र गौण रूपमा प्रस्तुत गरी उपन्यासलाई पूर्णता दिएको छ।

यसप्रकार महलदेखि सडकसम्म उपन्यसमा उजिरहाङका माध्यमबाट समाज र देशका विभिन्न सामाजिक,राजनैतिक घटनाक्रमलाई प्रस्तुत गरेका छन्। उजिरहाङ समाजको देशको शिक्षित सभ्रान्तः सौखिन सुरुमा सबैले मानेको र अन्त्यमा एक्लो आत्माग्लानी भएको पात्रको प्रतिनिधित्व गरेको छ। बलिहाङ समाजको सामन्ती वर्गको प्रतिनित्व गरेको पात्र हो। नयाँहाङ र दयाहाङले इमान्दारिताका साथ देशको सेवा र आफ्नो कर्तव्य पूरा गरी महामानवको भूमिका निर्वाह गरेका छन्। समाजको विकृति र देशको विकासको बाधकको रूपमा रहेको यौनजन्य गतिविधिमा संलग्न रहेको र हुने गरेको घटनाले निम्त्याएको दर्दानक अवस्थाको चित्रण उपन्यासले गरेको छ। भोगविलास र भोगवादी प्रवृत्तिले मान्छे कुन अवस्थामा पुग्दो रहेछ भनेर उजिरहाङको माध्यमबाट स्पष्ट

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

पारिएको छ । मूल कथा साथै प्रासाङ्गिक घटनाले विभिन्न प्रकारका पात्रको प्रयोग भएको छ । नेपाली समाज र पञ्चायती व्यवस्था राजतन्त्रको शासन व्यवस्था र त्यहाँबाट टिपिएका यस्ता चरित्रहरू सजीव र सत्य ऐतिहासिक घटनाक्रमसँग नजिक देखिन्छन् । अफिस टाइममा समेत क्यासिनो धाउने केटीको लागि जतिपनि पैसा खर्च गर्ने उजिरहाङको प्रवृत्तिलाई प्रस्तुत गरेर पेशागत विकृतिको उजागर गरेको छ । पात्र र परिवेश सुहाउँदो पात्रको प्रयोग गर्दै उजिरहाङको केन्द्रीयतामा उपन्यास जीवन्त बनेको छ ।

### ४.४.३ 'महलदेखि सडकसम्म' उपन्यासको उद्देश्य

पञ्चायती व्यवस्था, राजनैतिक अवस्था घुसखोरी विभिन्न वर्ग र प्रवृत्तिको पात्रको प्रयोग गरी समाजका कुसंस्कार र वेथितिको विरोध गरी यस्ता अवस्थाको अन्त्य गर्नु महलदेखि सडकसम्म उपन्यासको उद्देश्य रहेको छ । बलिहाङ, उजिरहाङ जस्ता पात्रको प्रयोग गरी पञ्चायती राजनैतिक अवस्था नेपाली समाजमा विद्यमान घुसखोरी, यौनजन्य विकृति भोगवादी समाज र वर्गीय द्वन्द्वलाई प्रस्तुत गरिएको छ । नेपालका अधिकांश भागमा अझै पनि मान्छे विविध कारणले पीडित हुनु परेको छ । मान्छेलाई एकातिर सुख र ऐसआरम, भोगवादी र यौनजन्य क्रियाकलाप लागेको र जो व्यक्ति भोगिन वाध्य छ त्यो रहर नभई वाध्यता समेत रहेको घटना देखाइएको छ । तल्लो वर्गका नेपालीहरूको जीवन कसरी निसासी रहेको छ भन्नु र यसको मर्म बुझ्न पीडित पनि आफू सचेत रहनुपर्छ र खुलेर विरोध गर्न पर्छ भन्ने यसको मुख्य सन्देश हो । पञ्चायती व्यवस्थामा मान्छे कसरी निचोरिएको थियो र जीवन जिउन कति कठिन थियो भन्ने कुरा देखाउँदै त्यसको अन्त्य अझै पनि भइ नसकेको अवस्था प्रस्तुत गरिएको छ । मान्छे विभिन्न माध्यमबाट शोषित भएको छ । शारीरिक मानसिक पीडाबाट मान्छे ग्रसित छ । यस्ता विभिन्न घटना अवस्था समाजमा कायम रहेको देखाउनुले उपन्यास प्रभावकारी समेत बनेको छ । कमजोर आर्थिक अवस्था, उपेक्षित तल्लो वर्ग र कमजोर आत्माबलका कारण सामन्ती वर्गको खेलौना बन्नु परेको नेपालीहरूको मूल समस्या प्रस्तुत गर्दै तत्कालिन राज्य व्यवस्था पञ्चायती शासनप्रति व्यङ्ग्य गर्नु यसको उद्देश्य हो । अर्कोतर्फ यही आडम्बरी राजनैतिक सौखिन प्रवृत्तिले मान्छे पतन भएको अवस्था देखाइएको छ । पतन हुने कारण अरु नभई स्वयम् आफू रहेको देखाइएको छ । मान्छे सौखिन भएपछि आफ्नो पद, प्रतिष्ठाको समेत प्रवाह गर्दैन ~~।~~ र आत्मग्लानी गरेर बाँच्न विवश बन्छ भन्ने तितो यथार्थ प्रस्तुत गरेको छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

समथिङको यो उपन्यास सामाजिक र राजनैतिक घटनाक्रममा प्रस्तुत भएको उपन्यास हो । एकातर्फ सामन्ती वर्गले शासन गर्नै र तिनैबाट पीडित शोषित वर्गको घटना देखाएर सामाजिक उपन्यास बन्न सफल भएको छ भने अर्कातर्फ राणाकालिन पञ्चायती व्यवस्था र राजतन्त्रको अवस्था र त्यसले निम्त्याएको घटना र अन्त्यमा भएको दर्दानक अवस्था समेत जस्ताको तस्तै यथार्थ रूपमा प्रस्तुत गरिएको छ । सत्यतथ्य घटना र ऐतिहासिक घटनाक्रमलाई कथावस्तु बनाएर समाजका निम्न वर्गका मानिसलाई उच्च वर्गका मानिसले गर्ने थिचोमिचो, शासनपद्धति, दमन, आर्थिक अभावले सिर्जना गर्ने वातावरण र परिस्थितिलाई प्रस्तुत गरेका छन् । राणकालिन पञ्चायती व्यवस्था परिवेश र सोही अनुसारको पात्रको र भाषाको प्रयोगले उपन्यास यर्थार्थ निकट बन्न पुगेको छ । समाज र राजनैतिक व्यवस्था घटनाक्रम र आजका भोगवादी युवा समाजले यथार्थलाई आलोचनात्मक रूपले प्रस्तुत गरेकाले 'महलदेखि सडकसम्म' उपन्यास आलोचनात्मक यथार्थवादी बनेको छ ।

**४.४.४ महलदेखि सडकसम्म उपन्यासमा परिवेश**

प्रस्तुत समथिङको यो उपन्यास सामाजिक, राजनैतिक घटनाक्रममा केन्द्रित भएकाले परिवेश ग्रामीण र सहर दुवैको प्रस्तुत भएको छ । महलदेखि सडकसम्म उपन्यासमा उजिरहाङ गाउँमा जन्मे पनि उसको शिक्षादिक्षा दार्जिलिङमा भएको र जागिरको शिलशिलामा काठमाण्डौंसम्म गएको र उसको भोगवादी र सौखिन प्रवृत्तिले रित्तिएर पुन आफू जन्मेको गाउँमा नै आएर गुजारा चलाएको अवस्था देखाउनु नै यहाँको परिवेश हो । पाँचथरको फिदिम बजार, जि.वि.स., गा.वि.स., दार्जिलिङ, काठमाण्डौं र फिदिम नजिकैको गाउँको परिवेश देखाएर उपन्यास सिर्जना भएको छ । उजिरहाङ शिक्षित भए तापनि उपन्यासमा ऊ लगायत अन्य पात्रले समेत स्थानीय आञ्चलिक भाषाको प्रयोग गरेकाले स्थानीय भाषाशैली र सामाजिक, साँस्कृतिक, राजनैतिक पक्षको चित्रण गरेको छ । मुख्यत: पाँचथर फिदिम नजिकैको कुनै गाउँफिदिम बजारलाई परिवेश बनाएको छ । कथाको घटनाक्रम ठाउँ उजिरहाङको घरबाट सुरु भई काठमाण्डौं, दार्जेलिङ, फिदिम बजार हुँदै पुन: उजिरहाङको पुरानो घर नजिकैको उसको छाप्रोसम्मको परिवेश देखाई उपन्यास समाप्त भएको छ ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

नेपालमा पञ्चायती राजनैतिक व्यवस्था तत्कालिन अवस्था शासन पद्धति र यसले निम्त्याएको अवस्थाको चित्रण गरी लेखिएको उपन्यास हो । नेपालको राजनैतिक, प्रशासनिक व्यवस्था, कानुनी व्यवस्था ऐसआराम र रखौटे प्रवृत्तिले नेपाली जनतामा परेको प्रभाव नेपाली जनताको मजदुर, गरीबको अवस्था तल्लो वर्गले भोग्नु परेको कुरा राजनीतिक प्रभाव र उथलपुथल ज्यादा आत्माविश्वासले निम्त्याएको घटनालाई उजागर गरेको छ । सहरिया, पैसावालको चरित्र घिनलाग्दो व्यवहार उनीहरूको आचारण पदीय दुरुपयोग, घुषखोरी, स्वार्थी र अवसरवादी प्रवृत्ति, यौनजन्य विकृति, भोगवादी व्यवहारले समाजमा एक्लो, निम्न वर्ग भएका व्यक्तिले बाँच्न मुस्किल रहेको कुरा प्रस्तुत भएको छ । उजिरहाङ बाबुको सम्पत्ति र आफ्नो जागिरे जीवनमा कमाएको पैसा सक्नु रण्डीवाजीमा लाउनु बाबुको शासन पद्धतिमा मान्छे कुटनु, पैसाको मतलब नराख्नुले उसको रवाफ झल्काएको छ भने अर्कोतर्फ यही मस्तीले परिवार आफ्नो पदच्यूत हुनु हेलाको पात्र बन्नु सबै सम्पत्ति सकिएर अर्काको शरणमा पुग्नुले अपराध टिक्दैन भन्दै कथावस्तु कारुणिक बन्न पुगेको छ । क्यासिनो, बार, रेष्टुरेन्ट धाउनु केटीको लागि पैसा खर्च गर्न नडराउनु आफ्नो पैसा नै छोडेर लाग्नु जस्ता घटनाले समाज विसङ्गति तिर धकेलिएर उपन्यास कारुणिक बनेको छ । भएको श्रीसम्पत्ति, ऐसआरामको जिन्दगी, शैक्षिक योग्यता समेतको वेवास्ता गरी मजाक र क्षणिक आनन्दले जीवन नरसंहार बन्न पुगेको दयनीय अवस्था प्रस्तुत गर्नुले उपन्यासले कारुणिक र दुखान्तलाई वरण गरेको छ ।

ठूलो बुबालाई तुम्बा भन्नु, आफूभन्दा ठूलोलाई त भनेर भाषिक विचलन ल्याउनुले मङ्गोल र जातीय भाषाबाट आएको प्रभाव भन्ने बुझिन्छ । बाँसको टहरोमा जीवन बिताउनु, फिदिमको उकालो ओरालोमा हिड्दा लामपातेको सूर्ती बाहेक अरु साहरा नहुनु विहान बेलुकाको छाक टार्न दिनभर मजदुरी गर्नु हिजोको ऐसआराम सम्झेर आत्माग्लानी र पश्चत्तापमा जल्नु जस्ता घटनाले तत्कालिन शासन, प्रवृत्तिमा आफूले अरुलाई गरेको अपराधको प्रतिफल र नसोची भोलिलाई नहेरी आजको लागि मात्र भोग गर्नुको परिणामको रूपले कथावस्तु दयनीय परिवेशमा प्रस्तुत भएको छ । यसरी परिवेशको रूपमा फिदिम बजार, काठमाण्डौं, उजिरहाङको काम गर्ने अफिस, घर, अफिसको क्वाटर, क्यासिनो, होटल र रेष्टुरेन्ट, बार, फिदिम बजारको होटल, जि.वि.स., गा.वि.स., गाउँमा बाबुको घर, उसको तत्कालिन घर, दार्जिलिङको ऊ पढेको क्याम्पस, पोखरा आदि जस्ता विभिन्न ठाउँको

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

विभिन्न परिवेशको चित्रण गर्दै उपन्यासको परिवेशको आधारमा महलदेखि सडकसम्म उपन्यास सफल रहेको छ ।

### ४.४.५- 'महलदेखि सडकसम्म' उपन्यासमा भाषाशैली

पञ्चायतीकाल र तत्कालिन अवस्था सभ्रान्त परिवारमा घटना घटाइएको उपन्यास भएतापनि भाषाशैली भने सामान्य बोलचालकै पाइन्छ । एकातर्फ पञ्चायत कालको सुब्बासावको परिवारमा घटाइएको घटना प्रस्तुत छ । यसैले पात्रले बोल्ने भाषा मङ्गोल जाती अन्तर्गत लिम्बूभाषी समुदायको भाषा कतिपय ठाउँमा प्रयोग गरिएको छ । अर्कोतर्फ भाषिक समझमा लेखकले कहीँ कतै असभ्य मानिने अश्लील शब्दको समेत थोरबहुत प्रयोग गरी उपन्यासलाई जिवन्त  बनाउने कोशिस गरेका छन् । यद्यपि पाठकलाई भने असहज र भाषिक सचेतता कम भएको उपन्यास हो कि भन्ने आभाष पाइन्छ । घटनाक्रम र कथानकसँग भाषाशैली मिल्दोजुल्दो भए_तापनि भाषिक सचेतनामा ध्यान दिए राम्रो देखिन्छ । उपन्यासमा झर्रा नेपाली शब्द, बाबु, बुढी, भुडी शब्दको प्रयोग भएको पाइन्छ । अफिस, क्यासिनो, जि.वि.स., गा.वि.स., एस.पी., रम, वियर, रेष्टुडेन्ट, होटल जस्ता अंग्रेजी शब्दको प्रयोगले उपन्यास विस्तारमा सहयोग पुऱ्याएको छ । तुम्बा, जाँड जस्ता स्थानीय शब्दको प्रयोगले उपन्यासमा आञ्चलिक भाषाको समेत प्रयोग भएको पाइन्छ । आफू भन्दा ठूलोलाई पनि तँ भन्ने लिम्बु सम्प्रदायको संस्कार र साँस्कृतिक निम्न आदरार्थी शब्दको प्रयोगले उपन्यासको भाषाशैली जातीयता तिर झुकेको आभास हुन्छ । जुन पृष्ठभूमिबाट कथा खडा गरिएको छ । त्यस पृष्ठभूमिमा त्यहींका पात्रले बोल्ने पात्रभाषाको प्रयोग भएकाले 'सडकदेखि महलसम्म' उपन्यासको भाषाशैली कृतिमताबाट मुक्त छ ।

बिहेमा ठूला राँगा, बोका ढाल्नु, जाँडको प्रयोग गर्नुले त्यहाँ जीवनशैली र समाजको संस्कार जातीय परम्परालाई उजागर गरेको छ । खुसुक्क, लुरुक्क, सुटुक्क जस्ता अनुकरणात्मक शब्दले उपन्यास विस्तारमा टेवा पुगेको छ । आफूभन्दा तल्लो जात भनेर उपन्यासमा प्रस्तुत गरेका पात्रहरूलाई दमाई कामी भनेर सिधै सम्बोधन गर्ने शैलीले पञ्चायती व्यवस्था र शोषकले गर्ने सामन्ती प्रवृत्तिको चित्रण गरेको छ ।

महलदेखि सडकसम्म उपन्यासमा उपन्यासकार समथिङले यथार्थवादी, तत्कालिन अवस्था र निम्न वर्गले सहनु परेको दर्द पीडा स्वाभाविक त कही व्यङ्ग्यात्मक रूपमा समेत प्रयोग गर्न सफल भएका छन् । उपन्यासको उजिरहाङ पात्रका माध्यमबाट समाजमा यस्ता

Formatted: Space After: 4 pt

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

सरकारी जागिर, श्रीमान् छोरा कर्मचारी प्रस्तुत रहेको कुराप्रति सङ्केत गर्दै सचेत रहन आग्रहका साथ कथावस्तु तयार भएको छ । उसका जीवनमा घटेका घटना पूर्वदीप्ति र संस्मरणात्मक रूपमा प्रस्तुत भएको छ । विभिन्न व्यक्तिसँगको कुराकानीले संवादात्मक शैलीले समेत स्थान पाएको छ । प्रासङ्गिक घटनामा संवादात्मक शैली अपनाएर सम्पूर्ण उपन्यासले तत्कालिन पञ्चायती व्यवस्था, राजनैतिक अवस्था, राज्य व्यवस्था, सामन्ती प्रवृति, विकृति, घुसखोरी, सौखिन, भोगवादी प्रवृति, विसङ्गति र नेपाली समाजको यथार्थ परिवेश, शोषण दमन र यसले निम्त्याएको विकराल रूप, वातावरणका माध्यमबाट व्यङ्ग्य प्रहार गरेको छ । यसरी विभिन्न स्थानीयस्तरको भाषाशैली तत्कालिन अवस्थाको घटनाक्रमले उपन्यासको भाषाशैली सफल भएको मान्न सकिन्छ ।

### ४.४.६ 'महलदेखि सडकसम्म' उपन्यासमा दृष्टिबिन्दु

सामान्यतया महलदेखि सडकसम्म उपन्यासमा उजिरहाङको कथावस्तु प्रस्तुत गरिएको छ । यसको कथायिता उपन्यासमा अप्रत्यक्ष रूपमा देखिन्छ मूल कथा र प्रासाङ्गिक कथाहरूको वर्णन कथायिताले गरेको हुनाले यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ४.४.७ -'महलदेखि सडकसम्म' उपन्यासको निष्कर्ष

प्रस्तुत उपन्यासले जहानियाँराणाशासन पञ्चायती व्यवस्था तत्कालिन राजनैतिक घटनाक्रम र सामाजिक अवस्था र निम्न वर्गले भोग्नु परेको दयनीय अवस्थाको घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्ने समथिङ उपन्यास क्षेत्रका यथार्थवादी निडर हस्ती हुन् । उनले नेपाली ग्रामीण समाज त्यहाँको व्यवस्था मान्छे भोग्नु परेको विवशस्ता थिचोमिचो गर्ने शासक, शोषित वर्गलाई उपन्यासमा पात्र बनाई यो दमनकारी प्रवृत्तिको तीव्र आलोचना गरेका छन् । गरिब र अन्यायमा परेकाको पक्षमा रहेर घुसखोरी, कर्मचारी तन्त्र, व्यवस्था अन्याय, अत्याचारको विरोध गरी सभ्य समाजको निर्माणका लागि आवहान गर्नु उनको मुख्य साहित्यिक उद्देश्य रहेको पाइन्छ । मान्छे पतन हुने मुख्य कारण शोषक प्रवृत्ति र घुसखोरी, भोगवादी प्रवृत्ति हो भन्दै यसको जिम्मेवार स्वयम् भएकाले आफ्नो स्वाभिमानको लागि आफू जुट्नु पर्ने कुरा उल्लेख गरेका छन् । तत्कालिन राज्य व्यवस्था र ऐस आरामको जिन्दगी सधैं एक नरहने यदि कसैलाई अन्याय गरे आफ्नो पनि त्यो दिन आउने अवस्था देखाएर पश्चातापमा र आत्मग्लानीमा जीवन जिउनु पर्ने घटना प्रस्तुत गरिएको छ । हिजो

Formatted: Line spacing: single

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

तिनै गरिबलाई कुटीकुटी काम लगाउने अन्ततः आफ्नो अवस्था समेत दयनीय भएर शरण लिनु परेको देखाएर मान्छे सबैको पालो आउने कसैले कसैलाई अन्याय गर्नु नहुने भोगवादी यौन प्रवृत्तिले र शासक व्यवहारले मान्छे पतन हुने निश्चित छ र यसमा आफू नै सचेत रहनु पर्ने धारणा राख्नु उनको र यो उपन्यासको मुख्य उद्देश्य हो ।

## ४.५ प्रवृत्तिका आधारमा रामप्रकाश समथिङका औपन्यासिक प्रवृत्तिहरूको अध्ययन

समथिङ नेपाली साहित्य क्षेत्रमा एकै पटक (२०७४) सालमा एकै दिन २२ उपन्यास विमोचन गराउन सफल भएका छन् । उनले विभिन्न खोजमूलक पुस्तक, कथा सङ्ग्रह, निबन्ध, मुक्तक सङ्ग्रह आदि समेत प्रकाशित गरी सकेका छन् । उनका ३ उपन्यासहरू सौतेनी आमा, धनबहादुर सर, महलदेखि सडकसम्मको कृतिपरक अध्ययन पश्चात् औपन्यासिक प्रवृत्तिको अध्ययन गर्नु आवश्यक छ । यहाँ प्रवृत्तिका आधारमा उनका औपन्यासिक प्रवृत्तिहरूको विश्लेषण गरिएको छ ।

### ४.५.१ समथिङका औपन्यासिक प्रवृत्तिहरू

Formatted: Line spacing: single

समथिङ २०७३ साल तिरबाट उपन्यासमा प्रवेश गरेका हुन् । अन्य साहित्यिक विधामा धेरै अगाडिदेखि कलम चलाएर पुस्तक प्रकाशन गरे पनि २०७४ मा मात्र उपन्यास प्रकाशित भएको पाइन्छ । सोही समयमा धनबहादुर सर, महलदेखि सडकसम्म उपन्यासका आधारमा उनका औपन्यासिक प्रवृत्तिहरू यहाँ अध्ययन गरिने छ ।

#### ४.५.१.१ सामाजिक यथार्थवादी

उनी समाजमा रहेको विकृति विसङ्गतिलाई यथार्थ रूपमा व्यक्त गर्ने उपन्यासकार हुन् । उनका सौतेनी आमा, धनबहादुर सर महलदेखि सडकसम्म उपन्यासले सामाजिक यथार्थलाई अँगालेका छन् । सौतेनी आमा उपन्यासमा आफ्नो आमा गुमाए पछि सौतेनी आमाबाट भोग्नु परेको चरम पीडा र्दुव्यवहार र मृत्युवरण सम्मको कारुणिक अवस्थाको प्रस्तुति पाइन्छ । उता धनबहादुर सर उपन्यासमा अभाव र सङ्घर्षले निम्त्याएको कारुणिक अवस्था पुरुष प्रधान समाजमा महिलाले भोग्नु पर्ने कारुणिक अवस्था अपहेलना र प्रगतिमा पुगेपछि सबैको हाइहाइको अवसरवादी समाज प्रस्तुत भएको छ । अर्कोतर्फ महलदेखि सडकसम्म उपन्यासमा नेपाली समाजमा हुने दमन, शोषण गरिबले लाचार भएर पिल्सिएर बाँच्नु पर्ने तितो यथार्थ भोगवादी प्रवृत्ति यौनजन्य हिंसा जस्ता प्रवृत्तिलाई उजागर गरेका

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

छन् । यी र यस्ता चरित्रले समाजमा नराम्रो खलबल ल्याउने र समाज नै सडाउने हुनाले यिनीहरूको चिरफार गरी सभ्य समाज निर्माणको लागि आवाज बुलन्द गर्नु उनको मुख्य उद्देश्य हो । यस्ता समाजमा हुने कुप्रथा चाकडीवाद, हिंसा राजनैतिक चलखेल आडम्बर, कर्मचारीतन्त्रको अन्त्य गरी सुन्दर समाजको परिकल्पना गरेर सामाजिक यथार्थमा उपन्यास लेखिनु उनको मुख्य प्रवृत्ति हो ।

### ४.५.१.२ मनोवैज्ञानिक यथार्थवाद

उपन्यास लेखन र उद्देश्य प्राप्तिको लागि विभिन्न पात्रको प्रयोग र तिनक मनमा उठेका तरङ्गहरूलाई प्रस्तुत गर्न विभिन्न मनोविज्ञानको प्रस्तुति पाइन्छ। कहीँ पात्रको मनमा उठेका भाव त कहीँ यौन मनोविज्ञानलाई विश्लेषण गर्दै अर्को कलम सशक्त रूपमा अगाडि बढेको पाइन्छ। सौतेनी आमा उपन्यासमा सन्तोषले सौतेनी आमाबाट भोग्नु परेका दर्दानाक अवस्था बाँच्नको लागि गरेको सङ्घर्ष, सहनशीलतालाई मनोवैज्ञानिक तरिकाले अध्ययन गरिएको छ । धनबहादुर सर उपन्यासमा धनबहादुरको बाबुआमाले गरेको सङ्घर्ष, उसले गरेको मेहनत, र ऊ धनबहादुर सर भइसके पछिको मानसम्मान र अवस्थाको मनोविज्ञानलाई तुलनात्मक रूपमा अध्ययन गरिएको छ। महलदेखि सडकसम्म उपन्यासमा उजिरहाङको सौखिन अवस्था भोगवादी प्रवृत्ति ३/३ ओटी श्रीमती यौनप्रवृत्ति र पैसा र सम्पत्ति हुन्जेल अमनचयन गरेर बस्नु, क्यासिनो र बारमा सबै सम्पत्ति सक्नु अन्त्यमा परिवार बुढी, जागिर, सम्पत्ति सबैबाट अलग भएर निराशस्रा र पश्चात्ताप आत्मग्लानीको जीवन जिउनुले यौन मनोविज्ञान मानसिक तनाबलाई मनोवैज्ञानिक तरिकाले प्रस्तुत गरेका छन् । यसरी समाजका यथार्थ घटना र सामाजिक अपराध र मानवीय प्रवृत्तिको उद्घाटन गर्नु समथिङको अर्को प्रवृत्ति हो ।

### ४.५.१.३ आलोचनात्मक यथार्थवाद

उपन्यासकार रामप्रकाश समथिङका उपन्यासमा प्रशस्त आलोचनाको प्रस्तुति भएको पाइन्छ । उनले समाज र देशमा कर्मचारी तन्त्रमा हुने गन्दे खेल, फोहोरी र सङ्कीर्ण समाज, अन्ध विश्वास, रुढिवादी कुसंस्कार, अन्ध परम्परा राजनैतिक घटनामा हुने फोहोरी खेलको खुलेर आलोचना गरिएको छ । सौतेनी आमा, धनवहादुर सर उपन्यास सुत्केरी विराम लाग्दा धामी लाउनु कालो कुखुरा र अण्डा मन्साउनु भोज बिहामा अनाआवश्यक खर्च, जाँडरक्सी चलाउनु, राँगा ढाल्नु जस्ता अन्धविश्वास र रवाफी प्रवृत्तिको तीव्र विरोध र

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

व्यङ्ग्य गरेका छन् भने महलदेखि सडकसम्म उपन्यासमा सामान्य हिसाबसम्म गर्न नजान्ने वलिहाङ नेता भएर गाउँ जिल्ला चलाएको भन्दै पैसा भए मान्छे योग्यताप्रति ध्यान नहुने भन्दै आलोचनात्मक प्रस्तुति दिएका छन् । यसरी सामान्ती वर्गका व्यक्तिले निम्न वर्गका व्यक्तिलाई गर्ने तुच्छ निच व्यवहारको समेत आलोचनात्मक रूपमा विरोध गरेको पाइन्छ । भिन्न विषयवस्तु र पात्रका माध्यमबाट समाजका विभिन्न घटनाहरुलाई आलोचनात्मक रूपमा प्रस्तुत गर्न  उपन्यास सफल भएकाले आलोचनात्मक यथार्थवादी उपन्यासकार उनको अर्को प्रवृत्ति मानिन्छ ।

### ४.५.१.४ विसङ्गतिवादी उपन्यासकार

उनका उपन्यासमा विभिन्न खालका विसङ्गतिको प्रस्तुति पाइन्छ । मानिसमा व्याप्त विभिषिका सन्त्रास अभाव पलायन लुच्छाचुडी, सहअस्तित्व आदिबाट जन्मेका विसङ्गतिलाई उनका उपन्यासहरूले प्रस्तुत गरेका छन् । सौतेनी आमा उपन्यासमा सन्तोषले भोग्नु परेको चरम पीडा, मृत्यु वरण सम्मको दर्दानक घटना यस्तो पीडा हुँदा पनि समाज र उसले चुप बस्नु पर्ने वाध्यात्मक अवस्थाको चित्रण गरिएको छ । धनबहादुर सर उपन्यासमा धनबहादुरको परिवारले भोगेको पीडा छोरा नजन्मदा ४ छोरी जन्माइ रहनु, समाजले लगाएको लान्छना सहनु पितृ–सतात्मक समाजले जेलेको घटनाले समाज संकीर्ण अवस्था प्रस्तुत भएको छ । महलदेखि सडकसम्म उपन्यासमा हिजोको पञ्चायती कालको रमझम हैकमवाद, सौखिन, भोगवादी प्रवृत्ति र आज त्यसले निम्त्याएको विकराल अवस्था र एक्लिएर इज्जत, मानसम्मान पैसा  सकेर शरण लिएर पश्चात्तापमा बाँच्नु परेको घटना प्रस्तुत गरेर विभिन्न विसङ्गत अवस्थाको चित्रण गर्नु समथिङको अर्को प्रवृत्तिगत विशेषता हो ।

### ४.५.१.५ आञ्चलिकता

स्थानीय परिवेश समेटेर लेखिएको उपन्यासलाई आञ्चलिक उपन्यास भनिन्छ । स्थानीय क्षेत्रको रहनसहन, भेषभूषा, बोलीचाली, स्थानीय परम्परा, संस्कार, जीविको पार्जन जस्ता कुराले आञ्चलिकताको प्रस्तुति गरेको छ । समथिङका सौतेनी आमा, धनबहादुर सर, आञ्चलिक उपन्यास हुन् । महलदेखि सडकसम्ममा पनि कहीँ कतै आञ्चलिकताको प्रभाव पाइन्छ । यी उपन्यासमा स्थानीय मङ्गोल जाति, सम्प्रदायको बोलीचाली प्रस्तुत गरिएको छ । सुधाइँ र शुभकार्यमा फेदाङ्वा, धामीको प्रयोग गरी संस्कार संस्कृतिको चित्रण गरिएको छ । उनीहरूको दिनचार्य शैक्षिक, आर्थिक क्रियाकलाप, संस्कृतिको चित्रण लवजको चित्रण

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

भएको पाइन्छ । समाजमा उपेक्षित वर्गमाथि सम्भ्रान्त वर्गको थिचोमिचो चित्रण गर्दै सामाजिक यथार्थलाई आञ्चलिकताका आधारमा आफ्ना उपन्यास मार्फत चित्रण गरी आञ्चलिकतालाई समेत आफ्नो प्रवृत्ति बनाउन सफल भएका छन् ।

### ४.५.१.६ वर्गीय पात्रको प्रयोग

यिनका उपन्यासमा निम्न र उच्च दुवै स्तरका पात्रको प्रयोग भएको पाइन्छ । सामान्य गरिब किसान, नोक्करचाकर, मजदुरी बनिबूतो गर्ने ज्यामी, एक्लो नारी भरिया सङ्घर्षशील व्यक्ति प्रमुख पात्रका रूपमा प्रस्तुत भएको पाइन्छ भने तिनै वर्गलाई थिचोमिचो गर्ने साहुँ महाजन, शोषक सामन्ती जस्ता आडम्बरी प्रवृत्तिका मान्छेको समेत पात्रका रूपमा प्रस्तुति पाइन्छ । सौतेनी आमाको सन्तोष धनबहादुर सर उपन्यासको धनबहादुर अन्त्यत निम्न वर्गीय पात्र हुन भने महलदेखि सडकसम्म उपन्यासको उजिरहाङ पहिला महलपति त पछि सडकपति भएको पात्र हो । यसरी नेपाली समाजका निम्न स्तरका पात्र टिपेर उपन्यासमा प्रयोग गर्दै आर्थिक जटिलताको चित्रण पाइन्छ भने दमनकारी शासन प्रवृत्तिले मान्छेलाई जटिल मोडमा पुऱ्याउने घटना समेत प्रस्तुति भएको पाइन्छ । यसरी समाजका अँध्यारा पक्षलाई देखाउन निम्न वर्गीय पात्र प्रस्तुत गरी समाजको वास्तविक यथार्थ देखाउन वर्गीय पात्रको प्रयोग गर्ने प्रवृत्ति उनमा देखिन्छ ।

### ४.५.१.७. प्रगतिशीलता

समाजमा रहेका अनेकौं विकृति र विसङ्गतिलाई देखाएर उपन्यास लेख्ने उपन्यासकार हुन् । विभिन्न सभ्राान्त कुलिन वर्गले निम्न वर्गमाथि गर्ने निच व्यवहार थिचोमिचो प्रस्तुत भएको पाइन्छ । सौतेनी आमा उपन्यासमा सन्तोषको परिवारलाई ठूलावडाले गरेको सामन्ती प्रवृत्ति सौतेनी आमाले सन्तोषलाई दिएको यातना धनबहादुर र सरमा गाउँलेले छोरा नजन्मदा लगाएको लाञ्छना, गरिबीको चपेटाले पिरोलेको अवस्था महलदेखि सडकसम्म उपन्यासले उजिरहाङले गरेको भ्रष्टचार उसको बाबु बलिहाङले गरिब जनता माथि गरेको अत्याचार दुरव्यहार, सामाजिक असन्तुलन, शोषण, अपमान, सामाजिक व्यवस्था अन्यायको प्रतिरोधमा समाजवादी सङ्केत देखिन्छ । यसबाट समाज सुधारको सङ्केत पाइन्छ ।

### ४.५.१.८. भय र त्रासको प्रस्तुति

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

समथिङका उपन्यासमा भय र त्रासको प्रस्तुति प्रसस्तै पाइन्छ । पात्रले भोगेको अभावजन्य छटपटी भय र त्रास सिर्जना गरेको छ । सौतेनी आमा उपन्यासमा सन्तोषले खान र बाँच्नका लागि कान्छी आमाबाट सधै गाली सुन्न पर्ने बाबुलाई सुनाउ भन्दा कान्छी आमाले बाबु नभएको बेला पिट्ने होकि भन्ने डर त्रासमा परेको छ । धनबहादुर सरमा धनेलाई सोचे जति चाहे जति पठाउन नसकिने हो की जिशिअको अगाडि उभिदा गाली र वेइजति सहनु पर्ने हो कि भन्ने थप र त्रासमा जीवन व्यतित गरेका अवस्था प्रस्तुत गर्नुले भय र त्रास सिर्जना भएको छ । उक्त महलदेखि सडकसम्म उपन्यासमा बलिहाङबाट तल्लो जात भनेर उपेक्षित जीवन जिउनु पर्ने अधिँया कुतको धान समयमा नपुऱ्याएर भोकभोकै मरिने हो कि भन्ने डर उजिरहाङको सर्वसो भएपछि आफन्तकोमा शरण पर्न जादा नमिठो सहनुपर्ने हो कि भनेर भयपूर्ण जीवन गुजार्नबाध्य भएका छन् । यसरी उनका उपन्यासमा भय र त्रासको प्रस्तुति भएकाले उनको अर्को प्रवृत्ति मान्न सकिन्छ ।

### ४.५.१.९ सरल भाषाशैलीको प्रयोग

Formatted: Line spacing: 1.5 lines

यिनको भाषा सरल छ । पारिवारिक वातावरणको प्रभावले गर्दा बढी स्थानीय भाषाको प्रयोग गरेको पाइन्छ । कतिपय ठाउँमा ठेट भाषाशैलीको प्रयोग गरिएकाले अलि अश्लिल शब्दको प्रयोग भए_तापनि भाषा दुर्बोध्य छैनन् । भाषालाई क्लिष्ट बनाउने प्रवृत्ति यिनमा पाइँदैन ।

यसरी लामो समयदेखि नेपाली साहित्यमा कृति लेख्दै आएका समथिङ समाजलाई नजिकबाट नियाल्दै त्यही वरिपरि रहेको स्थानीय समस्या र घटनालाई आफ्नो उपन्यासाको विषयवस्तु बनाउँदै समाजको विकृति विसङ्गतिवाद, सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवादी प्रवृत्ति देखिन्छ । उनका उपन्यासमा नारीवाद प्रकृतिवाद, आञ्चलिकता, राजनैतिकता, वर्गीय पात्रको प्रयोग र सरल भाषाशैली आदि प्रवृत्ति भेटिन्छ । समाजको अन्ध परम्परा, कुसंस्कार, भ्रष्टचार, सामान्ती प्रवृत्ति, यौन हिंसा भोगवादी प्रवृत्तिको अन्त्य गर्दै समाज सुधारको चाहना उनका उपन्यासमा पाइन्छ । यिनै प्रवृत्तिहरूको सन्दर्भमा यिनी नवयुगिन उत्कृष्ट उपन्यासकार हुन् ।

### ४.५.१.१० सारांश

यस परिच्छेदमा सौतेनी आमा, धनबहादुर सर, महलदेखि सडकसम्म उपन्यासको कृतिपरक अध्ययन गरिएको छ । यी ३ उपन्यास के कस्ता रहेका छन् ? कथानक, चरित्र,

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

परिवेश भाषाशैली आदि कसरी प्रस्तुत भएको छ साथै के-कस्ता उद्देश्य राखेर उपन्यास सिर्जना भएको छ ? भन्ने कुरा प्रस्तुत भएको छ । उनको औपन्यासिक प्रवृत्ति समेत प्रस्तुत गरिएको छ । यसरी उनका तीनै उपन्यासहरूमा थोरबहुत आलोचनात्मकता, मनोवैज्ञानिकता, यौनमनोविज्ञान विश्लेषणको प्रयोग, सामाजिक यथार्थवादको प्रस्तुति पाइन्छ । मुख्यतः उनी सामाजिक धरातलमा उभिएर उपन्यास सिर्जना गर्ने उपन्यासकार मानिन्छ । एकातर्फ उनले वर्गीय पात्रको प्रयोग सफल रूपमा प्रस्तुत गर्दै समाजको आर्थिक, सामाजिक, राजनैतिक र मानसिक विकृतिलाई द्वन्द्वात्मक रुपमा प्रस्तुत गरेका छन् भने अर्कोतर्फ उक्त आर्थिक प्रभावले समाजलाई नै पार्ने प्रभाव र असरलाई समेत सशक्त रूपमा प्रस्तुत गरेका छन् । समाजमा महिलाको स्थान, गरिब मजदुरको स्थान, राजनैतिक चलखेल त्यसबाट निम्तिएको अवस्था भोग्नु परेको कारुणिक अवस्था, बाध्यता, शोषण पीडालाई विभिन्न पात्र र विषयवस्तुका माध्यमबाट सरल भाषाशैली, ठेट स्थानीय भाषामा प्रस्तुत भएका छन् । गाउँले परिवेशलाई प्राथमिकता दिदै स्थानीय आञ्चिलक उपन्यास समेत बन्न सफल भएको र पञ्चायती राजनैतिक घटनाक्रमलाई समेत प्रस्तुत गरेका छन् । समस्या र चुनौतिका बाबजुद पनि जीवनको अन्त्यसम्म पनि सङ्घर्ष गर्न नछोडेको कथावस्तु प्रस्तुत गर्नुले लगनशील र परिश्रमीले एक दिन समाज परिवर्तन अवस्य हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ भने अर्कातर्फ आजको सौखिन समाज यौनजन्य क्रियाकलापमा लगनशील भएकोले पतनतर्फ संकेत गरेको छ । समाजका कुप्रथाप्रति घोर विरोध गर्दै विसङ्गत पक्षको चित्रण गर्नु उनको प्रवृत्ति भएकाले उनी समाजमा नै रहेर यिनै विषयवस्तुलाई उठान गर्दै उपन्यास मार्फत नै आफ्नो साहित्य यात्रालाई र आफूलाई अगाडि बढाउन तल्लीन रहेका छन् ।

अन्ततः यस परिच्छेद मार्फत के निष्कर्षमा पुगिन्छ भने समथिङले समाजमा भएका तिता, मिठा, जल्दाबल्दा घटनालाई निम्न वर्गीय, आञ्चलिक पात्रको प्रयोग गरी समाजको विसङ्गत पक्षलाई उद्घाटन उनका यी तीन उपन्यासमा पाइएकाले उनी सामाजिक उपन्यासकार हुन भन्ने कुरा दुई मत रहन्न ।

*



Formatted: Font: 20 pt, Complex Script Font: 20 pt

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

## पाँचौं परिच्छेद

# उपसंहार एवम् निष्कर्ष

रामप्रकाश समथिङका उपन्यासको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदमा संरचित छ । पहिलो पच्छिेदमा 'शोधपरिचय' प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा 'समथिङको साहित्यिक यात्रा तथा चरणगत प्रवृत्ति' तेस्रो परिच्छेदमा 'उपन्यासका सैद्धान्तिक पक्षको अध्ययन' चौथो परिच्छेदमा 'सौतेनी आमा, धनबहादुर सर र महलदेखि सडकसम्म' उपन्यासको कृतिपरक अध्ययन र उनको औपन्यासिक प्रवृत्ति तथा पाँचौ परिच्छेदमा 'उपसंहार एवम् निष्कर्ष' यी खण्डहरू प्रस्तुत गरिएको छ ।

२०२८ साल वैशाख २९ गते स्व. बुबा असलबहादुर र आमा जसमाया गुरुङको कोखबाट पाँचथरको नागिंनमा जन्मिएका रामप्रकाश समथिङको बाल्यकाल आर्थिक



Formatted: Font: 20 pt
Formatted: Font: 24 pt
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

अभावमा नै बितेको थियो । ८ वर्षमा मात्र बोली फुटेका उनको औपचारिक शिक्षा करिब १० वर्षको उमेरमा मात्र सुरु भएको पाइन्छ । समथिङले विभिन्न सङ्घर्ष र आर्थिक अभावका कारण स्नातकसम्म अध्ययन गरी अध्ययनलाई पूर्णविराम लगाएका छन् । बहुविधामा कलम चलाउने बहु प्रतिभाका धनी व्यक्ति समथिङको साहित्यिक र साहित्येत्तर व्यक्तित्त्व महत्त्वपूर्ण छ । समथिङले नेपाली साहित्य जगत्मा कथा, उपन्यास, खोजमूलक पुस्तक, मुक्तक, संस्मरण, कविता आदि विभिन्न क्षेत्रमा कलम चलाएका छन् । यी विविध विधा मध्ये उनको उपन्यास विधा निकै अगाडि देखिन्छ । एकै पटक २२ उपन्यास एकै दिन, २२ प्राध्यापकबाट विमोचन गराउन सफल समथिङ गिनिजबुकमा रेकर्ड राख्न प्रयासरत छन् । सामाजिक अभियन्ता र पत्रकारितामा समेत संलग्न समथिङले विभिन्न पत्रपत्रिका फुटकर सिर्जनाहरू प्रकाशित गरेको पाइन्छ । उनका हालसम्म ४८ कृति प्रकाशित गरेका छन् । २०४८ सालदेखि निरन्तर नेपाली साहित्य सिर्जनामा लागेका समथिङ ३२ साहित्यिक र १६ ओटा खोजमूलक गरी ४८ कृति प्रकाशित छन् । साहित्यिक व्यक्तित्वमा उपन्यास विधा र साहित्येत्तर व्यक्तित्वमा उनको सामाजिक व्यक्तित्व विशेष महत्त्वपूर्ण छ ।

साहित्य यात्राको प्रथम चरण कविता विधाबाट सुरु भए तापनि अन्य विभिन्न विधामा समेत उनले कलम चलाएका छन् । यो उनको अभ्यासिक चरण भए तापनि उनका रचनामा तत्कालिन समय र परिवेशको सामाजिक घटनालाई विषयवस्तु बनाएर सामाजिक, राजनैतिक विकृति, विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गर्न सफल देखिन्छन् । यस चरणमा पुस्तक भने प्रकाशन भएको पाइँदैन । द्वितीय चरणमा समथिङले आफ्नो साहित्य यात्रालाई निकै अगाडि बढाएको पाइन्छ । खोजमूलक तथा साहित्यिक अन्य कृति समेत प्रकाशन गरी आफ्नो साहित्य यात्रा दर्विलो बनाएका छन् । तेस्रो चरण भने उनको उर्वर समय मानिन्छ । यो काल समथिङको स्वर्णकाल हो । यस समयमा उनले ३२ कृति प्रकाशित गर्न सफल भएका छन् । २२ उपन्यास र १० अन्य कृति प्रकाशित गरेको पाइन्छ ।

आख्यान तत्त्व प्रवल भएको र जीवनका सत्य बिम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधालाई उपन्यास भनिन्छ । उपन्यासका सैद्धान्तिक पक्ष र विभिन्न विद्वान्ले दिएको परिभाषा उल्लेख गरिएको छ । उपन्यासको विकासक्रम विभिन्न आधारमा उपन्यासको वर्गीकरण र अन्य विधासँगको तुलना प्रस्तुत गरिएको छ । गद्यमा लेखिएको निर्मित पात्र, घटना परिवेश आदिको उपस्थिति भएको रचना उपन्यास

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

हो । उपन्यास तत्त्वका सम्बन्धमा विभिन्न विद्वान्को भिन्न धारणा भए तापनि उनीहरूको संरचनात्मक धारणाका आधारबाट हेर्दा उपन्यासको संरचक तत्त्वहरू कथानक, चरित्र, परिवशे, उद्देश्य, दृष्टिविन्दु र भाषाशैली हुन् । यिनै संरचक तत्त्वलाई उपन्यासकार रामप्रकाश समथिङका उपन्यासहरूको विश्लेषण गर्ने मुख्य आधार बनाइएको छ।

उन्यासकार रामप्रकाश समथिङ्को 'सौतेनी आमा' २०७४ वैशाखमा अरनीको अपसेट विराटनगर ताराशुदर्शन, प्रदर्शनले प्रकाशन गरेको प्रथम संस्करण हो । ६६ पृष्ठमा संरचित यस उपन्यासले नेपाली ग्रामीण समाजलाई परिवेश बनाएको छ। पाँचथर नजिकको गाउँलाई परिवेश बनाएको उक्त उपन्यासले नेपाली वर्गीय समाज भित्रका सौतेनीव्यवहारलाई प्रतिनिधित्व गरेको छ । समाजमा भएको हुने गरेको आफ्नो आमा गुमाए पछि सौतनी आमाबाट गरिले तिरस्कार र अमानवीय कुर व्यवहार र कुनै अन्याय अत्याचार आर्थिक भारले निम्त्याउने दुर्घटनालाई न्यायमूलक ढङ्गले प्रस्तुत गरेको छ अन्ध विश्वास, कुसंस्कार विकृति विसङ्गतिलाई तिखो व्याङग्य गर्दै आलोचना गरेको छ । समाजका यथार्थ घटनाले उपन्यास सफल बनेको छ।

२०६४ मा नै तारा शुदर्शन प्रदर्शन विराटनगरले प्रकाशन गम्रेको समथिङकको अर्को उपन्यास हो यो पनि ६६ पृष्ठमा नै संरचित छ । नेपालको सुदुर पूर्व पाँचथरको फिदिम नजिकको गाउँ धनवहादुर पढ्न गएको सदरमुकामको क्याम्पस सहरिया परिवेश समेत बनाएको छ । यस उपन्यासले गरिबीले निम्त्याएको दर्दानक अवस्था अशिक्षित र अन्धविश्वासका कारण समाजमा जरागाडीरहेका पितृसतात्मक सोच सन्तानका लागी ज्यान दिएर लागि पर्ने बाबु आमा, नेपालका जल्दोबल्दो विसङ्गत पक्षको अध्ययन यस उपन्यासले गरेको पाइन्छ । समाजमा भएका अन्याय, अत्याचार,दमन, शोषण मात्र नभई सफलताका लागि समाजले गरेको सहयोगलाई समेत सहज तरिकाले प्रस्तुत गरिएको छ। पुरुष प्रधान समाज र नारीले भोग्नु परेको अप्ठायारो र चुनौतिको व्याख्या विश्लेषण गरिएको छ । समाजका पुरातनवादी संस्कार र कुरीतिलाईआलोचनात्मक प्रस्तुतिकरणको रूपमा उपन्यासको कथावस्तु निर्माण भएको छ । नारीलाई नारीले गर्ने व्यवहार समाजले हेर्ने दृष्टिकोण महिलाको बाधक समाज नै रहेको कुरा प्रष्टयाइएको छ। अर्कोतर्फ धनबहादुरको मेहनत र जेहेन्दारलाई कदर गर्दै हेडसर मुखियाबा जि सि अ लगायतले सहयोग गरी अध्ययन पूरा गरिएको साथै समाजमा सवल र आत्मनिर्भर बन्ने वातावरण सिर्जना गरी

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

शिक्षित व्यक्तिको परिचय समेत प्रस्तुत गरी उपन्यास सुखान्त बनाएका छन् । यसरी मान्छे सफल हुन अनुशासित मेहनेती कर्तव्यनिष्ठ भए सफलतामा एक दिन पुगिन्छ भन्ने कुरा देखाउनु यस उपन्यासको मुख्य उदेश्य हो ।

२०६४ मा नै प्रकाशित उनको अर्को उपन्यास 'महलदेखि सडकसम्म' हो । अरु उपन्यास जस्तै ६६ पृष्ठमा नै संरचित छ । यस उपन्यासले एउटा सभ्रान्त वर्गको प्रतिनिधित्व गरेको छ । सौखिन भ्रष्टचार र भोगवादी प्रवृत्तिले मान्छेलाई कतिसम्म दर्दानक अवस्थामा पुऱ्याउँछ  भन्ने कुरा उपन्यासले प्रस्तुत गरेको छ पैसा र ऐस होइन्जेल मान्छेलाई कोही नचाहिने जसो गरे पनि सुहाउँने तर त्यही मस्तीले र भोगविलासले मान्छे पिल्सिएर सबै सकिए पछि मान्छे बाँच्न रात दिन सडक पेटीमा भारी बोकेर गुजारा गर्नु पर्ने कुरा व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । शोषण भ्रष्टचारी प्रवृत्तिले देशको अवस्था र राज्य व्यवस्था कता–तिर ढल्दै छ भन्ने कुरा आलोचनात्मक रूपमा प्रस्तुत भएकाले उपन्यास आलोचनात्मक यथार्थवादी बन्न पुगेको छ । पाँचथरको फिदिम बजार, काठमान्डौं, दार्जिलिङ, फिदिम नजजिकैको उजिरहाङको गाँउँ घरको सेरोफेरो–लाई परिवेश बनाएको छ । यौनमनोविज्ञान र विभिन्न मनोविज्ञानलाई विषयवस्तु बनाउँदै मान्छेले बेलामा बुद्धि नपुऱ्याए अभाव र आत्माग्लानीमा जीवन बिताउनु पर्ने कुरा देखाउँदै समयमै सचेत हुन पर्ने सन्देश दिएको छ । स्थानीय शब्द भाषाको पात्र अनुकूलको लवजले उपन्यास जिवन्त बन्न पुगेको छ ।

उपन्यासकार समथिङका सौतेनी आमा धनवहादुर सर, महलदेखि सडकसम्म औपन्यासिक कृतिहरूका आधारमा उनका सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी मनोवैज्ञानिक यथार्थवादी, विसङ्गतिवादी आञ्चिलिकता वर्गीय पात्रको प्रगतिशिलता भय र त्रासको प्रस्तुति, सरल भाषाशैली आदि जस्ता प्रवृत्तिहरू रहेको पाइन्छ उनका यी प्रवृत्तिहरू रहे तापनि मुख्यतः उनी सामाजिक यथार्थवादी आलोचनात्मक यथार्थवादीको वर्गीय पात्रको प्रयोग मुख्य प्रवृत्ति ठहर्छन् ।

यसप्रकार समाजका विभिन्न प्रकारका जातजाती भेषभुषा समाज संस्कृतिको अवस्था आदिबारे हेर्दा उनी समाजवादी लेखक मान्न सकिन्छ भने उनका मङ्गोल जातीका पात्र खडा गरेकाले जातीवादी लेखक यो हुन् कि आकलन समेत गर्न सकिन्छ । मान्छेको चाहना आवश्यकता अस्मिता पीडा, कुण्ठा,यौनैजन्य हिंसा राजनीतिक घटनाक्रम भ्रष्टचार,

Formatted: Space After: 4 pt

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

घुसखोरीलाई समेत प्रस्तुत गरेका छन् । विभिन्न कालखण्डमा विभिन्न कृति सिर्जना गरेतापनि आधुनिक नेपाली उपन्यास मार्फत नेपाली समाजका सांस्कृतिक आर्थिक राजनैतिक, यौनिक विसङ्गतिका माध्यमबाट समाज सुधारको चेतनालाई अभिव्यक्त गरेका छन् । समाजका यस्ता विषालु किराहरूलाई अन्त्य गर्दै निरोगी समाजको निर्माणमा लाग्नु पर्ने धारणा व्यक्त गरेको छन् । सामाजिक सेवा सँगसँगै साहित्य सेवामा तल्लिन समथिङले २६ वर्षको अन्तरालमा ४८ कृति प्रकाशित गरिसकेका छन् ।यस मध्ये २२ उपन्यास प्रकाशित छन् यसमध्ये ३ उपन्यासहरू सौतेनी आमा धनबहादुर सर महलदेखि सडकसम्म महत्त्वपूर्ण कृति हुन् । यसले समाज र देशका विभिन्न पक्ष र घटना क्रमलाई उद्घाटन गरेको छ । आवश्यकता भन्दा वेसिलालची बन्यो भने मान्छेले धेरै कुरा गुमाउनु पर्ने लक्ष्यमा पुग्न धेरै सङ्घर्ष गर्नु पर्ने तर निरन्तर लागे सफल भइने तर नचाँहिदा प्रवृत्तिले मान्छे पतन हुने कुरा उनका यी कृतिमा पाइन्छ ।मान्छे सफल हुन र असफल हुने वाधक मुख्य आर्थिक नै रहेको कुरा स्पष्ट पारिएको छ । मान्छे अवसरले स्वार्थी हुने र अफूलाई आपत् पर्दा आज त्यो सम्झेर लाचारी जीवन बिताउनु शिवाय अरु नहुने माथिका उपन्यासले प्रस्तुत गरेको छ । वर्गीय शोषण र आर्थिक क्रान्तितर्फ कृति केन्द्रित रहेको पाइन्छ ।

यसप्रकार समथिङको जन्म परिचयदेखि साहित्य यात्रा हुँदै –यहाँ–सम्म आइपुग्दा उनका उपन्यासमा वर्गीय पात्रको प्रयोग आञ्चलिक पात्रको प्रयोग समाजका विसङ्गति र राजनैतिक बेथिति भ्रष्टचारको उद्घाटन विशेष गरी नारी पात्रको मनोदशाको उद्घाटन स्थानीय स्तरको ठेट भाषाशैली विभिन्न कारणले समाजमा हुने अप्ठ्यारा भय त्रासमा बाँच्नु पर्ने आर्थिक अभावले निम्त्याउने विभिन्न भयानक अवस्था सभ्रान्त वर्गले निम्न वर्गलाई गर्ने थिचोमिचो दमन शोषण बाल विवाह यौन जन्य हिंसा भ्रष्टचार जस्ता यथार्थवादी धाराका प्रवृत्ति उनका उपन्यासमा प्रशस्तै प्रस्तुत भएको पाइन्छ । उपन्यासको विषयवस्तु सम्झि रहनु नपर्ने देखेको घटनालाई विषयवस्तु बनाएर कलम मार्फत देश र समाजको मुहार फेर्न समथिङ निरन्तर लागि परेका छन् उनका यी गहकिला उपन्यासको अध्ययन विश्लेषण गर्नु आवश्यक मात्र नभई रहेको महत्त्वपूर्ण समेत छ । यसरी विभिन्न विषयवस्तुलाई आधार बनाएर परिवर्तनको लागि आवाज बुलन्द गर्ने उपन्यासकार समथिङका उपन्यासको अध्ययन विश्लेषण गरी कृति भित्र रहेका विभिन्न कुरालाई हौसला प्रधान गर्दै सुधार गर्नु पर्ने कुराहरूलाई सुझाब समेत प्रस्तुत गर्दै लेखकलाई हौसला र पाठकलाई प्रेरणा प्रदान गराई सर्जकलाई सहयोग पुऱ्याउने छ । यसरी नेपाली साहित्यका हस्ति पूर्वका नक्षेत्र समथिङलाई

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

साहित्य सिर्जना गर्ने उत्प्रेरणा र हौसला मिलीरहोस् र उनका कृतिले स्थान पाउँदै जाऊन् र जाने छन् भन्ने आशा र विश्वास लिएको छु ।

*

## सम्भावित शोध शीर्षकहरू

रामप्रकाश समथिङका विभिन्न कृतिहरूका सन्दर्भमा अध्ययन गर्न चाहने शोधार्थीका लागि निम्न सम्भावित शोध शीर्षकहरू प्रस्तुत गरिन्छ ।

१. नारीवादी दृष्टिकोणबाट समथिङका उपन्यासहरूको अध्ययन

२. समथिङको कथाकारिताको अध्ययन

३. समथिङका खोजमूलक कृतिहरूको अध्ययन

४. समाजपरक दृष्टिकोणबाट समथिङका उपन्यासको अध्ययन

# सन्दर्भग्रन्थ सूची


अधिकारी, भिमप्रसाद (२०७०) साहित्यकार भानुभक्त सिटौलाको *'आत्मिक प्रेम' उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम ।

अधिकारी, रेणुकृष्ण (२०६६) *रामप्रकाश समथिङको जीवनी, व्यक्तित्व र कृतित्व, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम ।

एच के नेपाल डट कम (२०७४, बैशाख २९), एकै पटक २२ उपन्यास लेखेका गुरुङ सम्मानित ।

चौलागाई, नरेन्द्रप्रसाद (२०७१) *साहित्यकार रामप्रकाश समथिङको 'मान्छेको पीडा' कथासंग्रहको अध्ययन तथा विश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम ।

न्यौपाने, नेत्रप्रसाद, शर्मा नारायणप्रसाद (२०६१) *नेपाली कथा र उपन्यास,* काठमाण्डौं : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१) *नेपाली उपन्यास र उपन्यासकारहरू (ते.सं.)* लितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि, एटम नेत्र (२०६६) *उपन्यासको विश्लेषण* ललितपुर : साझा प्रकाशन ।

बस्नेत, कृष्णबहादुर (२०५९) *आधुनिक नेपाली उपन्यास,* काठमाडौं : दीक्षान्त पुस्तक भन्डार ।

लिम्बुवान समाचार पाँचथर (२०७२ चैत १३) लेखक तथा समाजसेवा गुरुङ रामप्रकाश समथिङ ।

समथिङ, रामप्रकाश (२०७४) *धनबहादुर सर, प्रथम संस्करण,* विराटनगर : गुरुङ तारा, सुदर्शन र प्रदर्शन ।

समथिङ, रामप्रकाश (२०७४) *सौतेनी आमा, प्रथम संस्करण,* विराटनगर : गुरुङ तारा, सुदर्शन र प्रदर्शन ।

सुवेदी, राजेन्द्र (२०६४) *नेपाली उपन्यास परम्परा र प्रवृत्ति दोस्रो संस्करण* ललितपुर : साझा प्रकाशन ।


Formatted: Font color: Auto

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt

संग्रौला, सम्भ्कना (२०७४) *रामप्रकाश समथिङ्को साहसी आमा, बेसहारा, जित्या उपन्यासको तत्त्वगत आधारमा अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम ।

Formatted: Font: 16 pt, Complex Script Font: 16 pt